The inscription covers a height of 0m, 47, a width measures of 0m, 34: the body of the characters about 0m. 009, and the space between the lines is 0m, 015. The writing has been subject to characteristic transformations and takes a clearly original aspect. The curve has taken everywhere the place of the angle or the straight line; the staff of the 'ca' of the 'ga' of the 'repha' swells up in the middle; the final syllable 'i' of aksara regularly reaches the line of the lower lever of the letters. The curve of 'ga' has considerably developed and it constitutes the and it constitutes the essential feature of the figure the 'ha' on the contrary has reduced and almost gone away with the curves of its base, but it has lengthened as far as the lower line the higher curves of its two stems. The 'la' has turned up and the axle of its curve has become parallel to the stem. The 'ha' has turned on its axle; it now shows to the right of the scribe, the opening of its concavity; furthermore its stem has suffered a marked inflection and its lower curve has turned up like that of the

'la'. The 'pa' now sketches a belly; the 'ma' has dug out its outline in concave lines; the 'da' instead of directly hooking the higher stem of its angle to the line on top, tacks it on now to a short perpendicular dropped from that very line.

From a point of view of the orthographical system, I remark that the silent is regularly doubled after 'r' according to the tradition of the Licchavis. The final consonant is still traced below the level of the line, but it is surmounted by a horizontal stroke that serves the purpose of virama.

The inscription consists of a chart of exemption granted by Civadeva to the inhabitants of Kurpasi; it is clearly the actual village of Khopasi where the stela is found and the name of which has scarcely altered after a lapse of thirteen centuries. The entry to the village is forbidden to the representatives of the central authority; the local cases are judged by the 'svatalasvamin' a personage of an enigmatic nature. The expression 'svatala' comes back several times in the epigraphy of Valabhi; "Valabhisvatala" in a chart of Ciladitya 1, year 286; "Vataprarasvatala Sannivista in a chart of the same king, year 290. Valabhisvatalasaonivista trisangamakasvatale pratisthita", in the charts of Dhruvasena, year, 310. The expression belongs to the administrative language and seems to clearly designate the communal territory But who is the "svamin", the proprietor of this communal land ? Is he a kind of local lord ? The clauses and restrictions are still more obscure: " In all cases there is only one gate for you and further, at the time of the two processions of the opening of the gate and of the Kailasakuta, you will have to give fifty mrttikas each evidently white in colour. I am led to believe that the village, to better assure its antonomy is authorized to enclose itself in a precinct opening with one gate (as one can still see in the scattered regions of Katthiwwar for instance). The mention of the two yatras is interesting to the religious history of Nepal. The inscription of Amcuvarman, year 30, at Harigaon seems well also to mention one (1.19) but text is doubtful. One of the yatras is that of the Kailasakuta, the residence of Amcuvarman which must become the palace of the new dynasty after the death of Civadeva. I also ignore what must be understood by 'fifty mrttikas'. The word mrttika means clay; the compounds pandumrttika dhavalamrttika mean chalk (P. ex. Ramayana II 71, 20; Ayodhya drcyate durat sarathe pandumrttika where the commentary glosses; suddhadhavalitatvat: the plastered houses appear to him to be of chalk). The number fifty would then be applied to a measure that is not specified or does it concern objects in white stone.

The document itself is designated in the name of cilapattaka "stone tablet"; it is the word that Jisnugupta makes use of a little later (Bhag. 13, 1, 14; inf. Thankot, 1, 13) in borrowing the very wording of Civadeva (Civ cirasthitaye casya prasadasya cilapattakena prasadah ketah Jisnu asya ca prasadasya cirasthitaye cilapattakaca senam idan dattem).

Civadeva plays a very secondary role here as in all his charts, he is named foremost with a very shortened panegyric,

he does not even bear the title of bappapadanudhyata that guarantees so to speak the legitimate possession of power a title is conferred on him in the inscription of the Golmadhi-tol (but that is equally omitted in the Tulacchi-tol). He acts on the report of the mahasamanta Amcuvarman, which is celebrated (drawn up) in pompous terms (key, sup II, 126 sq). Among the epithets that are discerned to him there is one that re-appears under various forms in all the inscriptions of Civadeva; svabhu jabalotkhatakhilavairivrggena, l.6–7; Tulacchi-tol and Golmadhi-tol, l.6; svaprakramopacamitamittrapaksa- (Bendall reads; amitavipaksa, contrarily to the very photograph that he reproduces) prabhavena; Bhag. 5, l.6–8; cauryyapratapathaa cakalacatrupaksa prabhavena; does it concern a simple exercise of literary variations or different translations made on a common original. Another epithet (boasts) praises Amcuvarman as an ardent worshipper of Civa under the covable of Bhava (l.5- bhagavad Bhavapadapankajapranamamisthanatatraryya); it tacks on so to speak a new element of the protocole introduced by Amcuvarman and perpetuated to our very days; bhagavat Pacupatibhattarakapadanugrhita. The conclusive formulary is with a few slight variations that which is always met within the inscriptions of Civadeva. The royal delegate, Decavar-man, belongs to the group of Varmans and bears the title of 'Gomin'; I have already studied this group and this title (II,128-131).

The chief interest of the inscription consists in its date; it frees in fact the ancient chronology of Nepal from an inaccurate combination based on an erroneous reading. Bhagvanlal had published an inscription of Civadeva I (No.5) unfortunately incomplete and undated. He had compared it is true this inscription with another (No.4) also mutialated but fairly well preserved in its lower portion and clearly dated samvat 535 cravana cukla diva dacamyam. Bhagvanlal had not neglected to observe that the characters of No 5 closely resembled (closely resemble) to those of No 4. The dutaka of the inscription No 4, in samvat 535 is the rajaputra Vikramasena. On the other hand an inscription of Amcuvarman samvat 34, has for dutaka the maha-yaka vikra - (No 6). Bhagvanlal did not hesitate by reason of the well defined length of the break to restitute in his translation the name of Vikra(masena). (Contd.)

नेपाल–निरूपण

(स्वस्ति नेपालेभ्यःको शुद्ध पाठ र सही अर्थ)

–ज्ञानमणि नेपाल

प्राचीन राजमुकाम–

आजसम्म प्रकाशित भएका लिच्छविकालका करीब दुइसय जति अभिलेखहरूमा ८७ जति त शासनव्यवस्था सम्बन्धी सनदपत्र मात्रै छन् । गत शताब्दीसम्म प्रकाशित भएका ती सनदपत्रमा तीनवटा राजमुकाम देखिएका थिए । अभिलेख राख्नेमा अघिसरा भएका राजा मानदेवका एक पनि सनदपत्र पाइएका छैनन् । उनका छोरा महीदेवले छोटो समय शासन गरेका भएतापनि उनले केही स्थिति-बन्देज बाँधेका थिए भन्ने सूचना पाइएको भए पनि शासनका अभिलेख चाहिं प्राप्त भएको छैन । यसैले अहिले मानदेवका नाति वसन्तदेव नै शासनपत्र राख्नेमा पहिला हुन आएका छन् र उनले प्रसारित गरेका त्यस्ता अभिलेख-मा मुकामचाहिं मानगृह छ । मानगृहको नाम देख्नाले मानदेवले आफू बस्न बनाएको दरबार यो रहेछ भन्ने बुझिन्छ । मानगृहमा बसेर वसन्तदेवले अभिलेख प्रसारित गरे, त्यसपछि भएका लिच्छवि राजाहरूले पनि यही दरबारमा विराजमान भएर अभिलेख प्रसारित गरे । हाल-सम्मको अनुसन्धानबाट प्रकाशित अभिलेखमा वसन्तदेवको थानकोटको वि०सं०५६३ को उनकी बहिनी जयसुन्दरी-लाई वित्तो जग्गा दिएको शासनपत्रमा सर्वप्रथम मानगृहको उल्लेख आउँछ । यसपछिका वसन्तदेवका पाटनको, जँसी देवलको, चौकीटारको अभिलेखमा पनि मुकाम मानगृह नै रहेको देखिन्छ । सीतापाइला किसिंपिढी र पासिल्यका अभिलेखमा मुकाम टुटेको छ । यसपछि राजा गणदेवका चौकीटार बलम्बू किसिंपिढी सतुङ्गलमा रहेका छवटा अभिलेखमा पनि मुकाम मानगृह नै छ । गणदेवको नुवाकोटको अभिलेखमा पनि मुकाम मानगृह छ । राजा गङ्गादेवको चपलीगाउँको वि०सं० ६२९ को शासनाभिलेख-मा पनि मुकाम मानगृह नै रहेको छ । विष्णुपादुका फेदीको शिवदेवको वि.सं. ६४७ को शासनाभिलेख पनि मानगृहको मुकामबाटै प्रसारित छ, यसमा सर्वदण्डनायक महाप्रतीहार भौमगुप्त छन् । यसपछि अंशुवर्माका सल्लाहले शिवदेव-द्वारा प्रसारित वि०सं. ६६२ आश्विनसम्मका एघार्हवटा शासनाभिलेखमा मानगृहको उल्लेख परेको स्पष्ट देखिन्छ। टुटेर मुकाम नदेखिने अरू पाँचवटा यिनका शासनाभिलेख पनि छन् । यसको अर्को साल मानदेवसंवत् २९ वि०सं० ६६३ जेष्ठदेखि अंशुवर्माका एकलौटी शासनाभिलेखमा चाहिं मुकाम कैलासकूटभवनको नाम उल्लिखित भएको छ । यो भवन अंशुवर्माले बनाएर आफ्नो राज्या-भिषेक त्यसैमा भएपछि उनले एकलौटी अभिलेख प्रसारित गर्न लागेका हुन् भन्ने कुरा यसबाट अवगत हुन आउँछ । मानदेवसंवत् २९ देखि ३९ सम्म दश वर्षभित्रका अंशुवर्माका शासनाभिलेखमा आठवटामा कैलासकूटभवनको मुकाम स्पष्ट देखिन्छ । नौवटामा

टुटेर गएकाले मुकामको नाम देखिदैन । ज्यावहालको शक सं. ५३५ (वि०सं० ५७१) को एक अभिलेखमा मुकाम के थियो शिरोभाग टुटेर गएको हुनाले भन्न सकिदैन । अंशुवर्मापछि सिंहासनारूढ भएका उदयदेवको चितलाङ्गको शासनाभिलेखमा पनि शिरोभाग टुटेको हुनाले उनले कुन दरबारमा मुकाम गरेका थिए भन्ने ठाउँ रहेन । उदयदेवपछिका लिच्छवि राजा ध्रुवदेव मानगृहमा र गोभिवंशी उपराज विष्णुगुप्त कैलासकूटभवनमा विराजमान देखिन्छन् । यसै गरी ध्रुवदेव-विष्णुगुप्त भीमार्जुनदेव–जिष्णुगुप्त भीमार्जुनदेव–विष्णुगुप्तहरूले प्रसारित मानदेव संवत् ४८ देखि ६५ सम्मका दशवटा अभिलेखमा लिच्छविराजाको मुकाम मानगृह र गुप्त उपराजको मुकाम कैलासकूटभवन छ । मालिगाउँको अभिलेखका विष्णुगुप्तको अभिलेखको शिरोभाग खण्डित भएकोले सबै बुझिदैन । पहिलो पङ्क्तिमा कैलासकूटको नाम उल्लिखित छ । बलम्बूको अभिलेखको चाहिं मुकाम खण्डित छ ।

मानदेव सं० ६७ (वि०सं. ७००) देखि लिच्छवि राजा नरेन्द्रदेव एकलौटी शासन गर्दै कैलासकूटभवनको मुकाममा विराजमान भएका देखिन्छन् । मा०सं० ६७ देखि ८३ सम्मका पाँच अभिलेख कैलासकूटभवनबाट प्रसारित भएका छन् । अनन्तलिङ्गेश्वरको अभिलेखमा चाहिं संवत् टुटेको छ । मुकाम कैलासकूटभवन छ । मा०सं० ८९–९० का ललितपुर र बलम्बूका २ अभिलेख पनि खण्डित हुँदा मुकाम बुझिदैन । मा०सं० ९५ को च्यासलटोलको मा० सं० १०३ को यागवहालको र सोही सालको पशुपति ब्रज्रधरको गरी नरेन्द्रदेवका ३ शिलालेखमा भद्राधिवासभवन मुकाम देखिन्छ । यसपछि द्वि. शिवदेव द्वि. जयदेवहरूका नेपालदूनका मुकाम बुझिने जति सबै शिलालेख कैलासकूटभवनबाटै प्रसारित भएका छन् । द्वि. शिवदेव द्वि. जयदेवका गोरखाका दुवै शासनाभिलेखमा पनि मुकाम कैलासकूटभवन नै छ । यतिसम्मका कुरामा नौलोपन केही छैन भने हुन्छ । किनभने पं. भगवानलाल इन्द्राजी र सिल्भाँ लेवीले नेपालका शिलालेख छपाएदेखि नै यी तीन भवनको नाम हामीले सुने-जानेका कुराभित्रै पर्दथे । यी भवन कहाँ थिए भन्ने कुरामा चाहिं हामीले विभिन्न दृष्टिकोणबाट विचार गर्दै आएका छौं ।

नेपालेभ्यःको अर्थमा शङ्का

अब हामी प्रकृतविषयतिर लागौं । केही वर्ष पहिले वि०सं० २०२६ मा हेमराज शाक्यद्वारा टिष्टुङ पालुङ भेकमा खोजी गरी लिच्छविकालका केही अभिलेख पनि अभिलेख प्रकाशमा प्रकाश भएका थिए । तिनमा वसन्तदेव शकसं. ४३४ (वि०सं० ५६९) को टिष्टुङको अभिलेखमा मुकाम के थियो पढिएको थिएन । चाखलाग्दो कुरा यही भेकमा पाएका यसभन्दा धेरै पछिका वि.सं.६६३ का एकै बेहोराका अंशुवर्माका दुइवटा शासनाभिलेखमा एउटामा मुकाम लेख्ने ठाउँमा नेपालकृत भन्ने पद पढिएको थियो भने अर्कोको (नेपाल) मात्र ।[1] यसको अर्को साल वि०सं० २०२७ माघको प्राचीन नेपालमा साफल्य अमात्यद्वारा मकवानपुरका केही पुरातात्त्विक उपलब्धि नामको लेखमा टिष्टुङ थचोकको पाठशालानेरको अंशुवर्माको एक अभिलेख र त्यसको छवि पनि प्रकाशित भएको छ । छविमा पाठ पढ्न सकिदैन । पढेको पाठमा मुकाममा 'स्वस्ति नेपालेभ्यः' पढेको छ र त्यसको अर्थ 'कल्याण होस् नेपालबाट' भन्ने गरेको छ[2] । यसपछि वि०सं० २०२९ मा हेमन्त राणा धनवज्र वज्राचार्यद्वारा उपर्युक्त टिष्टुङ भेकका तीनवटा अभिलेख विशेष पाठ पढी प्रकाशित गरिए । ती तीनवटा अभिलेखमा मुकाम लेख्ने ठाउँमा नै नेपालेभ्यः भन्ने पाठ पढियो[3] । त्यसपछि लिच्छविकालका अभिलेखमा २३–७३-७४ संख्याका रूपमा ती तीन अभिलेख अर्थ सहित पुनः प्रकाशित भएका छन् । त्यहाँ स्वस्ति नैपालेभ्यःको अर्थ नेपालीहरूलाई कल्याण होस् भन्ने पनि गरिएको छ ।

पहिले प्राप्त भएका मानगृह मानदेवले बनाएको कैलासकूटभवन अंशुवर्माले बनाएको भद्राधिवास भवन नरेन्द्रदेवले बनाएको दरबार भनी हामीले अर्थ

१. हेमराज शाक्य - **अभिलेख प्रकाश** सं. २०२६ ।
२. साकल्य अमात्य – **प्राचीन नेपाल** १४ संख्या ५० पृ. । वि. सं. २०२७ माघ ।
३. धनवज्र वज्राचार्य, हेमन्त राणा– टिष्टुङ चितलाङ भेकको ऐ. सामग्री, । सं. २०२९ ।
४. धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, ११०–३०९–३११ पृ.। सं. २०३०।

गर्दै आएका थियौं। यी दरबारमा विराजमान भएर ती राजाहरूले आफ्ना शासनपत्र प्रसारित गरेका थिए भन्ने पनि हामीले बुझेका थियौं। मध्यकालमा पश्चिमका खश मल्ल राजाहरूका ताँबापत्रमा पनि 'सेञ्जापुरे' भनी मुकाम सिजालाई औल्याइएको देखिन्छ। सेनराजाका स्याहा-मोहरमा पनि अन्त्यमा मुकामको उल्लेख गरिएको हुन्छ। शाह राजाका पालाका चिठीपत्रहरूमा पनि मुकाम अन्त्यमा दिइएको हुन्छ।

यसै अनुरूप मुकाम दिनुपर्नेमा यहाँ किन 'नैपालेभ्य': लेखियो। यसको अर्थ 'नेपालीहरूलाई कल्याण होस्' भन्ने गरिएको छ[5]। यसबाट यो मुकाम होइन सबै आफ्ना प्रजाको कल्याण होस् भन्ने कामना गरिएको हो भनी बुझाउन खोजियो। यो अर्थ देख्नेबित्तिकै मलाई यसमा शङ्का पैदा भयो। जिज्ञासा बढ्यो र यो अर्थ ठीक छ कि छैन भनेर म खोजतलास गर्न लागें। मध्यकालका ताडपत्र आधुनिककालका चिठीपत्र हेर्दा पनि यसमा मेरो शङ्का समाधान भएन, केही अघि पछिका र तात्कालिक भारतका अभिलेख हेर्दा पनि समुचित जवाफ मिलेन। भारतीय अभिलेखहरूमा पनि आदिमै मुकाम राखिएको पाइन्छ। पाठकहरूलाई स्पष्ट पार्न ती अभिलेखको उद्धरण दिनु-भन्दा पहिले यहाँ यस सम्बन्धमा हाम्रो सामु उपस्थित हुन आएको अर्को अर्थ पनि प्रसङ्गवश हेरिहालौं।

यसरी यी दुई थरी अर्थ प्रकाशित भएपछि धेरै वर्षसम्म पनि यसमा कुनै खमख भएन, कुनै विप्रतिपत्ति उठेन। बरु गत साल प्रकाशित भएको डिल्लीरमण रेग्मीको 'इन्स्क्रिप्सन्स् अफ् एन्सेन्ट नेपाल' मा पछिल्लो अर्थ-लाई सकारिएको छ, फरक अलिकति के छ भने एक ठाउँमा नेपालीलाई कल्याण होस् भनिएको छ भने अर्को ठाउँमा 'नेपालको कल्याण चाहन्छु'[6] भनिएको छ। लिच्छवि कालका अभिलेख छापिएको ८ वर्षपछि आएर यस अर्थमा अलिकति संकुचितता भर्ने कमलप्रकाश मल्लले कलम चलाएको चाहिं पाइयो। मल्लले प्राचीन नेपालको पाठ र अर्थतिर चाहिं ध्यान दिएको देखिएन, लिच्छवि कालको अभिलेखमा छापिएको पाठ सकारी अर्थ थोरै बङ्गयाएको छ, 'नैपालेभ्यः' भनेको समस्त नेपालीवासीलाई कल्याण होस् भनेको होइन, केवल टिष्टुङ पालुङमा बसेका नेवारका पूर्वज "गोपाल" हरूलाई मात्र कल्याण होस् भानिएको हो भन्ने अर्थ गरेको छ[7]। यसमा कमलप्रकाश मल्लले आफ्नो सिद्धान्तमिल्दो अर्थात् नेपालखाल्डो मात्र नेपाल हो भन्ने अर्थ तानेर ल्याउने प्रयत्न गरेको मात्र हो, यसमा अरू कुनै नयाँ अर्थ प्रकट गरेको होइन। बज्राचार्यका अनुसार पनि यो पद चतुर्थीको बहुवचन हुन्छ, कमल-प्रकाश मल्लको पनि सोही कुरामा सहमति भयो। केवल अर्थमा संकुचिततासम्म ल्याउने प्रयास मल्लबाट भएको देखियो। यो ऐतिहासिक तथ्य खोज्ने प्रयास भएको भन्न मिल्दैन। अर्थ गर्दा अव्याप्ति दोष पर्ने कुरा मैले पहिल्यै आफ्नो नेपालनिरूक्तमा[8] औंल्याइसकेको हुँदा पनि फेरि यसमा धेरै तर्क गरिरहनु आवश्यक देखिएन।

रेग्मीले भने दुवैको मन राख्ने हेतुले हो वा दोधारे अर्थ गरेर दुवै मतलाई तान्न सकिने पाराले अर्थ्याएको जस्तो छ। तापनि विभक्ति वचनमा भने तीनै जनाको एकै बोली भयो। तर यो पद चतुर्थी विभक्तिको बहुवचन हो र यसको अर्थ नेपालीलाई कल्याण होस् भन्ने गर्नलाई पनि यसका अर्को उदाहरण आजसम्म प्राप्त लिच्छवि अभिलेखमा मिलेन। मुकाम बुझिने पचपन्न छपन्न वटा लिच्छविकालका शासनाभिलेख हेर्दा जति मुकाम देखिए, ती सबै मुकाम ती राजाहरूले बस्ने भवन नै थिए, मानगृहात् कैलाकूटभवनात्भद्राधिवास भवनात् भनी पञ्चमी विभक्तिको एक वचनको प्रयोग छ। यी सबैमा अपादान अर्थ हुने, ४ यी तीनवटा टिष्टुङतिरका

५. उही ३१०–११ पृ
६. विश् वेल्फर् टु नेपाल (नेपालको कल्याण चाहन्छु) डिल्लीरमण रेग्मी– इन्क्रिप्सन्स् एन्सेन्ट नेपाल, भा.२, १३पृ. वेल् नेपलीज् (पिपुल् अफ् नेपाल)– नेपाली जनताको कल्याण होस्। उही २ भाग, ४४ पृ.
७. लिङ्गिष्टिक् आर्कियोलोजी अफ् द नेपाल म्यालीए प्रिलिमिनरी रिपोर्ट, 'कैलास' ८ भाग, १–२ सं १९८१.ई, १९ पृ.
८. नेपालनिरूक्त ३३ पृ.

अभिलेखमा मात्र किन सम्प्रदान अर्थ बुझाउन खोजियो। अन्त सबैतिर अधिष्ठानको नाम हुने यहाँमात्र किन व्यक्ति विशेषलाई औंल्याइयो। अन्त सबै ठाउँमा एक विभक्तिको प्रयोग हुँदा हुने, यिनमा बहुवचनको प्रयोग किन ? इत्यादि शङ्का मेरा सामु उभिन आए। फेरि यो अर्थ सकार्दा अर्को मुख्य प्रश्न हाम्रो सामु खडा हुन आएको छ। सम्पूर्ण अभिलेखहरूमा ॐ स्वस्ति, वा स्वस्ति आफैमा मात्र सीमित छ, कतै पनि वाक्यान्तरसंग सम्बन्ध राख्तैन भने यहाँ तीनवटा अभिलेखमा मात्रै किन तल्ला वाक्यसंग अन्वय हुन गएको ? इत्यादि प्रश्नले धेरै कालदेखि मेरो मनमथिङ्गललाई रन्थन्याइरहेको थियो। यस्तै यो शब्दले स्थानीय गोठालाहरूलाई लक्ष्य गरेको हो भन्ने कमलप्रकाश-मल्लको अर्थले त झन् शतांश पनि मेल खाएजस्तो लागेन। त्यस्तै भैंसी गोठ पालेर बसेका त्यहीनेरका तौखेलवासीलाई भैंसी गोठ राख्न जग्गा दिई गरिदिएको शासनपत्रमा यो पद छैन, मुकाम कैलासकूटभवन नै छ। अरू यस्तै गुप्त (गोपाल) हरूको बसोबास बढी भएका थानकोट बलम्बू किसिपिढी चौकीटार आदि स्थानमा रहेका अभिलेखमा पनि यो पद नभएबाट पनि यो अर्थ गराइ उपपत्तिपूर्ण छैन। सबै नेपालीलाई स्वस्ति (कल्याण) कामना गरिएको हो कि ? भन्न पनि उपर्युल्लिखित शङ्काहरूका समाधान नहुने हुँदा विचारणीय हुन आएको छ।

प्राचीन भारतका राजमुकाम–

यस सम्बन्धमा विचार गर्न केही अघिपछि वा त्यसैताका राखिएका छिमेकी भारतका विभिन्न राजाका यस्तै शासनपत्र पनि हेर्नु पाठकका लागि रुचिकर हुने ठानी अब ती केही अभिलेख पल्टाउनतिर लागेको छु–

स्वस्ति महानौहस्त्यश्वजयस्कन्धावारानन्दपुर वासकात् सर्व्वराजोच्छेत्तु:[9]

स्वस्ति महानौहस्त्यश्वजयस्कन्धावाराआ (द) योध्यावासकात् सर्व्वराजोच्छेत्तु:[10]

सिद्धं काकेनादवोटश्रीमहाविहारे[11]

स्वस्ति महानौहस्त्यश्वजयस्कन्धारात् क्रीपुरात् महादेवपादानुध्यातो महाराजश्रीवैन्यगुप्त: कुशली[12]

स्वस्ति पञ्चनगर्या भट्टारकपादानुध्यात: कुमारा मात्यकुलवृद्धि[13]

स्वस्ति पुण्डवर्द्धनादायुक्तका आर्यनगर श्रेष्ठिपुरोगा श्चाधिकरणम्[14]

स्वस्त्युच्चकल्पात् महाराजौघदेव:[15]

स्वस्ति वलभीत: परमभट्टारकपादानुध्यातो महाराजद्रोणसिंह: कुशली[16]

सिद्धं वत्सगुल्माद् धर्ममहाराजस्य[17]

सिद्धं जितं भगवता स्वस्ति नांदिवर्द्धनादासीद्

---

९. समुन्द्रगुप्तको नालन्दाको (कृत्रिम) ताम्रपत्रबाट – दिनेशचन्द्र सरकार– सेलेक्ट इन्स्क्रिप्सन्स् १९४२ ई., २६३ पृ.

१०. गयाको ताम्रपत्रबाट, उही २६५ पृ.

११. द्वि. चन्द्रगुप्तको राँचीको ताम्रपत्रबाट, उही २७३ पृ.

१२. वैन्यगुप्तको गुनैगर टिप्परा बंगालको वि. सं. ५६४ को ताम्रपत्रबाट, उही ३३१ पृ.

१३. बैग्राम बोग्राको वि. सं. ५०४ को ताम्रपत्रबाट, उही ३४२ पृ.

१४. पाहारपुर राजशाहीको सं. ५३६ को ताम्रपत्रबाट, उही ३४६ पृ.

१५. सर्वनाथको सं. ५७० को गोह ताम्रपत्रबाट, उही ३७० पृ.

१६. कठियवाडको वि. सं. ५५९ को ताम्रपत्रबाट, उही ४०३ पृ.

१७. विन्ध्याशक्तिको वासमको ताम्रपत्रबाट, उही ४०७ पृ.

गुप्तादिराजो महराजश्रीघटोत्कच:[18]
जितं भगवता, रामगिरिस्वामिनः पादमूलाद्
गुप्तानामादिराजमहाराजश्रीघटोत्कच:[19]
स्वस्ति प्रवरपुरादग्निष्टोम[20]
सिद्धं काञ्चीपुराद् युवमहाराज[21]
स्वस्ति अमरपुरप्रतिस्पर्द्धिश्रीमद्दत्तपुराद् भगवत[22]

नेपालेभ्य:को अर्थ–

उपर्युक्त भारतभरीका केही अभिलेख हेर्दा नेपालमा जस्तै मुकाम आदिमै लेखिएको र ती सबै मुकाम स्थानविशेष पर्ने गएका पनि पाइए। त्यहाँ दरबारको नाम देखिएन । शहर गाउँ विजयशिविर किल्ला आदि स्थान देखिए । विजयस्कन्धवार आनन्दपुर अयोध्या काकोन क्रीपुर पञ्चनगरी पुण्ड्रवर्द्धन उच्चकल्प वलभी वत्सगुल्म नान्दिवर्द्धन प्रवरपुर काञ्चीपुर दत्तपुर आदि यस्ता स्थान विशेष नै तिनका मुकाम देख्नमा आए । मुख्य कुरा सबै मुकाममा पञ्चम्यन्तको प्रथमवचनकै प्रयोग पनि देखियो औ स्वस्ति सिद्ध आदि मङ्गलसूचक पदको प्रयोग पनि भएको पाइयो, तर तिनको तल्ला वाक्यसंग कतै अन्वय भने भएको चाहिं पाइएन, कतै कतै इष्टदेवतालाई नमस्कार गरेको भने भेटियो। नेपालमा पनि यङ्गालको अभिलेखमा जलशायी विष्णुको वूढानीलकण्ठको अभिलेखमा हरिहरको थानकोटको अभिलेखमा विष्णुको स्तुति परेकै छ। कार्यारम्भमा शास्त्रारम्भमा कुनै लेखापढीमा पहिले इष्टदेवताको स्मरण गर्ने चलन पुरानो हो र श्रीगणेशाय नमः श्रीसरस्वत्यै नमः भनेर लेख्ने चलन अद्यावधि चलेकै छ, शाहकालका सम्पूर्ण जस्तै अभिलेखमा दुर्गादेवीको स्मरण गर्दै शिरमा 'श्रीदुर्गासहाय' लेखिएको प्रत्यक्ष पाइँदैछ। सेनका स्याहामोहरमा जनकपुरका रामजानकी बाराहक्षेत्रका वाराहजी आदिको उल्लेख आदिमा गरिएको देखिन्छ। त्यस्तै भारतका यी प्राचीन अभिलेखमा कतै विष्णु कतै महादेव नमस्य भए पनि ॐ स्वस्ति सिद्ध को अन्वय कसैसंग गरिएको चाहिं छैन। ॐ स्वस्ति सिद्ध आफू स्वयंमै सिद्ध छन्। यसकारण टिष्टुङ भटुवालाका यी तीन शिलालेखका ॐ स्वस्तिलाई परवाक्यसंग अन्वय गर्दा अनर्थ पर्ने आउने स्पष्ट हुन्छ।

यी उपर्युक्त उदाहरणबाट हामीले नेपालेभ्य:को अर्थ अन्य उपायबाट गर्नुपर्ने हुन्छ। त्यसो गर्दा यसलाई देशवासीका नाम नमानेर देशको नाम मान्नुपर्दछ। देशको नामबाट अपादानकारकको बहुवचनको प्रयोग यसलाई मान्दा नै अर्थ पनि मिल्न आउँछ। अर्थसङ्गति पनि हुन्छ। उपत्तियुक्त पनि हुन्छ। नेपालमा पाइएका अभिलेखमा मानगृहबाट कैलासकूटभवनबाट भद्राधिवासभवनबाट भने जस्तै भारतका अभिलेखमा विजयशिविरबाट आनन्दपुरबाट अयोध्याबाट वत्सगुल्मबाट पञ्चनगरीबाट पुण्ड्रवर्द्धनबाट काकोनबाट क्रीपुरबाट वलभीबाट प्रवपुरबाट भने जस्तै ती तीन अभिलेखमा उल्लिखित नेपालेभ्य:को अर्थ नेपाल देशबाट यी अभिलेख प्रसारित भएका हुन् भन्ने अर्थ गर्दा राम्रो अर्थ सङ्गति हुन आउने देखिन्छ। अन्यत्र जस्तै अर्थ गर्दा अन्वय गर्नुपर्ने स्वस्तिसंग सम्बन्ध गाँस्नु पनि आवश्यक पर्दैन।

देश र तद्देशवासी बुझाउने बहुवचनान्त प्रातिपदिक–

यसरी नेपालेभ्य:को अर्थ नेपालदेशबाट भनी गर्दा अर्थसङ्गति हुने अरू सम्पूर्ण नेपाल भारतका अभिलेखको व्यहोरासंग सामञ्जस्य पनि हुने हुँदा मैले यस शब्दलाई सम्प्रदानकारकको बहुवचनमा प्रयोग भएको नमानी अपादान कारकको बहुवचनमा प्रयोग भएको ठहराएको छु। यसो गर्दा यसमा एक शङ्का उपस्थित हुन आउँछ। सो के भने हामीले माथि हेरेका नेपाल भारतका शासनाभिलेखमा

१८. प्रभावतीगुप्ताको पूनाको ताम्रपत्रबाट, उही ४१२ पृ.
१९. द्वि. प्रवर सेनका पालाको प्रभावती गुप्ताको ऋद्धपुरको ताम्रपत्रबाट, उही
२०. द्वि. प्रवरसेनको चम्पकको ताम्रपत्रबाट उही,
२१. शिवस्कन्द वर्माको ताम्रपत्रबाट, उही ४३३ पृ.
२२. इन्द्र वर्माको सं. ५९२ को ताम्रपत्रबाट

मुकामका लागि प्रयुक्त स्थानविशेषलाई बुझाउने सबै शब्दमा अपादान कारकको एकवचन छ भने यसमा मात्रै बहुबचन किन ? यो प्रश्नलाई पनि समाधान नगरी मेरो अर्थ विद्वद्ग्राह्य नहुने हुँदा अब म त्यसतर्फ पाठकको ध्यान आकृष्ट गर्न चाहन्छु ।

पाणिनिको व्याकरण-अनुसार कतिपय प्रातिपदिक एकवचनमा कतिपय द्विवचनमा औ कतिपय बहुवचनमा प्रयोग हुने पाइन्छन् । बहुबचनमा प्रयोग हुने यस्ता कतिपय प्रातिपदिकबाट विशेष प्रत्यय पनि हुन्छन् । त्यसैलाई लक्ष्य गरेर 'अवृद्धादपि बहुवचन-विषयात्' (४।२।१२५ पा. सू.) जनपदवत् सर्व जनपदेन समानशब्दानां बहुवचने (४।३। १०७ पा. सू.) इत्यादि सूत्र पाइन्छन् । यस्ता बहुवचनवाची प्रातिपदिकमा जनपदलाई बुझाउने अङ्गवङ्ग कलिङ्ग आदि शब्द परेका देखिन्छन् ।[23] जनपदलाई पनि बुझाउने विशेष गरेर तद् देशवासी गणजातिलाई बुझाउने प्रातिपदिकहरू बहुवचनान्त देखिन्छन् ।

जनपद भन्नाले गाउँको समूह बुझिन्छ । सार्वभौम-सत्तासम्पन्न एक राज्यले भोगचलन गरिएको देशलाई जनपदले बुझाउने हुँदा त्यस्ता जनपदभित्र धेरै गाउँ शहर पर्नु स्वाभाविक हुन्छ । आजभोलि 'नागरिक' भन्नाले राज्यको मौलिक हक प्राप्त भएका सबै प्रजावर्गलाई सम्झनुपर्ने हुन्छ । यो शब्द अंग्रेजी 'सिटीजन' को रूपान्तर हो । परन्तु संस्कृतभाषा-अनुसार नागरिक रूप र यसको सही अर्थ राज्यका बासिन्दा भन्ने हुँदैन ।[24] राज्यका प्रजावर्गलाई भन्दा उहिले 'जानपद' भनिन्थ्यो ।[25]

त्यस्ता बहुवचनमा प्रयोग हुने जनपद र जनपद-बासीलाई बुझाउने शब्द र तिनबाट हुने प्रत्ययसम्बन्धमा पाणिनिले दिएका उदाहरण हामीले देखेका छौं -

आदिवृद्धि भएका वा नभएका वा बहुवचन विषयक जनपदवाची तदवधिवाची प्रातिपदिकबाट शैषिक अर्थमा वुञ् प्रत्यय हुने र त्यसको उदाहरण अङ्गाः वङ्गाः कलिङ्गाः बाट बुञ् भएर आङ्गक वाङ्गक कालिङ्गकः रूप भएका देखियो, आदिवृद्धि भएका जनपदवाची प्रातिपदिक दार्वाः जाम्ब्वाःबाट दार्वकः जाम्बकः भए । कालञ्जराः वैकुलिशाः बाट कालञ्जरक वैकुलिशकः रूप आदि बने । यी जनपदवाची शब्द बहुवचनान्त हुन् भन्ने पनि बुझियो । अर्को उदाहरण हेरौं-

पूर्वपद रहेको निमित्तदेखि पर रहेको पानशब्दको नको ण हुन्छ देश भन्ने अर्थ बुझिदामा । क्षीरं पानं येषां ते क्षीरपाणाः उशीनराः । दूध पिउन बानी परेका उशीनरहरू । यहाँ उशीनरदेश पनि बुझियो, देशवासी पनि

२३. अवृद्धादपि बहुबचनविषयात् ४।२।१२५ जनपदतदवध्योरित्येव । अवृद्धाच्च जनपदतदवधिवाचिनश्च बहुवचनविषयात् प्रातिपदिकाद् वुञ् प्रत्ययो भवति शैषिकः । अण्छयोरपवादः । अवृद्धाज्जनपदात्-अङ्गाः वङ्गाः कलिङ्गाः, आङ्गकः, वाङ्गकः कालिङ्गकः । अवृद्धाज्जनपदावधेः– अजमीढा अजक्रन्दाः– आजमीढकः, आजक्रन्दकः, वृद्धाज्जनपदात्– दार्वाः, जाम्ब्वाः, दार्वकः, जाम्ब्वकः । वृद्धाज्जनपदावधेः कालञ्जराः, वैकुलिशकाः, कालञ्जरकः वैकुलिशकः । (काशिका)

"वृद्धसंज्ञा भएका नभएका जनपदवाची र तदवधिवाची बहुवचन हुने प्रातिपदिकदेखि वुञ् प्रत्यय हुन्छ शैषिक अर्थ अण् र छ प्रत्ययलाई बाँधेर । अवृद्ध जनपदवाची – अङ्ग वङ्ग कलिङ्गबाट आङ्गक वाङ्गक कालिङ्गक रूप भए । अवृद्धजनपदावधिवाची अजमीढ अजक्रन्दबाट आजमीढक आजक्रन्दक भए, वृद्ध जनपदवाची दार्व, जाम्ब्वाबाट दार्वक जाम्ब्वक रूप भए । वृद्ध जनपदावधिवाची कालञ्जर वैकुलिशबाटः, कालञ्जरक वैकुलिशक भए" ।

२४. नगरात् कुत्सनप्रावीण्ययोः ४। २। १२८ पा. सू.। नगरशब्दबाट निन्दा अर्थमा र सिपालुपन भन्ने अर्थ बुझिदा वुञ् प्रत्यय हुन्छ र नागरक रूप बन्छ । नागरकको अर्थ चोर वा कालीगढ भन्ने हुन्छ । अरू साधारण अर्थमा नागरक रूप बन्छ ।

२५. 'जानपद' का लागि द्रष्टव्य–कौटलीय अर्थशास्त्र १ अधि ९ अध्याय ५ प्रकरण

बुझियो। सौवीरपाणाः, बाल्हीकाः कषायपाणाः गन्धाराः 'आसव पिउन बानी भएका बाल्हीकहरू', 'काँढा पिउन बानी परेका गान्धारहरू'[26]। यहाँ पनि देश र देशबासीलाई भन्दा बहुवचनान्त प्रयोग भएको छ।

पाणिनिले आफ्ना सूत्र बनाउँदा पनि यस्ता जनपदलाई कहने शब्दलाई बहुवचनमै प्रायः प्रयोग गरेका छन्, जस्तैः—

संज्ञायां कन्थोशीनरेषु २।४।२०. पा०
विभोषोशीनरेषु ४।२।११८ पा०
भद्रेभ्योऽञ् ४।२।१०८ पा०
दिशोऽ मद्राणाम् ७।३।१३ आदि
शाल्वा नाम जनपदो राजानश्च[27]
चेदयो जनपदः बाल्लीकेषु भवः वाल्लीकः[28]
कश्मीरेषु भवः काश्मीरः कुङ्कमः।[29] सिन्धुः
समुद्रो नदी वा सिन्धवो जनपदः।
दरदो जनपदो दारदः उरसा जनपदा
औरसः।[30] गब्दिका जनपदः गाब्दिकः।[31]
सर्वसेना जनपदः सार्वसेन्यः, शटाः जनपदः
शाट्यः। शकाः जनपदः शाक्यः सुगतः।
सर्वकेशा जनपदः सार्वकेश्यः।[32]

गणरत्नमहोदधिका यी उदाहरणबाट शाल्व चेदि बाल्हीक कश्मीर सिन्धु दरद उरस गब्दिक सर्वसेन शट शक सर्वकेश आनि जनपदवाची शब्दहरू बहुवचनमा प्रयोग भएका पाइए। यसैभित्र परेका छगल तक्षशिला किष्किन्धा कच्छ आदि ग्रामवाची स्थानवाची प्रातिपदिकहरू एकवचनमा प्रयुक्त छन्। यसै प्रसङ्गमा यहाँ एउटा चल्तीको व्याकरणको उदाहरण पनि हेरिहालौं—

परोक्षभूतकालमा लिट् लकार हुन्छ। यो सूत्रकै प्रसङ्गमा अत्यन्त ढाँट्ता पनि लिट् लकार हुन्छ भन्ने वार्तिकको उदाहरणमा- तिमी कलिङ्गदेशमा बस्यौ? भनेर नजाने ठाउँमा गएर बसेको भावले 'कलिङ्गेषु स्थितोऽसि? भनी सोद्धा 'नाहं कलिङ्गान् जगाम' म कलिङ्ग देश गएकै छैन[33] भनेर ढाँटेर उत्तर दिंदा लिट् लकार भयो। त्यस्तै दक्षिणापथ पस्यौ भन्दा दक्षिणापथ पसेकै छैन भन्ने उत्तर दिंदा पनि आफूले गएको देशमा जाँदै नगएको भनी ढाँट्ता लिट् लकारको प्रयोग गरियो। यहाँ हामीलाई चाहिएको प्रयोग के देखियो भने कलिङ्ग देशवाचक प्रातिपदिकको बहुवचन प्रयोग छ भने दक्षिणापथ शब्दको एकवचन। देशवाची र देशवासिवाची धेरै प्रातिपदिकहरू बहुवचनान्त हुने कुरा यी माथिका उदाहरणबाट प्रकट भयो। अब इतिहास पुराण साहित्यमा प्रयुक्त त्यस्ता प्रयोगहरूको उदाहरणहरूतिर पनि दृष्टि दिऊँ।

पूर्वदेश

ब्रह्मालान् विदेहांश्च मालवान् काशिकोसलान्

---

२६. पानं देशे ८।४।९
पाननकारस्य पूर्वपदस्थान्निमित्तादुत्तरस्य देशाभिधाने णकार आदेशो भवति। पीयते इति पानम्, कृत्यल्युटो बहुलमितिकर्मणिल्युट्। क्षीरंपानं ये षांते क्षीरपाणाः उशीनराः मनुष्याभिधानेऽपि देशाभिधानं गम्यते। सुरापाणाः प्राच्याः। सौवीरपाणाः वाल्हीकाः, कषायपाणाः, गन्धाराः। देश इति किम्? दाक्षीणां पानं दाक्षिनपाम्। (काशिका)
२७. वर्द्धमान – गणरत्नमहोदधि, बनारस १९६३ ई. १७८ पृ.
२८. उही।
२९. उही. ३४६ पृ.
३०. उही ३६६ पृ.
३१. उही ३८५ पृ,
३२. उही ३८७ पृ.
३३. परीक्षे लिट् ३।२।१५ पा 'अत्यन्तवेन्तापनवे च' (वार्तिक) कलिङ्गान् स्थितो सि? नाहं कलिङ्गान् जगाम। दक्षिणापथं प्रविष्टोऽसि? नाहं दक्षिणपथं प्रविवेश (काशिका)

मागधांश्च महाग्रामान् पुण्ड्रांस्त्वङ्गांस्तथैव च ।[34]

दक्षिणदेश

विदर्भानृष्टिकांश्चैव रम्यान् माहिषकानपि ।
तथा वङ्गान् कलिङ्गांश्च कौशिकांश्च समन्ततः।।
अन्वीक्ष्य दण्डकारण्यं सपर्वतनदीगुहम् ।
नदीं गोदावरीं चैव सर्वमेवानुपश्यत ।
तथैवान्ध्रांश्च पुण्ड्रांश्च चोलान् पाण्ड्यांश्च केरलान् ।।[35]

पश्चिमदेश

सौराष्ट्रान् सहबाल्हीकांश्चन्द्रचित्रांस्तथैव च ।
स्फीताञ्जनपदान् रम्यान् विपुलानि पुराणि च ।।
पुंनागगहनं कुक्षि बकुलोद्दालकाकुलम् ।
तथा केतकखण्डांश्व मार्गध्वं हरिपुंगवाः ।।[36]

उत्तरदेश–

तत्र म्लेच्छान् पुलिन्दांश्च शूरसेनांस्तथैव च ।
प्रस्थलान् भरतांश्चैव कुरूंश्च सह मद्रकैः ।।
काम्बोजयवनांश्चैव शकानां पत्तनानि च ।
अन्वीक्ष्य दरदांश्चैव हिमवन्तं विचिन्वथ ।।[37]

यहाँ पनि देशवाचक ब्रह्ममाल विदेह मालव काशि-कोसल मात्रध बिदर्भ ऋषिक माहिषक अङ्ग वङ्ग कलिङ्ग कौशिक आन्ध्र पुण्ड्र चोल पाण्डय केरल सौराष्ट्र बाल्हीक चन्द्रचित्र केतकखण्ड म्लेच्छ पुलिन्द शूरसेन प्रस्थल भरत कुरु मद्रक काम्बोज यवन दरद आदि प्रातिपादिकहरू बहुवचनान्त प्रयुक्त भएका छन् । यहींका हिमालय दण्डकारण्य गोदावरी आदि स्थान पर्वत नदीवाचक प्रातिपदिक चाहिं एकवचन नै छन् ।

यस्तै मार्कण्डेयपुराणमा पनि उत्तरी र दक्षिणी धेरै देशहरूको प्रयोग बहुवचनान्त परेका छन्–

बाल्हीका वाटधानाश्च आभीराः कालतोयकाः ३५।।
अपरान्ताश्च शूद्राश्च पल्हवाश्चर्मखण्डिकाः ।
गन्धारा यवनाश्चैव सिन्धुसौवीरभद्रकाः ।।३६।।
एते देशा ह्युदीच्यास्तु .....

आभीराः सह वैशिक्या आढक्याः शबराश्च ये ।
पुलिन्दा विन्ध्यमौलेया वैदर्भाः दण्डकैःसह ।।४७।।
दाक्षिणात्यास्त्वमी देशाः ।।[38]

अब पौराणिक साहित्यिक लेखमा आएका प्रयोग हेरौं ।

ते पीडिता निर्विविशुः कुरुपञ्चालकेकयान ।
शाल्वान् विदर्भान निषधान् विदेहान् कोशालानपि ।।[39]

शूरसेनो यदुपतिर्मथुरामावसन् पुरीम् ।
माथुराञ्छूरसेनांश्च विषयान् बुभुजे पुरा ।।[40]

कुरुजाङ्गलपञ्चालान् शूरसेनान् स यामुनान् ।
ब्रह्मावर्तं कुरुक्षेत्रं मत्स्यान् सारस्वतानथ ।
मरुधन्वमतिक्रम्य सौवीराभीरयोः परान् ।
आनर्तान् भार्गवोपागाच्छान्तवाहो मनाग् विभु ।।[41]
द्रविडेषु महापुण्यं दृष्ट्वाद्रिं वेङ्कटं प्रभुः ।[42]
ततोऽभिव्रज्य भगवान् केरलांस्तु त्रिगर्तकान् ।[43]

३४. वाल्मीकिरामायण किष्किन्धाकाण्ड ४०।२२।
३५. उही ४१।१०–१२।
३६. उही ४२।६-८।
३७. उही ४३।११–१२।
३८. मार्कण्डेयपुराण ५७ अध्याय
३९. श्रीमद्भागवत १०।२।३।
४०. उही १०।११।२७।
४१. उही १।१०।३४--३५।
४२. उही १०।७९।१३।
४३. उही १०।७९।१९

यी माथिका उदाहरणबाट कुरु पञ्चाल केकय शाल्व विदर्भ निषध विदेह कोशल माथुर शूरसेन जाङ्गल यामुन मत्स्य सारस्वत आनर्त द्रविड केरल त्रिगर्त्तक आदि जनपदवाची प्रातिपदिकहरू बहुवचनमा प्रयुक्त भएका पाइए। यहाँनेर स्मरणीय कुरा चाहिं स्थानवाचक ब्रह्मावर्त्त कुरुक्षेत्र मरुधन्व वेंकट एकवचनमै प्रयुक्त भएका देखिन आए। भारतका अभिलेखमा पनि दिइएका मुकामहरू स्थानविशेष गाउँ शहर शिविरलाई बुझाउने एकवचनवाची प्रातिपदिक नै पर्न गएकाले अपादानकारकको एकवचन बुझाउने विभक्ति नै परेका हुन्। अब बहुवचनान्त हुने अरू जनपदवाची प्रातिपदिकका महाकवि कालिदासका प्रयोग हेरौं–

तमीशः कामरूपाणामत्याखण्डलविक्रमम् [44]।
अथेश्वरेण क्रथकैशिकानां
स्वयंवरार्थं स्वसुरिन्दुमत्याः[45]।
एको ययौ चैत्ररथप्रदेशान्
सौराज्यरम्यानपरो विदर्भान्[46]।
पितुरनन्तरमुत्तरकोशलान्
समधिगम्य समाधिजितेन्द्रियः[47]।
मगधकोशलकेकयशासिनां
दुहितरोऽहितरोपितमार्गणम्॥
मगधाश्च कोशलाश्च केकयाश्च ताञ्जनपदाञ्छा-
सतीति तच्छासिनः[48]।

यसरी कालिदासले पनि जनपदलाई कहने कामरूप क्रथकैशिक कोशल उत्तरकोशल विदर्भ आदि शब्दलाई बहुवचनमै प्रयोग गरेका छन्। टीकाकार मल्लिनाथले पनि यसरी नै मगध कोशल उत्तरकोशल केकय शब्दलाई बहुवचनमै प्रयोग गरेका छन्।

बहुवचनान्त नेपाल

अब हामी आफूलाई चाहिएको प्रातिपदिकको बारेमा ध्यान दिऊँ-नीप जनपदवाची शब्द हो। यसमा बस्ने बासिन्दा पनि नीप नेप कहलाउँथे र तिनीहरू गण जातिका थिए भन्ने कुरा हामीले बुझिसकेका छौं र नीपहरूले आवाद गरेको वा चर्चेको भूमि नेपाल वा नैपाल कहलाएको हो भन्ने कुरा पनि हामीले सिद्ध गरिसकेका छौं[49]। नीप आल अर्थात् नीप गणजातिले चर्चेजति सीमाभित्रको जग्गा भन्दा नेपाल भएको र यस्तै हिसाबले वङ्गाल पञ्चाल हिमाल रूप बनेका पनि हामीले देखिसकेका छौं।[50] यसकारण जनपदवाची नेपाल शब्द पनि बहुवचनविषयक हुनु स्वाभाविक हो र यो प्रातिपादिक पनि अपादानकारकको बहुवचनमा प्रयुक्त भएको भन्न मिल्ने भयो। नेपाल नाम प्रातिपदिक बहुवचनविषयक हो भन्ने कुरा त हामीले सोदाहरण सिद्ध गर्‍यौं। तर अर्को मुख्य अड्को पनि यहाँ हाम्रो सामु तेर्सिएर रहेकै छ। सो के भने कुनै जाति विशेषका नामबाट देश भन्ने अर्थ बुझिंदा जुन चातुर्थिक तद्धित-प्रत्यय हुन्छ, त्यसको लुप् हुन्छ र प्रातिपदिक प्रकृति अवस्थामै रहेको देखिन्छ[51]।

गाउँको समूह जनपद हो। पञ्चालहरूको निवास

---

४४. कालिदास–रघुवंश ४ सर्ग ८३ श्लोक।
४५. उही ५ सर्ग ३९ श्लोक।
४६. उही ५।६०
४७. उही ९।१
४८. उही ९।१७ (टीका पनि)
४९. द्रष्टव्य– मेरो नेपालनिरुक्त।
५०. उही
५१. जनपदे लुप् ४।२।८१ पा. सू.।
देशे तन्नाम्नि यश्चातुर्थिकः प्रत्ययो भवति तस्य देशविषये जनपदेऽभिधेये लुब्भवति (काशिका)

भएको मुलुक पञ्चाल हुन्छ। पञ्चालहरू कुरुहरू मत्स्यहरू अङ्गहरू वङ्गहरू मगधहरू सुह्महरू पुण्ड्रहरू इत्यादि। व्यक्ति भनेको स्त्रीलिङ्ग पुंलिङ्ग नपुंसकलिङ्ग वचन भनेको एकवचन द्विवचन बहुवचन हो। पञ्चाल भनेका क्षत्रियहरू हुन्, पञ्चाल आदि क्षत्रियवाचक प्रातिपदिक बहुवचान्त हुन्छन्। तिनीहरू बसेको जनपद-वाची प्रातिपदिक पनि बहुवचन हुन्छ। जस्तो ती क्षत्रीहरूमा जुन व्यक्ति र वचन हुन्छन् ती जनपदमा पनि तिनै हुन्छन्[52]।

यसरी यी जनपदहरूको र क्षत्रियहरूको बहुवचनान्त प्रयोग हुने र तद्धित प्रत्ययको लुप् हुने कुरा निश्चित छ। पञ्चालाः जनपदो रमणीयो बह्वन्नः[53] (पञ्चाल देश राम्रो छ, धेरै बालीनाली उब्जने, उब्जाउ छ।) यसरी जनपद एकवचन र पञ्चाल बहुवचनमा प्रयुक्त छ र तद्धितान्तको लुप् भएको छ। यस्तै नेपालको पनि बहुवचनमा तद्धित प्रत्ययको लोप हुनुपर्नेमा यहाँ किन भएन र नैपालेभ्यः भयो। सोको अण् लुप् भएर नेपालेभ्यः पो हुनुपर्ने?

प्राकृतपिङ्गलमा नेपालीहरू भन्दा बहुवचनमा केही प्रत्यय नभएको प्राकृतभाषाको प्राकृतै रूप 'निवाला' भन्ने चाहिं हामीले देखेका थियौं।[54]

सौभाग्यले यसभन्दा केही शताब्दीपूर्व राजशेखरले हामीलाई एउटा प्रयोग देखाइदिएका छन्। त्यसबाट हामीलाई नेपालीहरू भन्दा नेपालाः भन्ने तद्धितप्रत्यय लोप भएको रूप हुने र आइमाई नेपालीहरू भन्दा तद्धित लोप भएको स्त्रीप्रत्यय ङीष् चाहिं भएको रूप 'नेपाल्यः' हुने कुरा लेखिदिएकाले बहुवचनमा प्रत्यय लोप हुने कुरा हामी निर्धक्कसंग भन्न सक्ने भएका छौं। राजशेखरको उदाहरण हेरौं–

> नेपाल्यो वल्लभैः सार्द्धमार्द्रैंगमुखमण्डनाः।
> ग्रन्थिपर्णकपालीषु नयन्ते ग्रीष्मयामिनीः॥[55]

यहाँ नेपालमा बस्ने मान्छे भन्दा तद्धित प्रत्यय भएर नैपाल रूप हुने र यसको बहुवचनमा प्रत्यय लोप भएर नेपालाः हुने कुरा बुझियो। स्त्रीलिङ्गमा ङीष् भएर एकवचनमा नैपाली रूप बन्ने र बहुवचनमा नेपाल्यः रूप हुने कुरा पनि देखियो।

यसपछि विक्रमको तेह्रौं शताब्दीका सिम्रौन-गढका राजा हरासिंह देवका सान्धिविग्रहिक मन्त्री प्रकाण्ड विद्वान् चण्डेश्वर ठक्कुरले लेखेको नेपालशब्दको प्रयोगतिर पनि दृष्टि दिऊं-

> वङ्गाः सञ्जातभङ्गाश्चकितकरिघटाः कामरूपा विरूपा
> श्चीनाः कुञ्जादिलीनाः प्रमुदितविलसत्किंकिराताः किराताः।
> **नेपाला** भूमिपाला भुजबलदलितास्तेश्वलाटाश्च लाटाः
> काण्र्णाटाः केन दृष्टाः प्रसरति समरे मन्त्रिरत्ना-करस्य॥
> **नेपालाद्या** विपक्षा रणभुवि विजिता येन यद् भूरियज्ञैः

---

५२. लुपि युक्तवद् व्यक्तिवचने १।२।५१ पा.।
व्यक्तिः स्त्रीपुंनपुंसकानि, वचनमेकत्वद्वित्वबहुत्वानि। पञ्चालाः क्षत्रियाः पुंलिङ्गाः बहुवचनविषयाः। तेषां निवासो जनपदः। यथा तेषु क्षत्रियेषु व्यक्तिवचने तज्जनपदे भवतः, पञ्चालाः कुरवः मगधाः मत्स्या अङ्गाः वङ्गाः सुह्माः पुण्ड्राः (काशिका)।

५३. १।२।५२ पा., सूत्रको काशिका टीकामा।

५४. मेरो नेपालनिरुक्त, २९ पृ.

५५. राजशेखर-काव्यमीमांसा ८, चौ. विद्याभवन वाराणसी सं० २०२१। १०४ पृ.

संतुष्टः स्वर्गलोके हरिरपि महिता येन जीवे श्वराद्याः ।
श्रीमन्मन्त्रीशचण्डेश्वर इह विदितो यो महीकल्पवृक्ष–
स्तस्याचन्द्रार्कमेषा कृतिरिति विमला राजतां विश्ववन्द्या ।
नेपालाश्चोलपृथ्वीपतिरिति विनतानग्रतो राजवर्गान् नामग्राहं गृहीत्वा सदसि यद्दर्शका दर्शयन्ति ।[56]

यहाँ माथिल्लो श्लोकमा चण्डेश्वरले नेपाली राजाहरू भन्दा नेपालशब्दको तद्धितप्रत्यय लोप भएको बहुवचनमा 'नेपालाः' रूप प्रयोग गरेको देखियो। तल्लो श्लोकमा पनि नेपाली शत्रुहरू भन्दा 'नेपालाद्या विपक्षाः' भनी तद्धित प्रत्ययविहीन नेपालशब्दको प्राकृतरूप नै देखिन्छ। गणपतिको अभिलेखमा पनि नेपालाः नै छ।

यहाँनेर एक अर्को कुरा पनि बडो चाखलाग्दो छ। काशीराज युद्धमैदानमा उत्रँदा नेपाली आदि वैरी राजाहरूको जस्तो अवस्थामा प्राकृतपिङ्गलमा चित्रण गरिएको छ, ठीक त्यस्तै अवस्था चण्डेश्वर ठक्कुर युद्धक्षेत्रमा जाँदा नेपाली आदि वैरी राजाहरूको भएको वर्णन यहाँ गरिएको छ। प्राकृतपिङ्गलमा नेपालीहरू भन्दा **'णिवाला'** (निवाल) रूप प्रयुक्त भएको छ भने अन्त लेख अभिलेखमा संस्कृतरूप **'नेपालाः'** भनी बहुवचनमा तद्धित प्रत्यय लोप भएको रूप प्रयुक्त छ।

नेपालेभ्यः शुद्धपाठ

यसरी देश वा देशवासी भन्दा पनि बहुवचनमा तद्धित प्रत्यय लोप भएको प्राकृतरूप प्रयुक्त हुनुपर्नेमा सो नभएर ती टिष्टुङ पालुङका अभिलेखमा किन बहुवचनमा पनि तद्धितान्त प्रत्यय सहित भएको **'नैपालेभ्यः'** भन्ने रूप प्रयोग भएको ?

यो प्रश्नले फेरि मलाई सधैं तुलबुल्याइरह्यो। यसको उत्तर नपाउँदा नै मैले यो लेखलाई विद्वान्समक्ष प्रस्तुत गर्न सकिराखेको थिइँन। यसको मूलपाठमा फरक छ कि भन्ने शंका पनि उठ्यो र स्थलगत अध्ययन गर्न गएर उतार ल्याउने उद्योगमा थिएँ, त्यसो गर्न पनि सकिहालेको थिइँन। शिलालेखको उतार छ कि भनेर हेर्न अभिलेखालयहुँदो बुझ्दा पनि स्पष्ट उतार पाउन सकिन। यस्तैमा दैवसंयोग हालै गत साल डिल्लीरमण रेग्मीले यसको चित्रपलक प्रकाश गरिदिएकाले यसमा विचार गर्न सजिलो हुन आएको छ र मेरो मनको शंका समाधान पनि हुन गएको छ। रेग्मीले नैपालेभ्यः नै पढे तापनि त्यसमा नैपालेभ्यः नभएर नेपालेभ्यः भन्ने पाठ शुद्ध देखिन आयो। टिष्टुङभेकका तीनवटा अभिलेखमा मुकामका ठाउँमा नैपालेभ्यः पढिएको भन्ने कुरा हामीले माथि भनिसक्यौं। प्रकाशित चित्रफलकमा एउटामा मात्र स्पष्ट पाठ देखिन्छ। प्राचीन नेपालमा छापिएको प्रतिच्छविमा पनि केही अक्षर पढ्न सकिंदैन। यसकारण एकपल्ट स्वयं स्थलगत अध्ययन गरेर तीनैवटा मूल शिलालेख हेर्ने मेरो धोको अझै रहिरह्यो। यो मेरो मनको धौ नपुगेको हुनाले नै लेखिसकेको यो लेख प्रकाशमा आउन ढिलाइरहेको थियो, यस्तैमा हालै मैले पुरातत्त्वविभागबाट[57] ती अभिलेखका ठूला साइजमा खिचेका प्रतिच्छवि पाएको हुनाले अहिले यो लेख विद्वान् समक्ष प्रस्तुत गर्न मेरो बाटो फुकेको छ। (हेर्नोस् फलक २) तद्विद् विद्वान्हरूको सम्प्रत्ययका लागि उक्त पाठ चिनाउने अक्षरका चित्र र स्पष्ट बुझिने उक्त अभिलेखको प्रतिच्छवि समेत गरी यो लेख प्रकाशमा ल्याएको छु।

लिच्छविलिपिमा एकलख दुइ प्रकारका छन्। तिनमा एक आजभोलिकै जस्तो एकलख नै छ। अर्को बायाँपट्टिको डिकोमा अलिकति कान तानेपछि

५६. चण्डेश्वरको कृत्यचिन्तामणिबाट-द्रष्टव्य-मेरो महीरावणवध नाटक विवेचनात्मक अध्ययन, १० परिशिष्ट ने. ए. अ. केन्द्र वि. सं. २०४०, १३३–३५ पृ. र सेलेक्ट इन्स्क्रप्सन्स् २ भा. ५६६ पृ.

५७. टिष्टुङका यी शिलालेखका चित्र हाल का. मु. महानिर्देशक साफल्य अमात्यका सौजन्यले किरण वैद्यका हातबाट मैले पाएको हुँ।

एकलख हुने नियम पनि छ । नेको बायाँपट्टि कान तान्दा एकलख र दायाँपट्टि कान तान्दा कान्दानी हुन आउँछ । दुइपट्टि कान भएको न नो हुन्छ । एउटा कान अर्को एकलख भयो भने नै हुन्छ, कानविनाको एकलखमात्र दिदा नै हुन्छ । यस नमा एकलख छ, कान छैन । त्यसकारण यसलाई नै भन्न सकिदैन । यसै सालको हाँडिगाउँको अभिलेखमा पाइएको मानेश्वरको नेमा बायाँपट्टि कान दिएको छ । त्यही तल्लो हारको धारामानेश्वरको नेमा एकलख छ । त्यो ने र यो ने एकैनासका देखिन्छन् । त्यसकारण यी ने मा कान तानेको नदेखिएकाले र एकलख मात्र देखिएकोले यसलाई नै भन्न मिल्दैन, ने नै शुद्ध पाठ भन्न सकिन्छ । (हेर्नोस् फलक१)

लाहुरी नेपाल (मकवानपुर) तथा नेपालको विशालता–

नेपाल जनपदभित्र धेरै विषयहरू थिए, ती पूर्व पश्चिम उत्तर दखिनतर्फ पर्दथे । नेपालेभ्यः लेखिएका अभिलेख नेपालदूनको दक्षिण पश्चिम टिष्टुङ पालुङभेकका हुन् । राजदरवारका पश्चिम-तर्फका विषयपतिहरू तिनका आयुक्तहरू मन्सार अधिकृतहरू र ठानेदारहरू समेतलाई यी अभिलेखमा सम्बोधन गरिएको छ । यी विषयपति र अधिकृतहरू नेपालदून बाहिरका थिए । अभिलेखहरू पनि नेपाल-दूनमा रहेका राजदरवारबाट अर्थात् मानगृह, कैलास-कूटभवनबाट प्रसारित नभएका र नेपाल दूनबाहिरकै मुकामबाट प्रसारित भएका थिए भन्ने कुरा बुझिन्छ । यी शिलालेख प्रसारित भएका समयमा राजाको मुकाम टिष्टुङ पालुङमा थियो वा त्यसभन्दा तल तराईको अथवा चितौनको मैदान थियो भन्ने कुरा पनि यहाँनेर स्मरणीय छ । किनभने मध्यकालका नेपालमा पूर्वपश्चिममा रहेका विभिन्न राज्यका मुकाम प्रायः गरेर दुइवटा देखिन्छन् । तिनमा वर्षायाममा माथिका शीतप्रधान टाकुरामा र हिउँदमा तल न्याना ब्याँसी वा मैदानमा राजाहरूको मुकाम हुने गर्दथ्यो । पछिल्ला मध्यकाल-का काठमाडौं पाटन भक्तपुरका राजाहरू पनि उस्तारो हिउँदको दिनमा तीर्थयात्रा गर्न सैर शिकार गर्न पनि मधेश तराईतर्फ झर्ने गर्दथे । आधुनिककालमा राणा प्रधानमन्त्रीहरू पनि विशेषतः जंगबहादुर शिकारको लागि हिउँदमा वर्षेनी भने जस्तै तराईका जंगल जाने गर्दथे ।

यस्तै लिच्छवि गुप्त राजाहरू पनि मीन-पचासको कठ्याङ्ग्रिने जाडो याममा आफ्ना राज्यभित्रका तलतिरका न्याना फाँटहुँदो सैर गर्दा हुन्, शिकार खेल्दाहुन् । यो अनुमान मेरो हो तापनि 'नेपालेभ्यः' मुकाम भएको टिष्टुङ भट्टवालमा रहेका अंशुवर्माकै शासनाभिलेखको समय मानदेवसंवत् ३१ को पुसको ठण्डा दिनमै परेको हुँदा मेरो अनुमानलाई टेवा दिएको छ[५८] । अर्को वसन्तदेवको अभिलेखमा पनि अखण्डित महीना देख्न पाइएको भए यस अनुमानमा अझै बल थपिने थियो ।

अर्को कुरा पनि यस सम्बन्धमा स्मरणीय छ । पछिल्लो कालमा जुन वेला नेपालदूनलाई मात्र नेपाल भनिन्थ्यो, त्यसवेला पनि यस भेकलाई नेपालै भनिन्थ्यो । हेमिल्टनले चीसापानीगढीको बाटो काठमाडौं आउँदा बाटामा 'लाहुरी नेपाल' आइपुगेको कुरा वर्णन गरेका छन् । उनको भनाइ अनुसार 'लाहुरी नेपाल' भनेको 'सानो नेपाल' हो र सो चितलाङभेक पर्ने कुरा पनि उनले लेखे । उनले यो क्षेत्र अघि, ललितपुर राज्यान्तर्गत थियो पनि भनेका छन्[५९]। पृथ्वीनारायणको एउटा स्तुतिगीतमा भने

---

५८. भट्टवालको अभिलेखमा तिथिमिति बुझिन्छ । टिष्टुङका अभिलेखमा चाहिं टुटेको छ । बेहोरा दुवैको एकै हुँदा रेग्मीले मिति पनि एकै पढेको उचितै लाग्छ ।

५९. "लाहुरी अर् लिटिल् नेपाल"-हेमिल्टन् अन् एकाउण्ट अफ् द किङडम् अफ् नेपाल, १९७१ ई. २०२-३-४ पृ.

स्वस्ति नेपालेभ्यः

(टिष्टुङको अंशुवर्माको अभिलेखबाट)



मानेश्वरस्य

(हाँडीगाउँको अंशुवर्माको अभिलेखबाट)



नैव विकत्थनः



यदि नैति

(चाँगुको मानदेवको स्तम्भलेखबाट)

स्वतलस्वामिनैव

(खोपासीको शिवदेव–अंशुवर्माको अभिलेखबाट)

कैलासेश्वरस्य

मानेश्वरस्य पु ३

(हाँडीगाउँको अंशुवर्माको अभिलेखबाट)



फलक २ सं.

(टिष्टुङको अंशुवर्माको अभिलेख)

'लाहुरी नेपाल' मकवानपुर राज्य-अन्तर्गत पर्ने हात्ती हुने जंगल भएको भन्नाले सो मित्री मधेशसमेत भएको प्रदेश हो भन्ने संकेत मिल्दछ ।

'लाहुरि नेपाल' गई दुदकोसि सांधलाई ल्याया
गजमोति हे[60]

यो वाक्यले पृथ्वीनारायण शाहले मकवानपुर जितेर दुधकोशी साँघलाई गजमोती ल्याएको भाव व्यक्त गर्छ । किनभने तराईका जंगलमै हात्ती हुन्छन्, मकवानपुरको पाहाडमा हात्ती हुने जस्तो जंगल देखिदैन । साँच्चै तराई र मित्रीमधेश भएका मकवानी सेनराजा हात्तीपाला थिए । उनैका सहायतासे नेपालदूनका र गोरखाका राजाले शिकार खेल्न हात्ती पाल्न पाउँथे । वि. सं. १७६८ को हिउँदमा भक्तपुरका राजा भूपतीन्द्र मल्ल मकवानपुरका राजा माणिक सेनको साथ भई खेदा (हात्ती पक्रने काम) का लागि तराईको जंगलमा गएका थिए[61]। पृथ्वीनारायण शाहले ससुरालीलाई एकदन्ता हात्ती र 'नौलाखी हीराको हार' पाए डोला लान्छु नत्र लान्न भनी हाँक पारी आएको कुरा पनि यस सम्बन्धमा स्मरणीय छ[62]। एक दन्ता हात्ती, सेता हात्ती पनि त्यही चितौनको जङ्गल र चारकोशे झाडीमै पाइने अनुश्रुति छ । यसो हुंदा पनि गजमोती लिन पृथ्वीनारायण शाह मकवानपुर गएको कुरा नै सार्थक हुन्छ । नेपालदूनका राजा हात्ती खेदामा जाँदा पनि मकवानपुरका राजासंग मिलेर यही मित्री मधेशमै जाने गर्दथे । यसरी हेमिल्टनले चितलाङ भेकलाई लाहुरी नेपाल भनेको सुने पनि नेपाली स्तुतिपाठकले भने मित्री मधेश भएको मकवानपुरलाई लाहुरी नेपाल भने । यो अर्वाचीनकालको कुरा भयो । लिच्छविकालमा पर्ने टिष्टुङ भेक त अवश्य नेपाल राज्यभित्र पर्दथ्यो । यसमा ता शंका छैन । तर मित्री मधेश पथ्यों पर्दैनथ्यो यकीन त भन्न सकिदैन, त्यसतर्फको अभिलेख नपाउनाले किटेर भन्न नसकिएको हो । तर जे भए पनि वसन्तदेवले पहिले र पछि अंशुवर्माले उपर्युक्त शिलालेख काठमाडौंवा नेपालदूनभित्रका दरबारमा बसेर प्रसारित गरेका नभएर टिष्टुङतर्फको मुकामबाट प्रसारित गरेका थिए अथवा हिउँदमा सैरशिकारमा मधेश तराईतिर झरेका बखत उतैबाट प्रसारित गरेका थिए । यसले अरू केही भारतका अभिलेखमा जस्तो स्थान नाम र नेपालका अरू अभिलेखमा जस्तो दरबारको नाम नभएर यिनमा चाहिं नेपालेभ्यः भनी नेपाल देशैबाट प्रसारित भएका हुन् भनिएको बुझिन्छ ।

यी अभिलेखबाट अर्को ठूलो उपलब्धि पनि हामीलाई मिलेको छ, सो के भने नेपालखाल्डो बाहिर पनि लिच्छविकालमा नेपालै भनिन्थ्यो, खाल्डा बाहिर पनि कुण्ड तापन आदि अधिकरण थिए । नेपाल जनपदभित्र धेरै विषयपतिहरू रहन्थे र ती विषयपतिहरू केन्द्रको राजाज्ञा पाएर सामन्तरूपका शासक थिए भन्ने कुरा पनि अवगत हुन आउँछ । पूर्वमध्यकालमा यस्ता धेरै पूर्वपश्चिमका विषयहरूको नामोल्लेख विभिन्न अभिलेख र ग्रन्थका पृष्पिकावाक्यहरूमा पाएका पनि छौं । पूर्वका विषयलाई पूर्वाधिकरणबाट पश्चिम तर्फमा विषयहरूलाई पश्चिमाधिरण बाट प्रशासन व्यवस्था मिलाउने पद्धति पनि लिच्छविकालमा चलेको हुँदा पश्चिमतर्फका आफ्ना विषयहरूमा दौडाहा गर्न जाँदा वा हिउँदका मुकाम त्यहाँ पर्दा राजाहरूले यी शनदपत्र राखिदिएका थिए । नेपालबाट यी अभिलेख प्रसारित भएका थिए भन्ने अर्थ गर्दा नेपालखाल्डोबाहिर पनि नेपाल भन्ने चलन लिच्छविकालमा भएको कुरा प्रकट हुन आउने र नेपालखाल्डो मात्र नेपाल भन्नेहरूको मत खण्डित हुन जाने हुँदा उनीहरूले यसको अर्थ

६०. इतिहासप्रकाश १ भाग १६६ पृ.

६१. लक्ष्मण सत्याल, अक्रूर कुइँकेल–इतिहास संशोधन ९ संख्या वि. सं. २०१२।३ पृ.

६२. दिव्य उपदेश ३ पृ.

स्थानीय 'गोठालाहरूलाई' भन्ने गर्नुपरेको हो, सो उपपत्तिविहीन हुने कुरा हामीले माथि नै उल्लेख गरिसक्यौं। त्यसकारण सबै तर्फबाट विचार गर्दा नेपालका र भारतका अभिलेखको लेखाइको बेहोरा हेर्दा र संस्कृत साहित्य पाणिनिव्याकरणसम्मत अर्थ गर्दा पनि उपर्युक्त मेरो अर्थ गराइ मिल्दोजुल्दो हुन आएको छ। यसले यो अर्थ विद्वद्ग्राह्य र इतिहाससम्मत पनि हुन जानेछ भन्ने ठानेको छु।

कास्की राज्यको न्यायप्रणाली

–राजाराम सुवेदी

मध्यकालीन कास्की राज्य चौबीसी राज्यहरूमा महत्त्वपूर्ण थियो। त्यसो हुनुमा कास्की राज्य पढेलेखेका विद्वान् तथा विद्याको केन्द्र हुनाले पनि हो। त्यो बेला एक उखानै त्यस भेकमा प्रचलित थियो "विद्या हराए कास्की जानू, न्याय हराए गोर्खा जानू"।[1] अतः कास्की-मा प्रचलित राज्य परम्परा नै छिमेकी राज्यमा सिको वा नक्कल गरिनु स्वाभाविकै हुन्थ्यो। विद्या र कलाको गढ कास्की हुनाले बाइसी चौबीसी राज्यका राजकुमारहरू आफ्नो अध्यवसाय पूरा गर्न कास्कीका विद्वान्हरूका घरमा आउने गर्थे। गौंडा-गौंडाका ब्राह्मण–वटुकहरू कास्की राज्यमा अध्ययनार्थ आउँथे। त्यसैले राणाकालमा पनि कास्कीलाई पुराना कास्की भनिन्थ्यो।[2]

मध्यकालीन समाजमा न्याय स्पष्ट हुन्थ्यो। त्यो बेला कुनै एक व्यक्तिका हातबाट न्याय सञ्चालित थिएन। कास्की राज्य पूर्णतः हिन्दू राज्य हुनाले यहाँ प्रचलित न्यायप्रणाली प्राचीन हिन्दू स्मृति, श्रुति, पुराणहरू एवं नीतिहरूका निर्देशनमा निबन्धन गरिएको हुन्थ्यो। कास्की-मा पहिले गाउँ गाउँका टाकुरीहरूमा मुखियाहरू बसी रैती कज्याई गुल्जार गर्ने चलन थियो। धेरैजसो कोटमा घले समुदायका मुखियाहरू थिए। लौकिक शब्दमा उनीहरूलाई राजा पनि भनिन्थ्यो, आजकाल ठकुरीलाई भने झैं। ती घले मुखियाहरूका पालाको न्यायप्रणाली जानकारी भएको छैन। घलेहरू केहीले बुद्ध र केहीले बोनधर्म मान्दथे। सो धर्मसूत्रलाई "तैंग तमू तजि" भनिन्थ्यो जसको तात्पर्य हुन्थ्यो सबैले मान्यता गरेको कुरालाई अनुगमन गर्नु। त्यही सामाजिक मान्यतालाई कुनै आपत्ति नराखी स्वीकार्ने समुदाय हुनाले गुरुङलाई तमू भनिन्छ।[3] शाह राजाहरूको आगमनपूर्व कास्की राज्यका थुम्के राजा घलेहरूले कुनै नयाँ थिति बसाल्नु पथ्र्यो। त्यो कार्यमा गाउँका बूढाखाडा, गण्यमान्यहरूलाई बोलाइन्थ्यो। उनीहरूले गरेको भेला र छलफललाई "पांछ" भनिन्थ्यो। पछि त्यही शब्द पञ्च बनेको हुन सक्छ।

कास्की राज्यमा ठकुरी खानहरूको प्रवेश वि०सं० १५२४ भन्दा पहिल्यै भएको प्रमाणित हुन आएको छ।[4] किनभने राजा कुलमण्डन शाहको अस्तित्व वि.सं. १५२४ देखि वि०सं० १५८२ सम्म भेटिएको कुराबाट सो

(१) योगी नरहरिनाथ, **आध्यात्मिक नेपाल एवं देव देशो हिमालय**, (काठमाडौं. मृगस्थली,२०३८), पृष्ठ ५२।

(२) आजसम्म पनि कास्कीका लेखोट पत्रहरूमा पुराना कास्की भनी लेखेका प्रशस्त प्रमाणहरू पाइन्छन्।

(३) जगमान गुरुङ, **गुरुङ जाति तथा संस्कृति** (कास्की: जगमान गुरुङ, २०३४), पृष्ठ २९।

(४) राजा जगतिखान महाराज कुलमण्डन शाहको वि०सं० १५२४ को एक ताम्रपत्र कास्की जिल्ला ढिकुर-पोखरी गा०पं० वार्ड नं०२ सिपाली सुवेदीगाउँका वयोवृद्ध पण्डित एवं कास्की भारद्वाजगोत्रीय शाह राजाहरूका गुरुखलक नरपति सुवेदीको संग्रहमा प्राप्त भएको छ। हाल सो कागज प्रतिलिपिका रूपमा छ।

विवाद टुङ्गिन आएको छ ।[5]

कास्की राज्यतिर 'घले मारी शाही रजायो' भन्ने उखान पुरानै हो ।[6] कास्कीका राजा कुलमण्डन शाहले आफ्नो आचार्य पदमा मुस्ताङ राखू निवासी पद्मपाणि उपाध्याय सुवेदीलाई सुनका धागाले बोकाई सिपाली पाटा २ विर्ता दिएका थिए ।[7] त्यो बेला-देखि नेपालको एकीकरणकालसम्म कास्की राजाका राजगुरु एवं धर्माधिकारी उनीहरू नै थिए ।[8] मध्य-कालीन कास्की उनै धर्माधिकारीहरूको निर्देशन एवं शास्त्रसम्मत नीतिद्वारा राज्य सञ्चालित हुनाले कास्की राज्यमा धर्मराज्य भएको कुरा पनि बुझिन्छ । तसर्थ कास्कीमा पौराणिक न्यायपद्धतिका आधारमा न्याय प्रशासन सञ्चालन गरिन्थ्यो । त्यो वेला धर्म-नीति र राज्यनीतिको समष्टि नाम नै हिन्दूनीति थियो । तसर्थ कास्की राज्यको न्यायप्रणालीबारे अध्ययन गर्न खोज्दा तत्कालीन धार्मिक पृष्ठभूमिको पनि मनन गर्नु सान्दर्भिक हुनेछ । तत्कालीन धार्मिक परंपराले न्यायको मार्ग निर्देशन गरेको थियो ।

मध्यकालीन कास्की राज्यमा खान शाहहरूको राज्य स्थापना भएपछि पनि लिखित कानून भए नभएका कुनै सबूद पाइएको छैन । तसर्थ कास्की भेकमा प्राप्त अभिलेखहरूका आधारमा त्यहाँको न्यायिक पक्षको अध्ययन गर्नुपर्ने भएको छ । त्यस्ता प्रमाणहरूले सोझै न्यायलाई इङ्गित नगर्ने भए पनि त्यस वेलाका सामाजिक प्रचलनहरूलाई स्पष्ट पार्दछन् । त्यही सामाजिक प्रचलनलाई घुमाउरो तरीकाबाट अध्ययन गरेका खण्डमा न्यायिक पक्ष पनि स्वत: उझिएर आउँछ । माथि उल्लेख गरिए झैं कास्की राज्यमा प्रकाण्ड विद्वान्हरूको बसोबास भई ज्ञान विद्याको रक्षा गर्ने परम्परा अविच्छिन्न रहेकोले राज्यको न्यायप्रणालीलाई पनि प्रभावकारी बनाउन ती विद्वान्हरूले अवश्य महत्त्वपूर्ण योगदान गरेका थिए । प्राचीन न्यायशास्त्रका निपूण नीतिज्ञहरूले हिन्दू वैदिक पौराणिक ऋषि महर्षिहरूका सिद्धान्तहरूलाई प्रमाण मानी राज्यमा लागू गराउने प्रयत्न गर्दथे । त्यस्ता ऋषिका न्यायिक पक्षलाई प्रबल पार्ने कृति-हरूमा प्राय: याज्ञवल्क्य स्मृति, पराशरस्मृति, वार्हस्पत्य-संहिता, नारदस्मृति, कणिकनीति, धौमनीति, विदूर-नीति, भीष्म उपदेश, मनुस्मृति र कौटील्यनीतिहरू प्रचलित थिए । अझ कास्की राज्य काश्यपऋषिको तपोभूमि एवं काश्यपसंहिता संपादन गरिएको महतिस्थल हुनाले त्यहाँ प्राचीन धार्मिक नीति, न्याय, कानून, सिद्धान्त र व्यवहार उत्कृष्टरूपमा पालना हुन्थ्यो ।

कर्णाली प्रदेशका खसमल्ल राजाहरूले आफ्नो राज्यमा आफ्ना प्रियपात्रहरूलाई जमीन विर्ता दिई ताम्रपत्रमा सो उल्लेख गर्ने परंपरा बसालेका थिए । त्यो परंपरालाई कर्णाली प्रदेशका बाइसी राज्य तथा गण्डकी प्रदेशमा चौबीसी राज्यका ठाकुरे राजाहरूले पनि कायमै राखेका थिए । खसमल्ल राजाहरूको शासन काठमाडौं उपत्यकासम्म हुनाले कास्की राज्य

(५) Schroeder, Robert F., **Ecological Change in Rural Nepal : The Case of Batulechaur** (Washington: University of Washington, 1977 Ph.D. Thesis, P.49.

(६) राजाराम सुवेदी, " सरुमै रानी" **गरिमा**, वर्ष ४, अङ्क ६, पूर्णाङ्क ४२, (जेष्ठ,२०४३), पृष्ठ. ७६ ।

(७) राजाराम सुवेदी, "कास्की कालीका र बडादशैं" **नेपाली संस्कृति**, वर्ष २, अंक २ (२०४३ वैशाख-श्रावण), पृष्ठ, ३५-३६ ।

(८) राजाराम सुवेदी, "नेपालका धर्माधिकारीहरू" **प्राचीन नेपाल**, संख्या ९१ (पौष-माघ, २०४२), पृष्ठ, १३ ।

पनि खसहरूद्वारा शासित प्रदेश थियो। गोरखासम्म पनि ती खस राजाहरूले प्रत्यक्ष शासन गरी ताघबाई गुम्बाको थितिमा सुधार गरेको प्रमाण प्रकाशमा आइ-सकेको छ।[9] कर्णाली प्रदेशका खसमल्ल राजाहरूले प्रयोजनमा ल्याएको न्याय प्रशासन प्रणाली हिन्दू धर्म र बुद्धधर्मका आधारभूत सिद्धान्तलाई समाहित गर्ने किसिमको थियो।[10] त्यसरी त नेपालको प्राचीन-कालका लिच्छवि शासकहरूको पनि धर्ममा आधारित न्याय शासन थियो। राजाले न्याय परिपञ्च गर्दा मौलिक धार्मिक सिद्धान्तहरूलाई मूल आधार मानी दण्ड सजायँ फैसला गर्ने गर्थे।[11] फलतः मध्य-वर्तीन कास्की राज्य लिच्छवि शासन व्यवस्था, कर्णाली प्रदेशका खसमल्लहरूको न्यायप्रणाली र प्रागैतिहासिक हिन्दू प्रणाली अनुसार सम्पादित कानूनी प्रक्रियाबाट अत्यन्तै प्रभावित भएको कुरा तत्कालीन सामग्रीहरूको अध्ययन गरेमा थाल पाइन्छ।

कास्कीका शाह राजाहरूले प्रदान गरेका वेला वेलाका अभिलेखहरू थोरै मात्र प्राप्त हुन आएका छन्। त्यस्ता अभिलेखहरूमा प्रयुक्त भाषा संस्कृत नभई ठेट नेपाली भाषा वा खस भाषा छ। त्यस्ता अल्पतम अभिलेखहरूमा न्यायिक कुरा त अत्यन्तै कम पाइएका छन्। तत्कालीन न्यायका विषयमा प्रकाश पार्ने सामग्रीहरू हाम्रा समक्ष नहुनाले उपलब्ध अभि-लेखहरूकै आधारबाट सहजै खुल्न नसक्ने भए तापनि हामीले ती सामग्रीहरूमा उल्लेख भएका कुराहरूबाटै न्यायिक पक्षका कुराहरू झिकी एकपक्षीय अध्ययन गर्नुपर्ने स्थिति छ। मध्यकालीन न्याय पद्धति अत्यन्तै ठोस र कठोर थियो। जघन्य अपराध गर्नेहरूलाई कडा दण्ड दिइन्थ्यो। तत्कालीन समाजमा पाँचवटा कसूरलाई पञ्चापराध भनिन्थ्यो। पंचापराधभित्र गोहत्या, ब्रह्महत्या, स्त्रीहत्या, बालहत्या र पातकी पर्दथे। पञ्चापराधलाई पञ्चखत पनि भन्ने चलन थियो।[12] पञ्चखत गर्ने व्यक्तिलाई दामल गर्ने वा डाम्ने, मूडिने, जातिच्यूत गरी अक्षुत बनाउने, अपराध गरेको चिन्ह पारी शरीर खोटो बनाउनु, ज्यान लिने जस्ता दण्ड गर्ने विधान थियो। पञ्चखत र पञ्चमहापातक सर्सर्ती हेर्दा एकै जस्तो लागे पनि वास्तविकरूपमा शब्दको अर्थमा व्यापक अन्तर देखा पर्दछ। कुनै धार्मिक अनुष्ठान गर्दा जग्गा जमीन, भाँडावर्तन, बाजागाजा, आभूषण, गजूर, मूर्तिको प्राण प्रतिष्ठा गरी विधिपूर्वक पूजाआजा गर्ने चलन थियो। सो परंपरालाई पछिसम्म कायम राख्ने हेतुले मन्दिर निर्माण गरी त्यो मन्दिरको रेखदेख, जीर्णो-द्धार, संभार, बढार कुँढार, प्रसाद नैवेद्य, धूपवत्ति चलाउनको लागि गुठी राखी काम गर्ने व्यक्ति तोक्ने चलन थियो। त्यस्ता व्यक्तिहरूलाई गुठियार भन्ने चलन थियो। गुठियारलाई गुठी राख्ने व्यक्तिले अभि-लेख कुँदन लगाई मन्दिरमा टाँस्ने, ताम्रपत्र दिने कागजपत्र गर्ने चलन कायम राखेका थिए। त्यस्ता पूनित कार्यमा लगानी गरेका विभिन्न वस्तुहरूमाथि सम्बन्धित गुठियार र अरू कुनैले लोभानी पापानी, नाशी विनाशी, ठगी ढाँटी खाएमा पञ्चमहापातक लागोस् भनी अभिलेखमा उल्लेख गरिन्थ्यो।[13] तसर्थ पञ्च-महापातक त्यो बेला जघण्य अपराध मानिन्थ्यो भन्ने कुरा उपर्युक्त पंक्तिहरूबाट स्पष्ट हुन जान्छ।

मध्यकालीन कास्की राज्यको कानून अत्यन्तै

(९) मोहनप्रसाद खनाल, **मध्यकालीन अभिलेख** (काठमाडौं: मोहनप्रसाद खनाल, २०३०), पृष्ठ, १–८।

(१०) राजाराम सुवेदी 'खस राज्यको न्याय प्रणाली' **नेपाल कानून परिचर्चा**, वर्ष १०, अंक २, पूर्णाङ्क ३८ (असोज २०४३) पृष्ठ, ३४–४३।

(११) राजाराम सुवेदी, 'प्राचीनकालदेखि श्री ५ सुरेन्द्र वीर विक्रम शाह देवसम्मको न्याय प्रणाली' **नेपाल कानून परिचर्चा**, वर्ष ६, अंक १, पूर्णाङ्क २१, (आषाढ, २०३९), पृष्ठ ७४–८६।

(१२) राजाराम सुवेदी, 'पञ्चखत निर्वचनको एक चर्चा' **नेपाल कानून परिचर्चा**, वर्ष ९, अंक २, (असोज, २०४२), पृष्ठ, ११–१९।

(१३) त्यस्ता कुरा उल्लेख भएका कास्कीका राजाहरूले थिति बसालेका विभिन्न अभिलेखहरू प्राप्त भएका छन्। जसको संग्रह भइसकेको हुनाले छिटै प्रकाशन हुने आशा लिइएको छ।

प्रभावकारी थियो। न्यायको पालना कास्की राज्यका वासिन्दाले अत्यन्तै निष्ठापूर्वक गर्दथे, यसो हुनुमा उनीहरूको सत्यानुराग नै मूल कुरा थियो। त्यो बेला अपराधीलाई आर्थिक दण्ड गर्ने चलन भए नभएका कुराका प्रमाण पाइएका छैनन् तापनि हिन्दू स्मृतिहरूमा आर्थिक दण्ड गर्ने उल्लेख हुनाले सो कुराको पालना गरिएको हुँदो हो भनी अड्कल लगाउन सकिने ठाउँ छ। मध्यकालीन दण्ड प्रणाली कठोर थियो भन्ने कुरा माथिका अनुच्छेदहरूमा पनि उल्लेख गरियो। त्यो बेला कुटपीट,अङ्गभङ्ग, शारीरिक यातना दिई अपराधीलाई पुनः त्यस्ता अपराध गर्नबाट निरूत्साहित पार्ने प्रचलन थियो। कुनै एक व्यक्तिको आँखा फोडिदियो भने उसलाई पनि आँखा फोडेर नै सजायँ गरिन्थ्यो। कुनै व्यक्तिले अपराध गरेको खण्डमा निजका परिवारलाई पनि सजायँ गर्ने प्रचलन थियो। मध्यकालीन राज्यको आर्थिक मेरूदण्ड विभिन्न प्रकारका करहरू नै हुन्थे। व्यापार एवं वाणिज्य विनिमय वस्तुमा आश्रित हुनाले व्यापारबाट राज्यलाई खास लाभ थिएन वा राज्यले व्यापारबाट फाइदा लिन सकेको बुझिदैन। कर, मालपोत र भन्सार नै आयस्रोत हुनाले राज्यले तोकेका शीर्षकमा कर नतिर्ने रैतीलाई भारी शासना दिई परोक्ष वा प्रत्यक्ष आर्थिक असूली गर्ने परम्परा थियो।

बाइसी चौबीसी राज्यमा राजनैतिक अस्थिरता हुनाले स-साना राज्यहरू एक आपसमा युद्ध गरी नै रहन्थे। बाहिरी राज्यमा आक्रमण गरी विजय हासिल गरेमा विजित क्षेत्रमा बसोबास गर्ने रैतीले नयाँ विजयी राज्यलाई थेरै परिमाणमा कर तिर्नु पर्दथ्यो। त्यस्तो स्थितिमा कर नतिर्ने रैतीलाई कठोर सजायँ गरिन्थ्यो वा देशनिकाला गर्ने चलन थियो। कर तिर्ने कुरा, वस्तु र आधार पनि जात अनुसार तोक्ने चलन थियो। त्यसको उदाहरणको लिम्ति वैश्यलाई अन्न, कपडा, वस्तु, पशु धनको सजायँ गरिन्थ्यो भने क्षत्रीले आफ्नै खर्चमा युद्धमा अग्रसर हुनु पर्दथ्यो। त्यसैगरी दमाइले बाजा बजाउनु र लुगा सिउनु पर्थ्यो भने कामीले आरन थापी, खानी खारी, धाउकूट झिक्नु पर्थ्यो। जुत्ता सिउने सार्कीले दाप, धोका हल्लूँडा बनाउनु पर्थ्यो। गाइनेले नयाँ नयाँ भाकामा गीत, राग, कर्खा लय धून, संगीत संग्रह गर्नु पर्थ्यो।[14] पोडेले माछा मार्नु पर्ने, ब्राह्मणले राजाको जय मनाउने, विभिन्न बाइसी र चौबीसी राज्यहरूमा पाती पढ्दै राजाको प्रचार गर्ने र त्यहाँका लायक लायकका कन्या, मैञ्या निरीक्षण गर्ने र कुन राज्य कस्तो स्थितिमा छ भनी अध्ययन गरी बुझाउनु पर्दथ्यो।

आफ्ना जात अनुसारको रीत मिची अन्यथा कार्य गर्नेलाई जात अनुसार सजायँ गरिन्थ्यो। मध्यकालीन परिस्थिति अन्धकारमय हुनाले मानिसहरू धर्म-भीरू थिए। राजालाई उनीहरू ईश्वरको प्रतिनिधि मान्दथे। राजाको आदेश र राज्यको कानून मान्य हुन्थ्यो। मानिसहरू शारीरिक, आर्थिक दण्डप्रतिको त्रासका कारणबाट भन्दा पनि पाप र कुकर्मका कारणले अपराध गर्नबाट हच्कन्थे। उनीहरू बदनाम र इज्जत जाने कुरा गर्न पनि सतर्क हुने गर्थे। उनीहरू पुनर्जन्म र पूर्वजन्ममा विश्वास गर्थे। राज्यका सम्पूर्ण रैतीहरू धर्मप्रति आस्थावान् हुनाले मध्यकालीन कास्की-का राजाहरू पनि धर्ममा अटल विश्वास राख्तथे। यस जन्ममात्र होइन असंख्य योनिसम्म मानवले गरेको दुष्कर्मको फल भोग्नु पर्ने डरले न्याय गर्ने व्यक्तिले पनि प्रलोभनमा नफँसी होशियारीपूर्वक न्याय र अन्यायको विवेचना गर्दथे। अपराध गर्ने व्यक्ति अर्कै भए पनि अभियुक्त भएको व्यक्ति कसूरदार ठानिएमा निर्ममता-पूर्वक सजायँ गरिने हुनाले त्यो बेला कुनै मानवीय न्याय हुँदैनथ्यो। दश अपराधी छुटेपनि एउटा विना अपराधमा मानिस सजायँको भागी नहोस् भन्ने परम्परा त्यो बेला थिएन। राजालाई पुनः अर्को जन्ममा भूपति हुन पाइने लोभ र लालसाले उनीहरू ब्राह्मणहरूलाई बिर्ता र मन्दिरमा गुठी जमीन अर्पण गर्दथे। त्यो बिर्ता र गुठीको राज्यद्वारा र व्यक्तिद्वारा अपहरण गर्दैनथे। त्यस्तो जमीन अपहरण गर्नेलाई राज्यका अधिकारीहरूले,

१४. श्रीमती राधाकुमारी जि. सी., **कास्की जिल्लाका गाइने जातिका एक अध्ययन** (काठमाडौं: केन्द्रीय इतिहास शिक्षण विभाग, एम. ए. को शोध, २०४४), पृष्ठ, २३-२४।

दण्ड गर्दथे । राजाले दान गरेका वितादान वा माटिदान-बाट राज्यले कुनै प्रकारको कर असूल गर्दैनथ्यो । तसर्थ वितां र गुठीजमीनबाट राज्यलाई आर्थिक लाभ थिएन । कास्की राज्यका राजाहरूले बेलावेलामा ब्राह्मण-हरूलाई वितां, मन्दिरको पूजा, अर्चना, संभार गर्नेलाई गुठी जमीनको व्यवस्था गरिदिएका प्रमाणहरू प्रदान गरेका थिए । गाइने, नगार्जी, साँध लगाउने कामी, समीधा जुटाउने, मालश्री गाउने, सराङ खेल्नेलाई समेत गुठीको व्यवस्था भएको पाइन्छ । हालसम्म पनि त्यही रीत अनुसार कास्की राज्यका देवालयहरूमा पूजा हुँदै आएको छ ।[15] कास्की राज्य देवस्थल क्षेत्र हो भने प्राकृतिक स्थितिबाट मनमोहक पनि ।

कास्की राज्य नेपाल अधिराज्यमा मिल्नुभन्दा पहिले कास्कीकोट र बाटुलेचौर लामाचौरको बीचमा दरबार निर्माण गरी राजाहरू बस्ने गर्दथे । त्यसैले कास्कीतिर एक उखान छ 'कहिले राजा लामाचौर कहिले राजा कास्की' । अतः कास्कीकोट र लामाचौर दरबार प्राङ्गणमा राजाले न्याय दिने चौतारीहरू निर्माण गरिएका थिए । सकेसम्म सानातिना मुद्दा मामिला गाउँका जिम्मावाल, मुखिया, द्वारे, जेठाबूढा, भलाद्मी-हरूले छिन्ने गर्दथे । पहिले पहिलेका मानिसहरू धर्म, नाम र नैतिकता गुमाउनभन्दा प्राण त्याग्न तत्पर हुन्थे । पुरुषमात्र होइन नारी पनि अत्यन्तै गुण एवं शीलले झुकेका हुन्थे । सती प्रथा त्यो वेला प्रचूर प्रयोगमा थियो । सती जान बाटो लागेकी नारी मृत्युको डरले भाग्ने चेष्टा गरे मलामीहरूले कुटपीट गरी पतिको शव राखिएको चितामा लगी पोल्ने, दाह गर्ने प्रचलन थियो ।[16] आठहजार कास्की राज्यका शुरूका राजाहरूले बडो निष्ठापूर्वक न्यायको पालना गरेका थिए । तर पछिका राजाहरूले आफ्नै राज्यका रैतीकी कन्या तथा भारदारकी मैञाहरूमा आशक्त रही न्याय बिगार्न थाले । कास्की खड्गगाउँका कुँवरबन्धु-हरू त्यही कारणबाट गोरखा राज्यमा बसाइ सरी कुँवरखोलामा आवाद गुल्जार गरी नेपालको एकी-करणमा सघाएका थिए ।[17] राज्यप्रमुख भ्रष्ट हुन गए भारदारहरूको षडयन्त्रले राज्य भाँडिन गई शासन उड्ने कुरा कास्कीको इतिहास पढेमा स्पष्ट बुझिन्छ ।[18] कास्कीका काजी अहिराम कुँवर कास्की छोडी हिंडे-पछि कास्कीको पतनकाल शुरू भएको थियो ।[19] कास्की राजाका गुरु गजाधर उपाध्याय सुवेदीले राजालाई लेखेको पत्रमा पनि काजी राती कास्कीबाट भागेको कुरा परेको छ । तर त्यहाँ ती भगोडा काजीको नाउँ परेको छैन ।[20] त्यो पत्रमा कास्कीका राजाको स्तुति गरिएको हुँदा काजीलाई नै तल पारिएको छ । तर पहिलेका कास्कीका राजाहरू अत्यन्तै निष्ठावान एवं पुण्य आर्जन गर्ने मनोवृत्तिले भक्तिभावतर्फ लाग्ने गरेका थिए ।

कास्की राज्यमा दासप्रथा अत्यन्तै प्रचलित थियो । घर्ती थरका मतवाली क्षत्रीहरूलाई दासदासी

---

(१५) हाल कास्की जिल्लाका धेरै मन्दिरहरूमा मध्यकालदेखि नै गुठीको व्यवस्था गरिएको पाइन्छ ।

(१६) यस लेखको संग्रहकर्ता कास्की राज्यका रैतीको सन्तान हुनाले त्यसबारे बुझ्दा वर्ष ८७ की जालपादेवी उपाध्याय सुवेदीको (हाल स्वर्गीय) भनाइबाट जानकारी हुन आएको कुरा यहाँ उल्लेख गरिएको हो ।

(१७) कास्की राज्यका केही कागजमा कुँवरहरू अर्कै कारणले गोरखातर्फ लागेको बताइएको छ । तापनि कास्की राजाहरूको पतन हुनमा रूपासे केटीहरूमा आशक्त रही न्याय बिगार्नु नै थियो ।

(१८) लेखकको "कास्की राज्यको ऐतिहासिक झलक" प्रकाशनका लागि तयार छ ।

(१९) बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा** (वाराणसीः कृष्णकुमारी देवी, २०२२), पृष्ठ ३२२ ।

(२०) गण्डकी अञ्चल, कास्की जिल्ला, ढिकुरपोखरी गा. पं. वार्ड नं २ सिपाली सुवेदी गाउँका बयोवृद्ध पण्डित एवं कास्की राजगुरु वंशज श्री नरपति सुवेदीको संकलनमा सो पत्र सुरक्षित छ ।

बनाउने चलन थियो। रोका थरका मगरहरू पनि कहींकहीं राख्ने चलन थियो। कास्कीका दासदासीलाई कमारो कमारी भन्ने चलन थियो। आजकाल त कमारो भन्नु पनि गौरव गर्न चाहने बुद्धिजीवी कास्कीतिर भेटिन्छन्, तर ती भने नक्कली हुन्। पंछी र चौपाया जस्तै कमारो कमारीको सुक्रीबिक्री गर्ने चलन त्यो वेला थियो। कमारोको भन्दा कमारीको मोल दोब्बर पर्थ्यो। अझ तरुनी कमारीको तेब्बर पनि पर्दथ्यो। कति खानदानीले कमारीबाटै सन्तान पैदा गरी आफ्नै सन्तान बिक्री गर्थे। त्यो वेलाको कानूनले कमारीलाई यौनतृप्तिको साधन मान्ने मान्यता प्रदान गरेको थियो। कमारो कमारीले बिठ्याई गरेमा तिनैका मालिकलाई औटिक (गाल, दुर्नाभ) आउँथ्यो र मालिकलाई नै सजायँ गर्ने चलन थियो। आफ्नी स्वास्नी लैजाने व्यक्तिलाई जार भनिन्थ्यो भने स्वास्नी गुमाउनेलाई साधु। साधुले जार साधन गर्न पाउँथ्यो। जारलाई काट्न सके पराक्रम गरेको ठानी जुँगा मुसारिन्थ्यो। जारलाई एकै चोटमा मार्न पाइन्थ्यो। त्यसो गरी जार मारे कानून लाग्दैनथ्यो। तर एउटा पतिले बढी पत्नी संग्रह गरे सजायँ हुँदैनथ्यो। एक पत्नीले बहुपति राख्ने रीति थिएन। अंशवण्डा गर्दा जात हेरी भाग लगाउने चलन थियो।[21] एउटै बाबुका सन्तानमा पृथक पृथक अधिकार हुन्थ्यो। जेठो छोरालाई पिण्डदान गर्ने अधिकारी ठानिन्थ्यो भने अरू छोरा विलासका उपज। तर छोरीलाई देवी मानी श्रद्धा र सम्मान गर्ने प्रथा थियो। छोरीलाई बाबुको अंशको हकदार ठानिंदैनथ्यो। निःसन्तान व्यक्तिको सम्पत्ति नजिकको हकदारले कानूनपूर्वक दावा गरे भोग गर्न पाउँथ्यो भने हकदार पनि नभएको वेवारिसेको सम्पत्ति राज्यकोषमा दाखिल भई बिक्री वितरण गरिन्थ्यो। ब्राह्मणको हकमा वित्ती जमीन परेमा राज्यले नहडपी अकैं ब्राह्मणलाई दान गर्ने चलन थियो। कास्की राज्यमा टक्सारी पनि थियो तर तत्कालीन टक के कस्ता थिए भन्ने नमूना प्राप्त भएका छैनन्।

कास्की राज्यका मानिसहरू आफ्नो परम्परागत संस्कृतिलाई सुरक्षा गरी पुराना आदर्श परम्परालाई जीवन्त पार्न तत्पर हुन्थे। उनीहरू श्रमदानमा जुटी प्रशस्त मन्दिर, धार्मिक स्थल निर्माण र सुधार गर्न सधैं तत्पर हुन्थे। मध्यकालीन कास्कीमा जनताले प्रशस्त पाटीपौवा, बाटा, पुल, मठ मन्दिर, पीठ, कुटी, गौशाला, धर्मशाला, पानीशाला, चौतारी, वर, पिपलका विरुवा रोप्ने, स्वामि कदम र पारिजातका बगैंचा बनाउने, आँप, कटहर, बेलौती, केरा, सुन्तला, निबुआका बोट सार्ने, बेलाबेलामा यज्ञयागादि गरी योगी, फकीर, सन्यासी, कानफट्टा, ब्राह्मण, अनाथ, गरीव, वृद्ध र अशक्तहरूलाई भण्डारा गर्ने, गाई गोरुको रक्षा गरी भेडाबाखा भैंसी पाल्ने र इमान्दारीपूर्वक भएको आर्जनले सन्तोषपूर्वक जीविका चलाउँथे। तत्कालीन रैतीहरूले आफ्ना जातमा कट्टरतापूर्वक रहनुपर्ने हुँदा कथंकदाचित भूलचुक वा अन्जानमा परी फटाहा भएका खण्डमा सो थाहा पाउने वित्तिकै आत्मप्रायश्चित निमित्त धर्माधिकारी उपाध्याय ब्राह्मण बोलाई प्रायश्चित पतिया गर्नु पर्थ्यो।[22] सो प्रायश्चितको रकम राज्यको आम्दानी ठानिन्थ्यो। कास्की राज्यमा राजगुरु एवं धर्माधिकारी एउटै व्यक्ति भएको कुरा माथि पनि उल्लेख गरियो। कास्कीतर्फका अक्षुतहरूको धर्माधिकारी सुनारले पाएका थिए। कास्कीका राजाले न्यायिक प्रशासन सुदृढ पार्नको लागि विभिन्न ठाउँमा ठकुरीहरू खटाउने गर्दथे। उनीहरू प्रायः राजपरिवारकै हुन्थे। त्यसरी खटिई गएका अधिकारीलाई "राजा तल पाँच उपर" अधिकार हुने हुँदा पञ्चापराध गर्नेलाई खत गर्ने अधिकार हुँदैनथ्यो। त्यस परम्पराले न्याय गतिलो हुन्थ्यो भने वंशानुगत भारदारी हुने हुँदा सम्वन्धित क्षेत्रमा ठकुरीहरूको वस्ती स्वतः बढ्न जान्थ्यो। त्यसरी केन्द्रबाट गएका व्यक्तिलाई धेरै प्रकारका न्यायिक अधिकारहरू

(२१) श्री ३ जङ्गले पनि त्यस कुराको व्यवस्था बाँधेका थिए।

(२२) राजाराम सुवेदी, **पूर्ववत्**, टिप्पणी ८, पृष्ठ, ११–१८ मा कास्कीका धर्माधिकारीले प्रदान गरेको पतियाको नमूना प्रकाशित भएको छ।

प्रदान गरिएका प्रमाणहरू प्राप्त भएका छन् । यसरी विकेन्द्रीकरणको न्याय प्रशासन सञ्चालित हुनाले कास्कीका निवासीहरूमा स्वतन्त्र विचारको उत्पादन भई विद्वताको फाँटमा उर्वर भूमिका निभाएका थिए । पेशाका हिसाबले व्यक्तिको महत्त्व हुने चलन पनि कास्कीबाटै बढेको थियो । कास्की राज्यमा पैसामात्र हुनेलाई ठूलो मान्ने चलन त्यो बेला थिएन ।

कास्की राज्यका ठकुरी र क्षत्रीहरूले आफ्नो दाज्यू-को असामयिक मृत्यु भएर तरूनी अवस्थामा नै वैधव्य धर्ममा पुगेकी भाउज्यूलाई अपनाउने चलन थियो । पछि त्यस्ता केही व्यवहारहरू क्रमशः छुट्दै गए ।[23] राजाको जेठो छोरो बाबुकै ठाउँमा हकवाला हुन्थ्यो भने अरू छोराहरूले नयाँ राज्य, ठकुराईहरू जुटाई राजा हुन सक्थे । पहिलेका ठकुरी र क्षत्रीहरूले मामाकी छोरीलाई बहिनी ठानी विवाह गर्दैनथे । आफ्ना कन्या र कुमारहरू बिक्री गर्ने चलन थिएन तापनि घर्तिक्षत्री र मगरहरूमा त्यो कुरा लागू हुँदैनथ्यो । ठकुरी र क्षत्रीहरूले आफ्ना पुरोहित र गुरुको गोत्र स्वीकार्नु पर्ने हुँदा गुरु फेर्ने चलन थिएन । होमे, डोमे र आरने फेर्न हुँदैन, अनिष्ट हुन्छ भनिन्थ्यो । राजाका भारदारहरूले काम गर्न नसक्ने स्थितिमा निजका छोरालाई सोही खान्गी दिई बहाली गराउने परंपरा कास्की राज्यबाट शुरू भएको थियो । तरुनी छोरीलाई (वैश्यभन्दा तलका व्यक्तिले) पैसा सापटी लिई बाँधा राख्ने चलन कहीं कहीं थियो । कन्याको विवाहमा वरपक्षबाट शुल्क लिने चलन थिएन तर कास्कीमा कन्याको संख्या महंगै थियो । समाजमा पछि अनमेल विवाह, बालविवाह बढेकाले गोप्यरूपमा कन्याको शुल्क लिने चलन पनि चल्यो । प्रायः जातिमा साटो हाली विवाह गर्ने चलन थियो । बृद्ध भएका खानदानीलाई आयु बढाउन परे तरूनी केटी विवाह गरे आयु सर्छ भन्ने विश्वास त्यो बेला हुनाले अनमेल विवाह कास्की राज्यमा गैह्र कानूनी थिएन ।

धनी मानिसले गरीबलाई थिचोमिचो गरेमा सोझै राजाकहाँ उजूर लाग्दथ्यो । सबै समुदायको आ–आफ्नो इज्जत र पर्दा कास्कीमा सुरक्षित थियो । धेरै कालपछि, अझ नेपालको एकीकरणपछि श्री ३ जङ्गबहादुर राणाले कास्की र लम्जुङका बासिन्दा-हरूको विवेकमाथि ठूलो प्रहार गरेकोले त्यो पुरानो गरिमा अस्ताउँदै गयो । त्यसपछि कास्की राज्य सामन्तीहरूको प्रयोग क्षेत्रको रूपमा परिणत गराई त्यहाँका निवासीको विवेकलाई लत्याई दासताको आरोपण गरियो । त्यसैले उज्यालो कास्की पछि अंध्यारो भयो । बुद्धि, विवेक, इतिहास, विद्वता र शील्पको भन्दा मूढेबल र गुण्डागर्दीको अखडा हुन गयो कास्की । तापनि मध्यकालीन कास्की अत्यन्तै आलो-कमय थियो । स्पष्ट शब्दमा भन्ने हो भने वर्तमान हिन्दू राष्ट्र नेपालको मूल अवस्थल कास्की नै हो । सिद्धान्ततः मध्यकालीन इतिहासलाई अन्धकारको युग भनिन्छ तर त्यो कुरा कास्कीमा मिथ्या साबित हुन्थ्यो । कास्की राज्यमा परंपरागत न्याय हुन्थ्यो, तापनि त्यहाँ हिन्दू इतर समुदायको बसोबास हुनाले त्यो समुदायको व्यवहार अनुकूल नियम व्यवहारमा लागू गरिन्थ्यो । उदाहरणको निम्ति रोदीघर बसाल्नु, सोरठी, घाटू नाचको व्यवस्था हुनु, मामाकी छोरी विहे गर्नु, लागू पदार्थ सेवन गर्न दिनु, घरेलु उद्योग गर्न प्रोत्साहन दिनु आदि कुरालाई लिन सकिन्छ । एउटा कुरा, कास्कीको पतन ताका गुरूङ समुदायले लम्जुङतर्फ मिली कास्कीमाथि आक्रमण गर्न लगाएका थिए । तर केही गुरूङ हिन्दू नीतिका उपासक थिए । त्यसैले कास्कीका राजाले गुरूङहरूलाई मुखिया बनाएका

२३. लमजुङका राजा यशोब्रह्म शाहले माइला दाज्यू कालू शाहकी पत्नीलाई अङ्गिकार गरी नरहरि शाह र द्रव्यशाह पैदा भएका हुन् ।

थिए ।

कास्कीमा मगर र थकालीहरूको बस्ती पहिले थिएन । तर केही देवताका पूजारी र राजाका अङ्ग-रक्षकका रूपमा मगरहरू स्याङजा विर्घादेखि आएका थिए । मगर पूजारी भएका देवीका स्थानमा ठकुरीलाई पनि प्रवेश निषेध हुन्थ्यो र छँदैछ । कास्कीमा नेवार-हरू धेरै पछिमात्र आएका हुन्, जसको मूलथलो भक्तपुर थियो । नेवारहरू पोखरातर्फ जाँदा नाङ्गै र दयनीय आर्थिक स्थितिमा थिए । पछि उनीहरूको सांस्कृतिक चाडपर्व, जात्रा, व्यापार र मन्दिर निर्माण गर्ने प्रक्रियाले गर्दा विस्तारै पोखराको विर्ता जमीनमा बसोबास गरे । तत्कालीन कानूनले विर्तावाललाई विर्ताजमीन बिक्री गर्ने हक दिएको थियो । त्यसैले आजकाल दमाई, गाइने, ब्राह्मण, मगर, सार्की, कामीका विर्ता जमीन हराउँदै गएका छन् । कास्की राज्यमा प्रशस्त समथर जमीन हुनाले अनिकाल पर्दैनथ्यो । यदाकदा मनसूनको गडबडीले अनिकाल परे पनि धेरै प्रकारका घुम्ती खेती गरिने हुँदा खास मर्का पर्दैनथ्यो । कास्की राज्यमा हिमाली क्षेत्र लेकाली क्षेत्र पर्याप्त हुनाले भैंसी भेंडा लेकमा पालिन्थ्यो । भेंडाबाट ऊन र मासुको अपूर्ति हुन्थ्यो । भेंडा पाल्ने खर्कलाई भेंडीखर्क र भैंसी पाल्ने ठाउँलाई भैंसीखर्क भनिन्थ्यो । विर्तावालका खर्कमा टुसा भाँच्न, भेंडा पालन, निगाला काट्न परे विर्तावालको आदेश चाहिन्थ्यो अन्यथा न्याय मिची जथाभावी गर्नेलाई कडा सजायँ गरिन्थ्यो ।[24] अस्तु: ।

२४. स्व. हरिप्रसाद उपाध्याय सुवेदीद्वारा लिखित वंशावलीबाट साभार ।

लोप्रा (नोप्रा?)का कागते

–भूपहरि पौडेल

परिचय

कागते समुदायसंग म सानै उमेरदेखि परिचित थिएँ। किनभने लोप्रा (नोप्रा?)का कागतेहरू आफ्ना घरमा बनाएका नेपाली कागज र मुख्यतः साउन–भदौ–तिर लेखाली आलु लिएर सैपूका घर घर डुल्थे। लोप्रा र सैपू (कसै कसैले नोप्रा उच्चारण गरेको पनि सुनियो) डेढकोश मात्र फरक छ। सैपूका धेरैजसो मानिसहरू लोप्राको जङ्गलमा घाँस–दाउरा गर्न आउँछन्। मलाई अझै संझना छ– मेरो बा वैशाख जेठतिर यही लोप्राकै जङ्गलबाट खकने झोला भरिभरि काफल लिएर आउनु हुन्थ्यो। लोप्राका आलु संझिने बित्तिकै अझै पनि मेरो मुख रसाउँछ। हात्तीढुङ्गाको वनसम्म कागतेहरू कागज बनाउने अर्गली लिन आउँथे। लोप्राबाट सोझै उत्तरपट्टि तामेडाँडो पर्छ। यो ठाउँ ध्याङ डाँडाका पण्डित टङ्कराज पौडेलका बाजे लक्ष्मीलाल पौडेलको खर्क थियो। मेरा बाजे त्रिलोचनको खर्क ठोसे थियो। यसरी मेरा पुर्खाको पालादेखि नै यो लेखाली भेग त्यति अपरिचित थलो होइन। कागते जाति र सैपूका मानिससंग धेरै पहिलेदेखिको चिना-जानी भएपनि यस सम्बन्धमा अनुसन्धानको अभाव खट्किरहेको थियो। अहिलेसम्म नेपाली विद्वान्-हरूबाट कागते समुदायका बारेमा अनुसन्धान भएको देखिएको छैन। स्वीसहरूले क्रमिक रूपमा अध्ययन, अनुसन्धान गर्दै थिए। उनीहरूले कागतेको अध्ययन गर्न बस्दा त्यहाँका गरीबहरूको आर्थिक, शैक्षिक उत्थानको लागि ठूलो प्रयास गरेका थिए तर त्यो गाउँमा बस्ने टाठाटाठा र धनीहरूलाई स्वीसहरूको प्रवृत्ति पटक्क मन परेन र उनीहरू त्यो ठाउँबाट धपिनु पऱ्यो। त्यसपछि कागतेका सम्बन्धमा भएका खोजीनीतिका सामग्रीहरू प्रकाश भए होलान्। मैले पढ्न पाएको छैन। यो अध्याय यहीं टुंगियो।

ठोसेको मेगजिन

कागते समुदायका सम्बन्धमा अनुसन्धान गर्दा ठोसेको फलाम खानीका बारेमा पनि उल्लेख गर्नु आवश्यक हुन्छ। किनभने मानव जातिको अध्ययन गर्दा उसको बसोबासित क्षेत्रमा भएका महत्त्वपूर्ण कुरालाई प्राथमिकता दिनुपर्ने हुन्छ। लेखाली बाटो भएको हुँदा मेगजिनबाट लोप्रा पुग्न एकदिन लाग्छ तर यी दुई ठाउँको भौगोलिक र व्यावहारिक सम्बन्ध रहेको बुझिन्छ। ठोसेको तल अचेल उच्चारणको सजिलाका लागि 'मेक्चन' भनिन्छ तापनि यसको शुद्ध रूप 'मेगजिन' हो। अब मेगजिनको अर्थ के रहेछ त ? हेरिहालौं।

"तोप' बन्दुक, गोली, गठ्ठा आदि लडाईंका

सामानहरू बनाउने वा राख्ने ठाउँ ।"[1] हामीले मेगजिनको अर्थ थाहा पायौं । अब यो ठाउँको भौगोलिक परिचय पनि दिउँ ।

मेक्चनमा सिन्धुलीतिरबाट आउँदा खुर्कोट, मन्थली, खिम्ती, वन्चरे, वेताली, रस्नालु भएर पुग्न सकिन्छ । त्यसपछि रामेछाप जिल्लाको सदरमुकामबाट सालुपाटी, धोवी, कान्ल्हे, भित्रीखानी, लाप्चाने खानी र तामे डाँडोमा निस्केर मेक्चन पुग्न सकिन्छ । तेस्रो बाटो (जो लामोसाँगु–जिरी सडक निर्माण कार्य पूरा भएपछि बढी मात्रामा चलतीमा आएको र त्यो भन्दा पहिले कम संख्यामा अन्य ठाउँमा मानिस आउने जाने गरेको पाइन्छ) काठमाडौंबाट सोझै चरिकोट किराँतीछाप, बुस्ती (नयाँ पुल), नाम्दुकाभ्रे यार्सा चिसापानी, सिक्री, छयाँगे र काभ्रेके हुँदै ठोसे मेक्चनमा पुगिन्छ । यसरी अहिलेसम्म पुरानो समयदेखि मानिसहरू आवतजावत गरेको बाटो थाहा भएसम्म यही नै हो । सुनकोशीको गढतीरै गढतीर भएर लिखु, लिखुको गढतीरै गढतीर भुजी, लेखखर्क अथवा भुजीबाट प्रीति, प्रीतिबाट लाप्चाने हुँदै ठोसे मेक्चन आइपुगिन्छ । ठोसे गाउँ पञ्चायतको भौगोलिक परिचय यसरी दिन सकिन्छ:–

उत्तरपूर्व खिम्ती खोलो, पूर्वमा शिवालय, चोर पाताल, दक्षिणतिर सिंगटी डाँडो, लाप्चाने, डिगी गाउँ नै यस पञ्चायतको सीमाना तोक्न सकिन्छ । मेक्चन खिम्ती खोलाकै किनारमा पर्दछ । यहाँका जनजातिहरू नेवार (मेक्चन बजारमा छन्) कार्की क्षत्री, बस्नेत क्षत्री, दुइचार घर मगर, केही खनेल (खानी खन्ने भोटे), ठोसे बजारमा ४ घर कामी बसोबास गरेको पाइन्छ । यहाँको उत्पादन जौ, गहुँ, आलु, भटमास, मकै, कोदो, फापर हो । यस भेगको हावापानी स्वस्थकर छ । यहाँ प्रायः बिहान बेलुका वतास चलिरहने भएको हुँदा हरेकजसो ऋतुमा जाडोको अनुभव भए पनि शरीरलाई बेफाइदा हुने किसिमको शीत भने नभएको देखिन्छ । मेक्चनका नजीक खिम्ती र ठाडो खोला छन् । यी दुई खोलाको पानी तौलेर हेर्दा ठाडो खोलाको पानी फलाम बगाएर ल्याएको हुँदा निकै गह्रौं भएको कुरा प्रत्यक्ष अनुभव भएकै हो । मेक्चनमा एउटा प्राथमिक विद्यालय छ जसमा २०० विद्यार्थीहरू अध्ययन गर्छन् । एउटा माध्यमिक विद्यालय छ– जसलाई शारदा माध्यमिक विद्यालयका नामले पुकारिन्छ, यसमा १२५ जना विद्यार्थीहरू अध्ययन गर्छन् । यो ठाउँमा समय–समयमा हिउँ पनि पर्छ । हिउँ चाँडै पग्लन्छ तापनि यसको प्रभाव भने धेरै समयसम्म रही नै रहन्छ ।

मेक्चनमा गणेशस्थान बजारको पुछारमा लक्ष्मी नारायण, बजारकै खलङ्गा चौताराको मूर्ति, (जसलाई शक्ति र शक्तिमान्का रूपमा चिनिन्थ्यो, हाल यो मूर्ति चोरी भएको छ), गोब्रेटार महादेवस्थान– यहाँ सधैं तपतप पानी चुहिरहन्छ र पानीको रङ्ग पनि केशरीको जस्तै पहेंलो छ ।

गणेशस्थानका दुई शिलालेख

क.

१. श्री ग णे श जि को प रं मं ता मा वि र्को ना ति ला ल ब हा दु र
२. को छो रा ना ल सि न क मि ले भ क्ति पू र्व क च ढ्या ये
३. को यो ष म्वा स हि त को छु चु न्द्रा व हा न हो स बै
४. ले बु झ नु हो ला व ना या को मि ति ये हि स म्ब त् यो
५. १९७७ सा ल च इ त कृ स्न १८ गते रोज २ मा हो

ख.

१. श्री ग णे शा य न म् श्री क मला दि ग णे श को पी र्ति
२. नि मि टः २००९ सा ल मा ५ गते रोज ३मा अ गि ल ग .....भ
३. हा ल पू र्व २ नं. ठो से मे ग जि न व स्ने मा न्वि र को ना ति मा न सिं को छो रा गो

---

१. बालकृष्ण पोखरेल (निर्देशक), **नेपाली बृहत् शब्दकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रथम संस्करण, २०४० पृष्ठ १०९५ ।

४. वि न्द मा न लेंयो म न्दि र व नाइ १०८ घं ता च ढा ई प न्च व लि को पु

५. जा ग रि भा क ल पु र्ण ग रे को

चौताराको शिलालेख

. . . नारायण

. . . लाल बहादुर

. . . लाल नारायन सुभेरनम

व य सम्वत् १९७७ साल चैत्र सुदी १० मां रोज ६ शुभम्

ठोसे मेक्चनमा पनि अन्य ठाउँमा जस्तै भूतप्रेतप्रति खूबै विश्वास गरिन्छ। हाल छात्रावास भवन नजिकै आजभन्दा केही वर्ष अगाडि चारकाने जोगी रूखमा झुण्डिएर मरेको हुँदा त्यहाँ असाध्य लाग्ने र तर्साउने गर्दो रहेछ। अझै पनि बिहान झुल्के घाममा र बेलुका अस्ताउन लागेको घामको मुखमा परियो भने डुलुवाले टपक्क टिप्तो रहेछ। एउटा रोचक प्रसङ्ग उल्लेख गरिहालौं- म त्यहाँ अनुसन्धानमा जाँदाखेरिकै कुरा हो। बेलुकीपख छात्रावासको विद्यार्थीलाई अकस्मात् लागेछ। विद्यार्थी "मुटु दुख्यो, मरें मरें" भनेर छट्पटिन थाले। त्यही बेला डाक्टरको औषधि खवाए, झन् दुख्यो। एकजना मानिसले फुकिदिएपछि विद्यार्थीलाई लागुभागुले क्रमश: छोडेर गयो।

यो ठाउँमा हरेक वर्ष घोडेजात्रा पर्व मनाउँछन्। साथै गणेशको रथ बोकेर घुमाउँछन्। यहाँ पनि गाईजात्रा पर्व मनाउँछन्। पाटने, भक्तपुरे, बनेपाली, काठमाडौंका नेवारहरूको बसोबास भएको हुँदा आफ्नो-आफ्नो नगरको परम्परा अनुसार ठोसे मेक्चनमा पनि जात्राहरू मनाइन्छ। श्रीकृष्ण जन्माष्टमीको अघिल्लो दिन सप्तमीका दिन भोट र नेपालका बीच युद्ध भएको दिन भनेर यहाँका नवयुवकहरू भोट र नेपालका सेना भएर अभिनय गर्छन्। कृष्णाष्टमीको दिन रोपाइँ जात्रा मनाइन्छ।

बाटाघाटाको दृष्टिले मेक्चनको बाटोले ऐतिहासिक रूप लिएको छ। वि. सं. २०३६ सालसम्म जिरी-ठोसे मेक्चनदेखि शिवालय हुँदै सगरमाथा आरोहण गर्न जान्थे। त्यसबेलासम्म दोहोरीलत्त विदेशी पाहुनाहरू यो बाटो हिंड्थे। छात्रावास अगाडिको चौरमा पाल टांगेर कैयौं विदेशी पर्यटकहरू बस्थे। दिनमा ७००।८०० को संख्यामा मानिसहरू यो बाटो हिंड्थे। तेन्जिङ शेर्पा ३।४ पटक यही बाटो हिंडेका थिए भने एडमन्ड हिलारीले त कैयौं पटक यहींबाट ओहोरदोहोर गरेका थिए।[2] अहिले मेक्चनबाट पर्यटकहरू हिंड्न प्राय: बन्द भैसकेको छ। यसको कारण के देखिएको छ भने- पहिलो त मेक्चनदेखि पूर्व सानुसानु पहिरो गएर बाटो बिगारिदिनु, दोस्रो शिवालयमा पक्की पुल बन्नु र तेस्रो चाहि पथप्रदर्शकहरू उकालो ओरालो र घुमाउरो बाटो हिंड्न डराउनु नै रहेको बुझिएको छ। अहिले पर्यटकहरू जिरीबाट ठाडो उकालो लागी माली, एलुङ्ग, दोभान हुँदै शिवालय पुग्छन् र नाम्चे बजारको बाटो सोझ्याउँछन्। जिरी गाउँ पञ्चायतले लिएको तथ्याङ्क अनुसार प्रतिदिन ७०० संख्याका दरले पर्यटक हिंडेको देखियो।[3] अब यहाँनेर एउटा ऐतिहासिक घटनाको उल्लेख गरौं। यसबाट ठोसे मेक्चनको वर्तमान अवस्थाबाट ऐतिहासिक युगमा कस्तो हुँदो हो त भन्ने कुरालाई अनुमान गर्न सकिन्छ भने इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइमा कतिसम्म सत्यता रहेछ भन्ने कुरा पनि निर्क्योल गर्न सकिन्छ।

प्रश्न:- त्यस समयमा गुँ-विहार कसले बनाएको हुन सक्छ ?

उत्तर:- त्यो त, कुषाण राज्यका मानिसहरू आएर बनाए।

प्रश्न:- कुषाणहरू यहाँ आए भन्ने ऐतिहासिक प्रमाणहरू के दिनुहुन्छ।

उत्तर:- ऐतिहासिक प्रमाण छन्। एक त, कुषाणटक

२. हरिप्रसाद पौडेलबाट प्राप्त जानकारी

३. जिरी गाउँ पञ्चायतका प्रधानपञ्च धनबहादुर जिरेलबाट प्राप्त जानकारी।

पाइएका छन् । हुन त संग्रहालयमा छन् कि छैनन्, तर यहीं पाइएका छन् । अंग्रेज लेखक वाल्सले लेखेका छन् । यहाँ कुषाणकालमा व्यापार सम्बन्ध हुनाले सो व्यापार सम्बन्धबाट ती टक आएका हुन् भनी उनले लेखेको पाइन्छ । हुन त कुरा त्यही हो ।

प्रश्नः— वास्तविक कुरो त त्यही हो । जबसम्म नेपालमा आफ्ना स्वतन्त्र टक बनेनन्, तब त भारतीय टककै भरमा काम चलाउनु पर्ने भयो । लिच्छवी लेखमा पाइएका कार्षापण, पण, पुराण आदिमा एकथरी तामाको पत्र बाहेक अरू हामी हाल पाउँदैनौं । ती अरू त भारतसंगको सम्बन्धबाट आएका हुन् कि भन्ने देखिन्छ ।

उत्तरः— उनीहरू त्यस्तै भन्छन् । तर त्योभन्दा पहिले कुषाण आएकै छैनन् । ७८ इस्वीभन्दा पहिले त महायानको उदय भएको छैन । महायानको प्रचार नै त्यस समयपछि भयो । त्यहाँभन्दा सभ्यता कहाँबाट आयो ।

प्रश्नः— त्यसो भए शिरोमणिज्यू भारतवर्षमा जुन विदेशीहरू आए, मुसलमानहरू आए, अरू आए त्यहाँको धनको लागि र यस्तै अरू अनेक कारणले आए भने नेपालमा कुषाणहरू के कारणले आए ?

उत्तरः— बस्, धर्म प्रचार । धर्म प्रचारको जोश जस्तो ठूलो हुन्छ, त्यस्तो अरू जोश हुँदैन ।

प्रश्नः— त्योभन्दा अगाडि यहाँको धर्म के थियो ?

उत्तरः— कुनै धर्म थिएन । योभन्दा पहिले तिनीहरू बिलकूल असभ्य थिए । मैले कतिसम्म अनुभव गरें भने तिनीहरूले आफ्ना व्यवहार आफ्नै आविष्कारबाट चलाए । उनीहरूका बसोबास-बारे भन्छु कि उनीहरू पहिले त सिन्धुलीबाट आए, अरू बाटोबाट आएनन् । सोझो जान सकेनन्, कोही त्यहींबाट अगाडि आए, कोही त्यहींबाट फर्के । सिन्धुलीबाट आउँदा पनि यो बाटो छल्छ । जब सुनकोशी सीधा पूर्व लाग्छ, सीधा पूर्व लाग्दा दायाँपट्टि रामेछाप भन्ने जिल्ला छ, त्यहाँ एउटा ठोसे खानी छ । यो खानी कति अजङ्क छ भने कैयौं लाख मन फलाम त्यहाँ त्यसै छ, अहिले दाउराको अभावले मात्र बन्द छ । त्यो ठोसे खानीको फलाम ल्याएर तिनीहरू व्यवहार गर्दथे । त्यहाँबाट फलाम ल्याएर कुटा कोदालो पनि बनाउँदथे । बस, बँदेललाई समाएर सुंगुर बनाए, लुइंचेलाई समाएर कुखुरा बनाए । कुकुर भनेको एउटा जनावर क्या हो, क्या हो, संसारसा जहाँ सुकै पनि पुग्दछ । त्यो आफ्नो जातसंग परस्पर विरोधी छ; दुइटा कुकुर त मिल्दै मिल्दैनन् । तर मनुष्यको सेवा गर्नमा कुकुर जस्तो सिपालु कोही छैन; त्यो कहाँ कहाँबाट आएको छ । यी तीन पशु सिवाय थिएनन् । यिनीहरू जङ्गली फलफूलबाट र खेतीसेती गरेर निर्वाह गर्थे ।[४]

यो त भयो इतिहास शिरोमणि बाबुराम आचार्यले — नेपाल र एशियाली अध्ययन संस्थानको टोलीलाई दिएको अन्तर्वार्ता । उनले कुषाणहरू नेपालमा धर्म प्रचारको लागि प्रवेश गरेको कुरा उल्लेख गरेका छन् । अब हामीले यी कुषाणहरू को रहेछन् त ? त्यो पनि जान्नु पर्‍यो ।

"—किराँत राजाहरू संभवतः मथुराका कुषाण राजाका भेषभूषाको अनुकरण गर्थे र सिएको कपडा पहिरन्थे । पशुपतिका मन्दिरमा र अन्यत्र पनि कुषाण राजाका भेषमा रहेका मनुष्याकृति सूर्य मूर्ति पाइन्छन्

४. डा. प्रयागराज शर्मा (संयोजक) धनवज्र वज्राचार्य (प्रश्नोत्तरका सम्पादक), **बाबुराम आचार्य र उहाँका कृति**, नेपाल र एशियाली अध्ययन संस्थान, २०२९, पृष्ठ ४ र ५ ।

ती सबै किराँत राजाहरूले बनाएका देखिन्छन् ।[5]

अब यहाँनेर कुरा के आयो भने यी कुषाण-हरू नेपालमा धर्म प्रचार गर्नका लागि सिन्धुलीको बाटो आएका थिए । तिनीहरू ठोसे खानीको फलाम ल्याएर व्यवहार गर्दथे भन्ने जुन भनाइ बाबुराम आचार्यको छ– यो झूटो हो भन्ने कुरा मैले ठोसेको फलाम खानी देखेको आधारमा म यसरी प्रमाणित गर्दछु–

अहिले ईस्वी संवत् १९८८ र विक्रम संवत् २०४४ साख चलिरहेको छ । यस असाधारण युगमा आइपुगेर मानिसले कैयौं प्रगतिका खुड्किला पार गरिसक्यो । नेपालमा विकसित मुलुकहरूको दाँजोमा वैज्ञानिक प्रगति नभएको पाइए पनि केही न केही विकास आयोजनाहरू सञ्चालन भैरहेकै छन् । हामी नेपालीहरू पनि अन्य देशहरूको प्रगति देखेर अगाडि बढ्न कम्मर कसिरहेकै छौं । जस्तो सान्दर्भिक विषयमै केन्द्रित होऔं–

रामेछाप जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको पूर्वको सीमानामा पर्ने जिल्ला हो । यहाँको अकाशेमा आजभन्दा केही वर्ष अघिदेखि हवाई सेवा चालू छ । खाडीचौरबाट उकालो लाग्ने हो भने जिरीसम्म दैनिक बस सेवाको सुविधा भएको हुँदा ठोसेलाई त्यति टाढा भन्नु हुँदैन । तर पनि यहाँको यत्रो फलाम खानी आज त्यसै उपयोगहीन भैरहेको छ । ठोसे भेक्चन अनकण्टार जस्तै छ । अझै पनि यहाँ पुग्न उकालो ओरालो, जङ्गल हिड्नुपर्छ । हम्मेसी जो पायो उही मानिसले मेक्चनलाई सहजै पत्ता लगाउन सक्तैन । त्यो प्राचीन समयमा कुषाणहरूले ठोसेको फलाम ल्याएर सामान तयार गर्थे भन्ने कुरा बाबुराम आचार्यको कल्पनाको उपज हो । यसमा यथार्थता छैन । यस सम्बन्धमा ऐतिहासिक प्रमाणहरू अन्त कतै प्रसङ्गमा उल्लेख गर्नु मनासिब होला ।

अब यो ठोसे खानीको बारेमा केही कुरा कोट्याउँ । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको समयमा वि० सं० १९२१ सालमा एकान फेदीमा 'मेगनिज अड्डा' बस्यो । यो बेला को को कारिन्दाहरू त्यसको अहिलेसम्म कुनै अत्तोपत्तो छैन । त्यस पछि यो अड्डा वि० सं० १९५० सालमा एकान फेदीबाट ठोसेमा सऱ्यो । त्यसबेला यो अड्डाका डिठ्ठा भक्तबहादुर कार्की भएको बुझिन्छ । यस माथिको हाकिम पनि भएको सुनियो तर नाम र पद भने पत्ता लाग्न सकेन । मुखिया सिंहराज श्रेष्ठ र नौसिन्दामा बीरबहादुर श्रेष्ठ भएको बुझिन्छ ।[6]

सैपू भेडाखोरका हरिप्रसाद पौडेल (हाल मेगजिनको शारदा माध्यमिक विद्यालयका शिक्षक) कै माहिला हजूरबा कृष्णदत्त पौडेलले ठोसेकै मेगनिज अड्डामा सुबेदार भई काम गरेका थिए । त्यो बेला बहिदार पदमा फत्यबहादुर प्रधान थिए ।

मेगजिनमा भएका सामान बनाउने मेशीनहरू सबै काठमाडौंबाट झिकाएको हो । यसबाट हरेक दिन नौ नाल बन्दूक फायर गरी पास गराएर राखिन्थ्यो । बन्दूक सबै फलामकै तयार गरिन्थ्यो । वि० सं० १९६५ साल पछि इञ्जायती माल बनाउन

---

५. बाबुराम आचार्य, **लिच्छवीकालका शिलालेखमा किराँत कालको झलक देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरात नाम**, नेपाली, पूर्णाङ्क १६, पृष्ठ ५

६. काशीरामकी श्रीमती कौशल्या सती जान खोजिन् । ऐन कानूनले सती जाने प्रथालाई नियमित रूपमा मान्यता प्रदान गरेको थिएन । त्यसैले कुनै पनि पत्नीले आफ्ना मृत पतिका साथ सती जान अड्डाको अनुमति पत्र चाहिन्थ्यो । त्यसका निम्ति सैपूबाट एकजना मानिस रामेछाप, एकजना चरिकोट र एकजना ठोसे मेगजिन अड्डा गएका थिए । कौशल्यालाई सती जान तीनै ठाउँको अड्डाबाट अनुमति पत्र मिल्यो । मेगजिन अड्डाबाट सती जान अनुमति पत्र दिने डिठ्ठा भक्तबहादुर कार्की भन्दा माथिल्लै दर्जाका हाकिम भएको कुरा मलाई हरिप्रसाद पौडेलले बताए ।

थालियो। इञ्जायतीं माल भनेको– कोदालो, कोदाली, हँसिया, डिबिया, ताल्चा, ओदान, मसीको भाँडो, खुकुरी, साँचा, कोरेसो, घोडाको नाल (टाप) आदि हुन्। बम गोला पनि फलामकै बनाइन्थ्यो। सुन्दरी-जलमा मर्मत गरी पास गराउने चलन थियो। इन्द्रे चिन्तुर बन्थ्यो।

वि० सं० १९६५ सालपछि बन्दूक बनाउन छोडियो। विदेशबाट नयाँ नयाँ किसिमका हात हतियार आउन थाले, मेगजिनमा पनि इन्धनको अभाव भयो। मुख्यतः यिनै दुई कारणले यहाँ बन्दूक बनाउन छोडियो। वि० सं० १९७३ सालमा फलानखानीको ठेक्का पूर्व ३ नम्बरको साङ्ले लामाले लियो। यो सित काम गर्ने अन्य कामदारहरू– रूम्जाटारको गणेशबहादुर खत्री, बालकृष्ण श्रेष्ठ र गुणबहादुर थिए। त्यसपछि पूर्व ३ नम्बरकै छ्योङ भन्ने तामाङले ठोसे फलामको ठेक्का लियो। योसित काम गर्ने मानिस बरवान सिं तामाङ, अर्वासि तामाङ र शुभसि तामाङ थिए।

यी ठेकदारहरूले ठोसेको फलाम १ रूपियाँमा ६ धार्नी खरीद गरी १ रुपैयाँको ४ धार्नीका दरले बिक्री गर्थे। वि० सं० १९७७ सालमा बहिदार फत्यबहादुरले ठोसे फलाम खानीको ठेक्का लिए। दरभाउ चाहिं माथिकै रह्यो। वि० सं० १९८० साल श्रावण १४ गतेदेखि सरकारी तवरबाटै ठोसे फलाम खानीको ठेक्का तोडियो। मेगजिन नजीकैको खिम्ती खोलामा अझ हजारौं हजारौं वर्ष खप्ने जस्तै देखिने फलामको पक्की साँगु छ। यो साँगु पटासे गाउँ बस्ने बार्गासि (खनेल सम्प्रदाय) ले बनाएको थियो। यस किसिमको पक्का फलाम हिजोआज देखिन छोडेको छ। ठोसेको फलाम सदुपयोग गर्न सकियो भने अझै पनि नेपाली-हरूले बलिया बलिया भाँडाकुँडा बनाउन सक्थे। अब पक्का फलाम कसरी तयार हुन्छ, यस सम्बन्धमा छोटो चर्चा गरौं।

सबैभन्दा पहिले खानीबाट धाउ झिक्ने। यसरी झिकिएको धाउ कुटी धूलो पारी पानीमा धुनुपर्छ। त्यसमध्ये ढुङ्गो र माटो बगेर जान्छ। फलाम बनिने धाउ चाहिं त्यहीं रहन्छ। अब धाउ गाल्नुपर्छ। बिहान १० बजेदेखि गाल्न थालेको धाउ बेलुका १० बजेतिर मात्र झिक्न मिल्छ। त्यसमा आफल लगाउनुपर्छ। यसपछि काँचो फलाम ढिक्का ढिक्का भएर तयार हुन्छ। त्यस बीचमा विदेशको फलाम र ठोसेको फलाम गाँसिन्छ। ठोसेको फलाम नहाली विदेशको मात्र फलामले ताउ लाग्दैन (जोडिदैन)। काँचो फलामलाई कालीगढले आरनामा गाली इच्छानुसारको सामान बनाउँछ।

देव शमशेरले मेगजिनमा काठमाडौंबाट फलामका सामान बनाउने मेशीन झिकाए। यो मेशीनले इञ्जायनी माल, गोला, बन्दूक, घन, कुञ्जा (घनको सानो भाग) बनाएको जानकारी प्राप्त भएको छ। मेगजिनमा १९६५ सालतिर दिन भरि भरि आरन बल्थ्यो। देव, लेखिएकों मेशीनको चक्का छात्रावासभन्दा दक्षिणपट्टि त्यसै मिल्किरहेको छ। यसभन्दा अतिरिक्त बन्दूक बनाउने र गोला बनाउने मेशीन पनि यत्रतत्र छरिएका छन्।

वि. सं. १९८० सालपछि फलामको ठेक्का तोडियो। त्यसपछि मेगजिनबाटै फलाम खरीद गरी सरकारी मालसामान बनाउने गरी कोते[7] मोतीमान यो काममा सरिक भयो। यसपछि ठोसे खानीको फलामबाट मेगजिनमा घोडाका नाल, मसीका भाँडा, ताल्चा, कोदाली बन्न थाले। हिजो आज यहाँको फलामबाट मेगजिनकै कामीहरू कुखुराका भाले, विभिन्न थरी चराहरू र अन्य केही साधारण कुटा, कोदाला आदि अडरका सामान बनाउँदन्। पहिला मेगजिनको नामी कालीगढ धनपति नकर्मी भएको जानकारीमा आएको छ। मोतीमान नकर्मीले सरकारी पैसा ल्याएर फलामको काम गरेको थियो, तिर्न सकेन। पछि त्यसको कबुल गर्ने निजकै सौतिनी भाई इन्द्रलाल नकर्मी थियो। यसले पनि इञ्जायनी सामान बनाएको कुरा जानकारीमा आएको छ। त्यो बेला

७. कोते भनेको नाइके हो।

आफूले बनाएको इञ्जायनी मालताल टुँडिखेल मुनिको "इञ्जायनी सटही बिक्री अड्डा"मा पुऱ्याएर बुझाउनु पर्थ्यो ।

वि० सं० २००७ सालमा एकतन्त्रीय राणा शासन समाप्त पार्न ठाउँ ठाउँमा सभा जुलुसहरू भए । त्यसमध्येको कांग्रेसको जुलुसलाई मुख्य रूपमा लिन सकिन्छ । कांग्रेसको हुल मेगजिनमा ४ दिन बसेको थियो । यसमा चतुरमान राई काँग्रेसको नेता भएर आएको थियो । अन्य मानिसहरूमा गोब्रेटारको हवल्दार नरबहादुर, दोर्जेको दिलबहादुर कार्की, गोब्रेटारकै पद्मबहादुर भण्डारी र दोर्जेकै पहलध्वज कार्की मुख्य थिए । मेगजिनमा छाना थियो, त्यसलाई भत्काएर उनीहरूले ओछ्याए ।

२००७ साल माघ १९ गते मेगजिनका सारा कागजपत्रहरू काँग्रेसका मानिसहरूले उठाए । हाल पुलीसचौकी बसेकै ठाउँमा मिल्सिया (सिपाही) बस्थे । यो ठाउँमा ६ नाले बन्दूक पनि थियो । मेगजिनका ऐतिहासिक कागजपत्र पोल्न ६ नाले बन्दूक झिक्न अडर गर्ने प्रीतिको मानबहादुर सुनुवार हो । अहिले ठोसे मेगजिनका सम्बन्धमा यथार्थ इतिहास तयार पार्न चाहिने कागजपत्रहरू सबै नष्ट भैसके । त्यहाँको इतिहास बुढापाकाहरूको स्मरण शक्तिमा सुरक्षित रहेको पाइन्छ । शान्ति दल भन्ने १४ जनाको फौज आएको कुरा यहाँका देख्ने मानिसहरू बताउँदछन् ।

शुरूमा ठोसेमा पञ्चायत बस्यो । त्यसबेला प्रधानपञ्चमा हरिबहादुर प्रधान चुनिएका थिए । उप–प्रधानपञ्चचाहिं धनबहादुर थिए । १२ जना सदस्य थिए । तीमध्ये चोप्राङ्को लालबहादुर श्रेष्ठ पनि थियो । त्यसबेला ठोसे पञ्चायतको सीमाना लिखु खोला पश्चिम, छहरे खोला र चीसापानी डाँडा, पूर्व उत्तरमा चेर्तुङ र दक्षिणमा भित्तरी खानी यति चार किल्ला तोकिएको थियो । १९९६ को पञ्चायतमा प्रधानपञ्च पनि हरिबहादुर प्रधान नै भएको जानकारी पाइएको छ ।

काँग्रेसको शान्तिदल आएर मेगजिनका सामान नष्ट भ्रष्ट पारेपछि २००७ सालदेखि खानी बन्द भयो । अहिले त यहाँ अन्तको फलाम त्याई मालताल बनाइएको कुरा प्रत्यक्ष देख्न पाइयो । मेगजिनमा रहेका सरकारी सामानहरू वि. सं. २०२४ सालमा लीलाम भएको कुरा सुन्नु पर्दा खल्लो लाग्नु स्वाभाविकै हो ।

ठोसेना १८ वटा फलाम खानी भएको तथ्य फेला परेको छ । तिनीहरूको नाम यसप्रकार छ–

१. डाँगर जिगर २. सोत्तरे ३. डढुवा ४. जौवारी ५. कोप्चे ६. चुचुरे ७. लाप्चाने ८. ढुङ्गागाडे ९. कुम्लुङ १०. अजम ११. रोहोटे १२. मैदाने १३. सिंगटी १४. भित्तरी १५. कपासे १६.सुईटे १७. खोलाखर्क र १८. झरेनी । यसभन्दा अतिरिक्त खिम्तीखोलादेखि उत्तरपट्टि गुन्सागाउँ र पढासेमा पनि फलाम खानी भएको सुराक लागेको छ । गुन्साको सबैभन्दा राम्रो धाउ हो भन्ने व्यापक चर्चामा आएको छ । यहाँ ८७ लाख टनभन्दा बढी फलाम भएको तथ्य जापानीहरूले गरेको सर्वेक्षणबाट पत्ता लागेको छ ।[8]

अब आरनको बारेमा एउटा रोचक प्रसङ्ग छ । चारपाटे काठ(त्याई ओछ्याएपछि) दुइतिर चक्का बनाइन्छ । त्यसलाई चन्द्र सूर्य भनिदो रहेछ । चन्द्र सूर्य भनिने छालाले मोडी माझमा प्वाल पारी माथि दलिनमा बाँध्ने (चन्द्रसूर्य खोपिल्टो) । तलबाट नाल जोडेर बतास जाने ठाउँ-लाई वायु देवता भनिदो रहेछ । डोरीलाई नाग देवताका रूपमा चिनिन्छ । आगो भएपछि फलाम तात्यो, त्यो लीहिलाई भैरव भनिन्छ । घनलाई हनुमान्, घन उठाएर हान्नेलाई दिक्पाल, आगोलाई अग्नि देवताको रूपमा चिन्हिन्छ । आगो मिलाउने फलामलाई(कुकुना) नारद ऋषि, च्याप्ने सनासोलाई नित्येश्वर (नित्यनाथ), घन चुट्नेलाई दिक्पाल, फलाम च्याप्नेलाई बांग सनासो र सनासो समाउने मूल कर्मीलाई विश्वकर्मा भनिदो रहेछ । फलामलाई लोहासुर दैत्य भनिने, आगाको ज्वाला ह्वारह्वारती निस्कँदा बालुवा हालिन्छ– त्यो बालुवालाई

८. हरिबहादुर प्रधान र हरिप्रसाद पौडेलद्वारा प्राप्त जानकारी

विष्णु देवता भनेर नामकरण विश्वकर्माले नै गरेको पाइन्छ।

त्यसपछि सनासोले कसरी फलाम च्याप्ने भन्ने कुरा त्यहाँ कसैले जानेन। यो काममा विश्वकर्मा समेत अलमलमा पऱ्यो। त्यही वेला अगाडि आएर कुकुर बस्यो। उसले आफ्ना अगाडिका दुइटा गोडा सनासो झैं राखिदियो। त्यही देखेर विश्वकर्मालाई तातो फलाम च्याप्ने ज्ञान भयो। त्यसपछि त पाईन हाल्ने, पानीमा चोबल्ने र मलुवालाई खरो बनाउने कुरा पनि विश्वकर्माले जानिहाल्यो।[9]

हरिबहादुर प्रधानका घरमा रहेको एउटा ऐतिहासिक पत्रको नकल उतार

श्री

स्वस्ति श्री रकम. वंदो वस्त अडा कस्ये पत्रम् आग्ये धीं भारोको नाती चेत नारांको छोरा पुर्व २ नंवर ईलाका. ठोसे बजार वस्ने ब. फते वहादुर प्रधां कस्य फलां खानीको फलाम्. य क हट्टी रकम्. वषान सीं लामाका नांउमा ७५ साल श्रावण १५ गते देखी. त्री साल ठेक्का लागेको. मा अव उप्रांत तयारी माल स्मेत. भोट् मुग्लां लान नपाउने सनद गरी दी कवुलियत पट्टा समेत फेरी दीनु हुकुम वक्से मुतावीक ७६ साल आषाढ १ गते का १ छापे पुर्जि वमोजीम्. भैबंध हुदा. सावीक वमोजींको ठेक बुझाउनामा कवुल मंजुर नगरी लेखीयाका उजुरीवाट बुझी खानीको. कटाई काठ् कांट्न दीयेन आग्री खनेललाई दोहरा रकं लाग्यो भनी य मा अडैबाट नीकासा हुने र खानीको सनद लाल मोहरको भीत पायन भनेमा सनद लाल मोहर भया नभयाको बुझी ठहरे माफीक हुने हुदा हाल तेसरी पोट्वाट नीकासा दीन नपर्ने र यो ठोसे खानीको फलांको तयारी माल स्मेत् भोट् मोग्लां लान नपाउने भया सावीक ठेक्मा रु ५६२।५० कटाई रु ५६२।५० र. ठोसे मेगजींको कामलाई सावीक. फलां धार्नी १८४०० मोरु १। को ६ धार्नीका दरले बुझाउने मा पनी धार्नी ४४०० घठी धार्नी १४००० मात्र बुझाउनामा सावीक ठेक्दारले कवुल गरेको मैं. सवाल वमोजीं तारेख मुकर ७५ साल श्रावण २१ गते मैं दसखत हुदा देउसीं पुर्ण वहादुरले ठेक् मोरु ६०७।५० मेगजींलाई चाहीने फलाम्लाई धार्नी. १४००० मात्र वुझाउनमा कवुल गरेकोमा अम्ले वढी कबुल नगरेको भोट् मोग्लाना लगी नुन सटही गरी खाने गरी आउने रैतीलाई भोट् मोग्लान् धंहा छदा नुं खान नपाई पीर वाधा पर्ने स्मेत देखींछ तापनी फलामे माल बनाई ज्यादा भोट् मुगलां नलाने हुदा. रैतीहरूको घर खर्चलाई चाहीने फलां खरीद गर्नै नपाई ..... र पर्ने भयाकोले वंध भयको भोट् मोगलान षुला गर्नु पर्छ भंन्न नभयेको सुंदरीजल भेग जीं काले खोट्बाट ठोसे मेगजींको कामलाई सावीक वमोजीं फलां धार्नी. १८४०९ दीने वंदोवस्त गर्नु पर्ने देखीनाले. सावीक वमोजीं मेगजींलाई चाहीने फलां दी. नीज पुर्णवहादुर देउसीले कवुल गरेको ठेक्कामा. सयकरा ५ वढी मोल् ९३७।८७।२ का दरले. साल सालको ठेक् गरी महसुल वुझाउनामा कवुल गरी व. फते वहादुरले दीपोजीत नपठाई तारेख पछी द्रकास्त पठाउनेले रकम नाउने भया तापनी सावीक ठेक् मोरू ४०७।१२।२ घटाई मोरू ६३७।८७।२ का दरले वुझाउने र मेगजींलाइ चाहीने सावीक वमोजीं फलां धार्नी १८४०० बुझाउने या कवुल गर्ने नीज फतेवहादुरकै नाउमा त्री साला ठेक्का वंदोवस्त गर्नु भंन्ने सदर गरी बकसे नीजलाई त्री साला पट्टापुर्जि गरी दीने र ७६ साल श्रावण १५ गते देखी पहा वमोजीं तयारी माल भोट लान पाउने देखीयाकोले सावीक वमोजीं यो ठेक तीनुं पर्ने होइन भंन्ने सावीक ठेकदार वषान सीज्वको उजुर हुनाले सो श्रावण १५ गते देखी हाल वालाको भयका यहाको ठेक अघीला दीं सम्मलाई हाल वंदोवस्त भयाको ठेकर्क दामासाहीले ठेक कवुल गर्नु भंन्ने दोल्खा मालका नाउमा अडैको पुर्जी गरी दीने ठहऱ्याई यसै अडाबाट जाहेर गरेको रीपोट् मा. मुन्छी अडा रीपोट् पैला फाटबाट तारेख पछी दीपोजीट पठाई प्रकास्त गर्ने वा तारेख भीत्रै भया पनी सैकर पले दिपोजीत पठाई हुलाकबाट तार चीठी प्रकास्त पठाउने सो कवुल गरेको ठेक जतीसुकै बढी भया

९. हरिवहादुर प्रधान र हरिप्रसाद पौडेलबाट प्राप्त जानकारी

पनी तेसले पाउदैन खोजी गरी रहनु र जाहेर गरी रहनु स्मेत पर्दैन भंन्ने मुलुकी सवालको ७ डफामा लेखी याको हुनाले वढी कवुल गरे तापनी तारेखपछी दीपोजीत स्मेत पठाई द्रखास्त पठाउने फतेवहादुरले पाउछ भनै नहुने तारिख. का दीन बढी कवुल गर्ने पुर्णवहादुर देउजींलाई ठोसे मेगजींलाई चाहीने फलां वढी वुझाउने मैर्का हर्जा होलाकी भंन्नालाई पनी सो रु ६३७७।२०२७ जापनी माल थान १७०६८ के धार्नी ६९००९२८॥६। डापासाहीले कोट्खानाका आडर वमोजीं माल तयारी गरी दी. वाकी रूपैञ्याको सयेकरा–पले मुनफा र ठेक दारवाट आउने फलां धार्नी १८४०० छोक्र सरात ८६६।९।२।२ को ३ ले वुझाउने गरी मेगजींका नाउमा सनद भयाकाले घटी फलांको दर कसरात. संम्म घटन जाने फलां धार्नी १४००. बुझाउने भयेपछि कामै हर्जा नहुने स्मेत भै सो मुलुकी सवाल काटी अरु तोक गरी वक्सनु पर्छ भनी अडाले वींती चदाउन मुनासीव नपर्ने हुनाले. साविक ठेकमा रू ५१७।४० पाचसहे सत्र पचास पैसा फलां बुझाउनेमा ४४०० चवालीस सहे धार्नी घटे तापनी म्यादको दीन सबै भंदा वढी कवुल गर्ने नीजै देउसीं पुर्ण वहादुरलाई श्रै सवालको रीत पुऱ्याई त्री साल ठेक्का वंदोवस्त गर्ने गरी तयारी माल् भोट मुगलां लान नपायाको ७६ साल श्रावण १५ गते देखी हालवाला लाई भयेका पटाको अघीलो दींसम्मलाई हाल कै ठेक्काका दामा साहीले असुल गर्ने. मुनासीव ठहराई वोलेका जो ६ मा यस्मा तारेखका दीं देउसीं पुर्न वहादुरले कवुल गरेको जम्मा. फलांमा. ४४०० धार्नी वढाई सावीकै वमोजीं र नगदीमा सये करा पचास वढी तारेख पछी कवुल गर्ने फते बहादुरलाई नै यहा कवुलीयत गराई दीने गरी सदर भंने खड्गनीसानादार ७७ साल श्रावण ८ गते २ मा सदरमै आयेको हुनाले तोकसदर वमोजीं मुतावीक सो ठोसे मेगजीं फलां खानीमा सावीक दरीभ ली आयाका खानीको फलां खनेल रैतीवाट खरीद गर्दा मोरू १। को मलुवा फलाम् धार्नी ६ डर्का फलां धार्नी १०९ का दरले खरीद गर्ने र ठोसे मेगजींलाई चाहीने मलुवा फलां साल १ को धार्नी १८४०० दी धार्नी ८ को रू १। ले मोल लीने हुनी . . . वीक्री गर्दा मो रू १। को फलां धार्नी. ४। डर्का धार्नी ८९ का दरले वीक्री गर्ने फलां १ हट्टी रकंको ईस्तक संवत् १९७७ साल श्रावण १५ गते देखी ८० साल श्रावण १४ गते तक वर्ष ३ लाई दर वर्ष १ को ठेक् रु ६३७।८७।२८.५ ब्र दस्तुर मौरु वा स्मेत रु ६३८ ।८७।२ का दरले वर्ष ३ को जमावेसी जुजुटै मोरू १९१६ ।६२।२ उन्नाईस सहे सोह्र वयासठ्ठी पैसा दुई दाम् मध्ये पैला सालको ठेक कवुलीयेत भयाका मीती. आजै गनी मसुल बुझाउने दोश्रा तेश्रा सालको ठेक बुझने मीती पुग्ने मीती पुग्ने १ मैना अगावै आखाड १५ गते यस अडामा गनी मसुल बुझाउने गरी तपसीलका मानीसलाई धं. जमानी ली त्री साला ठेक ईजाजत गरी दीञ्यू सो रकंको काम काज गर्दा सावीक गरी खानी खनाई फलां तयार गर्न लगाई तयारी फलां मो रू १। को मचुवा धार्नी ६ डर्का १० का दरले सुफत मोल दी. खरीद गरी लीनु ठोसे मेगजींलाई सावीक वमोजीं दीनु पर्ने यचुदा फलां धार्नी १८४०० अठार हजार चारसहे को मोरू १। को धार्नी ८ का दरले मोल लीनु वाकी फलां रैती छुतीयामा वीक्री गर्दा मोरू १। को मचुवा फलां धार्नी ४९ डर्का धार्नी ८९ का दरले विक्री गर्नु सो वाकीवाट उपजाय ५। का फलां काचो पाको र सो फलां १।८ नया र यप्राइ ३ हात हतीयार तयारी माल इ . . . भोट मुगलान लान पाउने छैनौ सो खानीको फलाम् ठेकदार वेवरजीत अरूले खरीद वीक्री गरेको भोट् मुग्लां तर्फ लगेको फेला परे पक्री ६५ साल वैसाष १ गतेका तोक सदर वमोजीं पैला पटक माल जफत गरी र दोश्रा पटक देखी वीगार वीगौ वमोजीं दंड स्मेत गरी लीनु भोट् मुग्लां लाने मानीसलाई पक्री नजीक अड्डा अड्डामा . . मा लगी सपुर्त गर्नु. यस कांलाई चाहीने कांदार कारींदा खर्च र अरू जो चाहीने खर्च स्मेत ठेक बाहेक तीम्रा घर घराना-वाट राखी कां चलाउनु यस रकंको ठेक दस्तुर समेत माथी लेखीया वमोजीं साल सालको ठेक मध्ये पैला सालको ठेक दस्तुर आजैका मीतीमा गनी महसुल वुझाई दोश्रा तेश्रा सालको ठेक साल तमाम हुने १ मैना अगावै आखाड १५ गते गनी महसुल

वुझाइ रसीद ली मात्र रकं चलं गर्नु लेषीयाको मीतीमा गर्नी महसुल गरी वुझाउनु सकेनौ र ठोसे मेगजींवाट खरीद गर्ने फलां माथी लेषीया वमोजीं नदी काम अड-कायौं र आग्री खनेल रैंती दुनियालाई पीर पारी खरीद वीक्रीमा घटी वढी पारी. खरीद वीक्री गऱ्यौ पानीबाट उपजेको फलां दुनियामा वीक्री नगरी मोगलान नीकासी गऱ्यौ भने स्मेत ऋन वमोजीं सजाये स्मेत गरी तीम्रा नाउमा भयाको पट्टाको मीती नपुगे तापनी तीमी-बाट रकं टोडी अरूका साथ वंदोवस्त हुनेछ मेरा नाउमा भयाको यहाको मीती नपुगी मबाट रकं तोडीनु पर्ने होईन भनी खरीद वीक्रीको काम गर्दा केही वेहोराले ठेकने छैनौ. भनी कीतापी सवालका १ दफा वमोजीं अडैवाट वहालीको पट्टा पुर्जि गरी दीज्यू आफु खातीर जामासंग. त्रीसाल ठेक ईजराजानी रकं चलं गर्ने काम गर–

तपसील

धं जमानी

पुर्व २ नम्वर ईलाका कोपचे फलां खानी वस्ने अवसीं लामा––२

ईती संवत १९७७ साल श्रावण २१ गते रोज ७ शुभम––

नेपाली कागज कारखाना

ठोसे भेगमा हाल चालू रहेको नेपाली कागज उद्योग छ। यसलाई अझ आधुनिकीकरण गर्ने प्रयास भैरहेको छ। सो कागज कारखानाको नाम–श्रेष्ठ कागज कारखाना हो। यसको अधिकृत पूँजी रू ५० हजार भएको देखिन्छ। यस उद्योगबाट हाल २० जना श्रमिकहरूले रोजगारी पाएका छन्। कागज कारखानाको रेखदेख गर्ने मालिक लक्ष्मीलाल श्रेष्ठ हुन् र नाइके चाहिं सागरलाल छन्। ठोसेको नेपाली कागज उद्योग स्थापनाको प्राथम्भिक अवस्थामा दुई जनाको नाममा थियो। वि० सं० २०२६ सालमा विधिवत् उद्योग दर्ता भएको थियो। माधवलाल श्रेष्ठको नामबाट २०४० साल असोज १३ मा लक्ष्मीलाल श्रेष्ठको नाममा नामसारी भएको हो। उद्योगको सबै प्रशा-सनिक कामकार्यवाही ठोसे बजारबाट हुन्छ र कच्चा पदार्थको सुविधाका हिसाबले चाहिं कागज उद्योग दोलखा जिल्लामा रहेको छ। मार्मू, श्यामा, चंखु र सुरी गाउँ पञ्चायतहरूबाट कच्चा पदार्थ लिइन्छ।

लोगटी (लोकटा) एक किसिमको पोथ्रो हुन्छ र यो ६।७ हजारदेखि १० हजार फीटसम्मको उचाइमा पाइन्छ। सबैभन्दा पहिले यसको बोक्रा कुटेर झिकिन्छ। बोक्राको बाहिरी भाग सफा गरिन्छ। त्यसपछि सफा गरिएको त्यही बोक्रालाई सफा पानीमा ढडचाउनुपर्छ। चीसो पानीमा ढडचाएको केही समयपछि झिकेर आवश्यकतानुसार ठूलो भाँडोमा राखी उसिनिन्छ। चाँडै गलाउन रासायनिक केमिकल (काष्टिक सोडा) राखे वेसै हुन्छ। गलिसकेपछि ओरली परेको ढुङ्गामा कुट्ने, राम्ररी गलेको भए ४, ५ घण्टामा कुटिन्छ, नगलेको भए अझ बढी समय लाग्छ। मिहीन मैसकेपछि एउटा भाँडामा आवश्यकतानुसार पानी हालेर घोलिन्छ। कागज कुन साइजको बनाउने हो? २०×३० साइज, हाल २१×३१ को साइजमा फ्रेम बनाइएको हुन्छ। सफा पानी भएका ४, ५ वटा (आवश्यकता र कामदार अनुसार) टचाङ्की बनाएको हुन्छ (यहाँ टचाङ्की भन्नाले पोखरी भन्ने बुझ्नुपर्छ)। साथै यो टचाङ्की करीब करीब १२ इञ्च अग्लो बनाउनुपर्छ। पोखरी फ्रेम (यसलाई सेरे पनि भनिन्छ) भन्दा फराकिलो हुनु पर्ने, फ्रेमको जाली (कपडाकै बनाइन्छ) काठमाडौंबाट ल्याउने गरिएको छ तापनि यसको जडानचाहिं यही हुने गर्छ।

त्यसपछि फ्रेमलाई पानीमा चोबलेर ब्रसले सफा गर्ने, आवश्यकतानुसार अघि तयार गरेको लोगटी सानो भाँडोले उघाएर पानीमा राखेको फ्रेममा राख्ने र त्यसलाई सन्तुलित रूपबाट चलाइरहने। केहीबेर चलाएपछि फ्रेमसाथ झिक्ने, लसाहरू (कागज बनाउने लोगटीको लसा) फ्रेममा टाँसिन्छ। यसपछि पानीबाट झिक्ने र घाममा सुकाउने। घामको राप अनुसार १०।१५ मिनेटमा सुक्छ र सुकिसकेपछि फ्रेमबाट आफै छुट्टिन्छ। यसरी नेपाली कागज तयार हुन्छ।

यस किसिमको परम्परागत नेपाली कागज १० ताउको १ ढेप, २० ढेपको १ कोरी र १ कोरीमा २०० ताउ हुन्छ। यो कागज काठमाडौंका प्रेस, स्टेशनरीका दोकान र अफिसमा पुऱ्याइन्छ। जिरीसम्म भरियाले बोकेर पुऱ्याउँछ, त्यसपछि मोटरबाट काठमाडौं पुऱ्याइन्छ। लामोसाँगु जिरी सडक निर्माण नहोउञ्जेलसम्म ठोसेदेखि भरियाबाट बोकाएरै नेपाली कागज काठमाडौं पुऱ्याइन्थ्यो। कारखानाबाट उत्पादित कागत क्यालिटी अनुसार हाल १ कोरीको रु. ६०। देखि रु. ७०। सम्म पर्छ। काठमाडौं पुगेपछि ढुवानी भाडा समेत जोड्दा सरदर १ कोरीको ८०। देखि रू ८५। सम्म पर्न आउँछ। बजार नपाएको अवस्थामा कागजको मूल्यमा ह्रास पनि आउन सक्छ। कारखानाका कामदारहरूले कागजको कोरीको हिसाबले पारिश्रमिक पाउँछन्।

नेपाली कागज बनाउने प्रविधि प्रकाशित विवरण अनुसार निम्नानुसारको देखिन आउँछ।

"जङ्गलबाट ल्याएको लोक्कालाई सफा गरी पानीमा २% देखि ५% सम्म सोडा हालेर नरम बनाउन १।२ दिनसम्म भिजाइन्छ। त्यसपछि काष्टिक सोज र लोक्काको तौलको ५% हालेर १।१½ घण्टा पकाई पकाएको लोक्कालाई धुलाई गरेर काठको मुंग्रोले ढुङ्गामा राखी कुटेर लेदो बनेपछि, सफा पानीमा लेदोलाई धुलाई गरी सफा भएको लेदोलाई सेतो गराउने केमिकल ब्लिचिङ पाउडर लेदोको तौलको ८–१७% सम्म हालेर सेतो तुल्याइन्छ र कागजमा मसी नफुलोस् भन्नाको निमित्त २।२% का दरले रोजिन र फट्किरी पकाएको झोल मिसाइन्छ। लेदो राम्रोसंग तयार भएपछि तारको जालीको फ्रेमबाट कागज ताउ बनाउँदै एक माथि अर्को कपडा राखी, प्रेस मेशीनले पानी निचोरी घाममा सुकाइन्छ। घाममा सुकेपछि प्रेस मेशीनमा तह-तह कागजलाई प्रेस गरी कटिङ्ग गरी बिक्रीयोग्य कागज तयार हुन्छ।[10]

अहिलेसम्म हाते कागज उद्योग सञ्चालित भैरहेकोमा सागरलाल श्रेष्ठ यस विषयमा तालीम प्राप्त गरी जापानी प्रविधि (घरेलुमा प्रशिक्षण दिइए अनुसार) प्रयोग गरी कागज बनाउन शुरू भैरहेको छ। यसबाट पहिलेभन्दा राम्रो क्यालिटीको कागज उत्पादन हुने र आयस्रोतमा समेत अभिबृद्धि हुने देखिएको छ। सागरलालले त्रिपुरेश्वरमा हाते कागज आयोजनामा ६ महीने तालीम प्राप्त गरेका हुन् र यस्तै तालीम प्राप्त गरेका श्रेष्ठ कागज कारखानामा जम्मा ३ जना कामदार भएको तथ्य बुझिएको छ।

ठोसे भेगमा नेपाली कागज उत्पादन गर्न एउटा समस्या देखापरेको छ। त्यो के समस्या हो भने कागज बनाउने उद्योगले विधिवत् लाइसेन्स प्राप्त गरिसकेपछि पनि कच्चा पदार्थको माग गर्न पुनः वन विभागमा आइरहनुपर्छ। वन विभागबाट आदेश लिएपछि सम्बन्धित जिल्ला वन कार्यालयले कच्चा पदार्थको संकलन क्षेत्र तोकेर करार (सम्झौता) गरिन्छ। करारनामा समाप्त भएपछि पुनः करारनामा गर्न वन कार्यालयको सिफारिशमा वन विभागबाट पुनः आदेश ल्याउनुपर्छ। आदेश कहिलेकाहीं ढिलो पनि (१, २ वर्षसम्मको) हुनसक्ने भएकोले उद्योग बन्द गर्नु पर्ने बाध्यता पनि आउँछ। कच्चा पदार्थ संकलनका लागि सम्बन्धित वन कार्यालयले अनुमति दिन ढिला हुने भएकाले यस दिशामा एउटा ठूलो समस्या खडा भएको छ। दाउराको लागि पनि सम्बन्धित वन कार्यालयबाट अनुमति लिनुपर्छ। यहाँ कसै कसैले जङ्गल फडानी गरी दाउरा बालेर फ्रेम सुकाउने गरेको पनि पाइयो। घाममा भन्दा दाउरा बालेको आगोमा फ्रेम चाँडो सुक्नसक्छ। जङ्गलमित्रै निस्फिक्रीसंग दाउरा बालेर 'हरियो वन, नेपालको धन. लाई नाश गर्ने खोज्ने पक्षलाई निरुत्साहित पार्न सम्बन्धित पक्षबाट समय समयमा रेखदेख भैरहनु आवश्यक अनुभव हुन्छ।

कागते समुदायको अध्ययन

रामेछाप जिल्लाको लेखाली भेगमा कागते समुदायको बसोबास पाइन्छ। तातोपानी, नोप्रा, पासवार

१०. **'नेपाली हाते कागज'** भन्ने पुस्तिकाबाट

फेदी, ढुङ्गारे, खोस्मिरे, पाखे बनौजी, सुर्के बिरौटा, नयाँ थर्करी कागतेको बसोबासित क्षेत्र हो। यो भेग ठण्डा छ। १० हजार फीटको उचाइमा भएको हुँदा यहाँ धेरै जसो समय कुहिरोले ढाकिएको हुन्छ। बिहान एकैछिन् घाम लाग्छन्। त्यसपछि बिलाई हाल्छन्। यहाँबाट रामेछाप बजार ठोसे, बाम्ती भण्डार हुँदै पाँचपोखरी काठमाडौं पुग्न सकिन्छ। साथै साँगुटार ओखलढुङ्गा पुग्न पनि लोप्राबाट पाइक पर्छ। लोप्राको नजीकैका गाउँहरूमा नामाडी वेताली, यासावादी, भेरी खर्क, थर्करी, सैपू, साभ्रा, फेदी खोस्मिरे, ढुङ्गारे आदि गाउँ पर्छन्। यो भेगमा पाइने पोथ्राहरूमा खस्रु, बाँज तिलके, गुर्मिस झिगटी, उत्तीस आदि पाइन्छन्। झारहरूमा बन्सो, रत्नाउलो, गौरीझार, दुवो, सिरू, खर्की आदि उम्रिन्छन्। यो भेग लेख परेको हुँदा हिउँद महीनामा निकै हिउँ पर्छ। त्यसैले प्रायः चीसो भैरहन्छ। यहाँ त्यति नदीनालाहरू भएको बुझिएको छैन। ३ ओटा साधारण खालका ठाडा खोला छन्। लोप्रा भेगका मानिसहरू निकै टाढाटाढा छरिएर बसेका पाइन्छन्। त्यसैले वस्ती पातलो छ। एक ठाउँमा ५, ६, १०, १२ भन्दा बढी घरहरू भएको पाइएन। तर वेंसीतिर बाक्लो वस्ती पाइन्छ। यो लेखाली भेग भएको हुँदा आलु, मकै, गहुँ, जौ मुख्य अन्नको उत्पादन हुन्छ। फागुनमा छरेको मकै कार्तिक महीनातिर पाक्छ। यहाँ धानको खेती हुँदैन। तल वेंसीतिर भने धान फल्छ र मकै, गहुँ, जौ पनि चाँडै नै पाक्छ। आलु मंसीर-देखि फागुन महीनासम्म रोपिन्छ र साउनमा खन्नु हुने गरी तयार हुन्छ।

लोप्राभेगमा बढी त कागते समुदायकै बसोबास भएको बुझिएको छ। यिनीहरूका जन्मदेखि मृत्यु पर्यन्तका सारा संस्कारहरू अन्य समुदायका मौलिक संस्कारहरूसंग पनि मेल खान्छन्। यिनीहरूका पनि बच्चा जन्मिएपछि न्वारान नगरुन्जेल सुत्केरीलाई छुनु हुँदैन। ३ देखि ७ दिनसम्मका बीचमा न्वारान गरिन्छ। कागते समुदायको पुरोहित लामा हुन्छ र उसैबाट न्वारान संस्कार गरिन्छ। न्वारान गर्दा पढिने पुस्तकलाई उनीहरू साङ भन्दछन्।

न्वारान गर्दा चाहिने मुख्य-मुख्य सामानहरू जौ, तिल, काँचो धागो, घ्यू (बत्ती बाल्नको लागि) चढाउन (पितर्न) का लागि रक्सी जाँड चाहिन्छ। न्वारानमा भात पकाइन्छ। खसी काटिन्छ। खसी काट्ने सावगास नभए कुखुरा भए पनि काट्नुपर्छ। त्यसपछि लामाले जुराएर बच्चाको नाम राख्छन्। कागते समुदायको नामकरण गर्दा वारको अनुसार गरिन्छ। जस्तो आइतवार जन्मिएको बच्चाको नाम-डीमा, सोमवार दावा, मंगलवार नोङमार, बुधवार ह्वाप्पा, बृहस्पतिवार फुर्पा, शुक्रवार पसङ र शनिवार जन्मेका बच्चाको नाम तेम्बा राखिन्छ। सुत्केरी चोखिन लामाले पानी मन्त्रेर खुवाउनुपर्छ। खुवाउने चीजमा ल्वाङ, मरीच, जाइफल, सुकमेल, जजङदूप (जङ्दूप?) राखिएको पाइन्छ। यसरी न्वारान गरेपछि सुत्केरीले आगो र पानी मात्र छुनुहुन्छ। देवतापितृका लागि २२ दिन नभै चोखिदैन।

न्वारानपछि पास्नी संस्कार गरिन्छ। कागतेहरू ३ देखि ६ महीनाको बीचमा पास्नी गर्छन्। एक किसिमले घरायसी परिस्थिति अनुरूप पास्नी गर्ने परम्परा भएको पाइन्छ। जस्तो सुत्केरीको दूधले नवजात शिशुलाई पुगेन भने २२ दिनमै भात खुवाइन्छ। पास्नीको दिन खसी काटिन्छ। दाल, भात, तरकारी पकाइन्छ। आफ्नो सावगास अनुसार पूजाआजा गरिन्छ र लामालाई दानदक्षिणा दिइन्छ। पास्नीमा पनि साङ पढेरै पूजा गरिन्छ।

कागते समुदायले पनि लामा विद्या सिक्न कसैले नदेख्ने एकान्त ठाउँमा एक महीनासम्म गुफामा बस्नुपर्छ। १०,१२ वर्षको उमेर भएपछि (अर्थात् लामा विद्या सिक्न अधिकारी भएपछि) गुफा राखिन्छ। यस पात्रले बुद्धको ध्यान, आराधना, गर्नुपर्छ। डाँडाको चिहान माथि गोठ बनाएर बस्नुपर्छ। यसरी गुफा बसेको वेला मासु खानु हुँदैन, नून खानुहुन्छ। यस्तै खोर्सानी खान नहुने, आगो पानी छुन नहुने परम्परा

कायमैं रहिआएको छ । आफ्ना गुरुबाट आराधनाको मन्त्र सिक्नु पर्छ । मन्त्र सिक्नको लागि अध्ययन गर्ने, शुद्ध लुगा लगाउने, कुनै पनि मानिसको मुख नहेर्ने (यस अवस्थामा गुरु र भातभान्छा गर्नेको मात्र मुख हेर्न हुन्छ) 'पाखाको मानिससंग बोलचाल, भेटघाट गर्नु हुँदैन । गुफा बस्दा ढ्याङ्ग्रो, झ्याम्टा, शङ्ख, लावा यालिङ कङलिङ र बुद्धका मूर्तिहरू चाहिन्छ । भाँडाहरूमा मुम्वा (झाडी) घण्टा (ढिल्यु), धोर्चेहरू चाहिन्छन् । अन्य सामानहरूमा बुद्धको मूर्ति राख्ने थाङका झुण्ड्याउने, बत्ती बाल्ने (कुम्बुमा घ्यू तेलको वत्ती बालिन्छ) पर्न आउँछन् । यसपछि बुद्धको पूजा गर्ने, लामा विद्या सिक्न मिल्दैन र लामा विद्या नसिकी कर्मकाण्ड गर्ने अधिकारी हुँदैन । यसरी नियमपूर्वक गुफा बसेर लामा विद्या सिकेपछि उनीहरू गाउँघरमा आइपरेका सबै धार्मिक क्रियाकलाप गराउन पाउँछन् ।

कागते समुदायमा वैवाहिक संस्कार आफ्नै किसिमको देखिन्छ । विवाह गर्नको लागि केटाको उमेर पुगेपछि केटी माग्न गइन्छ । सबैभन्दा पहिले कसकहाँ विवाह गर्न योग्य केटी छ, त्यसैका घरमा विवाहका लागि सरसल्लाह गर्ने २,३ जना मानिस १ पाथी जाँड लिएर केटी भएको घरमा पुग्छन् । केटा र केटीका तर्फबाट कुराकानी हुन्छ । यदि केटी दिने टुङ्गोमा कुटुम्वहाल पुगे भने अर्को चोटि केटापक्षका मानिस (जसलाई लमी वा दूत भनिन्छ ।) ३ पाथी रक्सी लिएर अठोट लगाउन जान्छन् । (३ पाथी रक्सी लानुलाई ठेकी लाने पनि भनिन्छ ।) यसैबाट लमीहरू "फलानो दिन फलाना केटाको फलानी केटीसंग विवाह हुने भयो" भन्ने कुराको टुङ्गो गरेर घर फर्कन्छन् । यसरी विवाहको दिन निश्चित भएपछि ब्यौह्ला जानुभन्दा ३ दिन अगाडि १ पाथी रक्सी पत्रका रूपमा लानुपर्छ । विवाहको दिन ब्यौह्लासहित अरू मानिस जन्तीका रूपमा जान्छन् । दमाईहरू आफ्नो सावगास अनुसार ७ जनादेखि लिएर १०, १५, २० जनासम्म हुनसक्छन् । ब्यौह्लो सहितको जन्ती ब्यौह्लीका घरमा पुगेपछि सबैभन्दा पहिले केटाका पक्षबाट सोद्धृत बुझाउनु पर्छ । त्यसमा एघार पाथी रक्सी, ३० पाथी कोदाको छोक्रा, १३ मोहार पैसा आवश्यक हुन्छ । यति सामान राखेर ब्यौह्लाले ब्यौह्लीका बाबुआमालाई ढोगभेट गर्छन् । यसरी सोद्धृत बुझाइसकेपछि ब्यौह्लीलाई लुगा गहना दिइन्छ । त्यसमा फरिया, चोलो, पटुका, मजेत्रो, जुत्ता, मोजा र सुनचाँदीका गहनाहरूमा हुन्छन् । त्यहाँ जग्गे बनाइएको हुन्छ । जग्गेमा ब्यौह्ला ब्यौह्लीको भेटघाट गराइन्छ । त्यसपछि लामाले आफ्नो विद्या पढ्न शुरू गर्छन् । विवाहमा गर्ने अन्य कर्महरूमा-ब्यौह्लीलाई ब्यौह्लाले सिन्दूर हाल्ने (साधारण तवरले) तिल, जौको हवन गर्ने (यसलाई अगति पोल्ने भनिन्छ), माइती तर्फका आमा बाबुले टिकोटालो, दानदक्षिणा गर्छन् । यसपछि त्यहाँ उपस्थित भएका मानिसहरूमध्येबाट गच्छे अनुसार पैसा उठाउँछन् । यो पैसा उठाउने प्रक्रियालाई सराई उठाउने भनिन्छ । यसरी उठाएको पैसा ब्यौह्लीका बाबुलाई दिइन्छ । यो पैसा कसैले छोरी ब्यौह्लीलाई दिन्छन् त कसैले भने आफैं राख्छन् । यसरी वैवाहिक संस्कार सकिएपछि भात मासु (रक्सी, रांगाको), जाँड रक्सी खान्छन् जसलाई ब्यौह्ली भतेरै भनिन्छ । खानापिना सकिएपछि कसैले त्यही दिन ब्यौह्ली लिएर जान्छन् त कोही चाहि (टाढा घर हुनेहरू) त्यहीं रात बास बस्छन् ।

घरमा ब्यौह्ली पुऱ्याएपछि लामाले आफ्नो विद्या पढेर ब्यौह्ला–ब्यौह्लीलाई फूलपातीले पूजा गरिन्छ । कागते समुदायमा दिदीहरूले भाइ ब्यौह्लाको दैलो छेक्ने चलन छैन । ब्यौह्ला–ब्यौह्लीलाई थपक्क आँगनमा राखिन्छ । ब्यौह्लाका बाबुआमा, काका, काकी, दिदी, बहिनी सबैले तीं बुई जनालाई टीका लाइदिन्छन् । त्यसपछि सराई उठाइन्छ । त्यहाँ भेला भएका मानिसहरूका तर्फबाट पैसा उठाइन्छ र ब्यौह्लाका बाबुलाई दिइन्छ । यसरी ब्यौह्ली मित्राउने काम सकिएपछि ब्यौह्लाका बाबुले त्यहाँ भेला भएका सबैलाई रक्सी खान दिन्छन् । रक्सी खाइसकेपछि मासु (रांगा, बोका, खसी, कुखुरा), भात, तरकारी, अचार

खान्छन्। यसको तीन दिनपछि दुलहादुलही रक्सी र रोटी एउटा भरियालाई बोकाएर नयाँ ससुराल जान्छन्। केही दिन बसेर फर्किएपछि विवाहको संस्कार समाप्त हुन्छ।

अब हामी यी समुदायलाई किन कागते भनियो? यस सम्बन्धमा चर्चा गरौं। लोप्राका रिन्जी लामाको[11] भनाइ अनुसार अहिले कागतेका रूपमा चिन्हिएको समुदाय पहिले हेलम्बूका शेर्पाका रूपमा प्रख्यात थियो। यसरी हेलम्बूका शेर्पासंग छुट्टिएर आएको हुनाले लोप्रा भेगका कागतेलाई 'हेल्माली कागते' भनिन्छ। लोप्रामा आएपछि यो भेगमा पहिलेदेखि नै नेपाली कागज बनाउने कच्चा पदार्थ प्रशस्त पाइने भएकाले कागज बनाउन थाले र उनीहरू क्रमशः समुदायकै रूपमा कहलिए। रिन्जी लामाको भनाइ अनुसार कागते समुदायको संख्या वि० सं० २०३२ सालमा उनीहरूबाटै भएको सर्भेमा ८५४ जना मात्र देखिएका थिए। सो सर्भे लोप्रा भेगमा मात्र गरिएको थियो। उनको भनाइ अनुसार शेर्पा, तामाङ र भोटेसंग कागते समुदायको भाषा मिल्दैन। यो छुट्टै भाषा र संस्कृति भएको समुदाय हो।[12]

कागतेहरू पनि अन्य समुदायसरह विभिन्न थरमा विभाजित भएको पाइन्छ। जस्तै-भिगुले स्याङ्वा, ढिम्वा, लङ्रङ्, स्याङ्वा, टिम्वा स्याङ्वा, कुटुम्बरी, सर्पा एक च्यावा। वैवाहिक सम्बन्ध कायम गर्दा यिनीहरू आफ्नो थरमा गर्दैनन्। जस्तो–च्यावा थर भएको कागतेले स्याङ्वासंग विवाह गर्छ। त्यसैगरी बिगुले र सर्पको पनि विवाह हुन्छ। कागतेमा पनि दुइथरी लामा हुन्छन्। एउटा थरी लामा कागते र अर्को चाहिं पढीलामा कागते। थरी लामा कागते पुस्तौं पुस्तादेखि विकसित हुँदै आएको हुन्छ भने पढीलामा कागते चाहिं जसले लामा विद्या पढ्यो उही मात्र हुन्छ, उसको सन्तान लामा कागते हुँदैनन्। थरी लामा कागतेका अरू पनि थर भएको जानकारी पाइएको छ। जस्तैः– लामा सर्पा, लामा, ह्यावा मोमच्यावा, स्याङ्वा टिम्वास्याङ्वा, विगुले स्याङ्वा वा लगङ् स्याङ्वा।[13]

कागतेका पनि आफ्नै कुल देवता हुन्छन्। लामा र झाँकीले कुल देवता बोलाउँछन् र पूजाआजा गर्छन्। जस्तैः–

कोसुङ लामु, लेमु छेम्वो, वंगी लाम्हो, भोलाङ लाम्हो, कोगै लाम्हो, फोटो लाम्हो, कावाकाजी लाम्हो छेम्वो, गोवक लाम्हो, गोवक् क्यालमो, छचाम्वो, (छेम्बो ?) सेर्की भुम्वा, लाम्हो छ्येम्वो सेर्कीफुर्पा, लाम्हो छयोम्वो, सेर्की खुर्वी छयोम्वो, जिस्याल्ला सङ्सेर किम् छचोम्वो, दुङ गी च्यारी छचोम्वो, साङद सेर्कीम् चाङमा स्याल्ला यावुकुसल युल्म, जिन्दा नाङला यावु राङगी कुलु देवा, कुलुङ देवा, कोलोङ मजे, ठलोङ मजे, राम्रीम् खोर्त मच्यू, कङ सीवा, देवा नङला, राम्रीम् रा, खोर्त मच्यू नानु मतङ, दी राँगी देग नाङ्ला राँ छावल्, मतङ, सोलापाँ जा मतङ, राँगी तङसीवा, नाङला तुप्पू मैतेर, रंगी युलनाङ खार्ता मच्यू, स्यार् छोले, फेप् स्यूँदो, काठमाण्डू, नाङला, फेप् स्यूदो, तुप्पू भतेर, रंगी चेलोमालो, नाङला, छावल् मावल मतङ, रंगी युल, चीन्दा नाङला छावल् मेवल मतङ, रांगी चेलो वालो, नाङला बाकी छुला, नाङ्गा साताङ, तेन्गीमिला, पार्चे मतङ, कङ सीवा, कीन्ड, नाङला, लोला, पाँजा भतेर स्यूवाला, धेक्का सङ सेर्कीम् नाङला तेक्का चल्तीगा सुना, चल्ती गा खेल्गीगा सुना खेल्ती गा ता ह्याजु सेम्वा लामा फोगिन्, फोला छचोम्म्वो गीतेङवेझोला चङमा मोजे चङमा सीवा लातेका राङगी कोलामोला च्यो च्यो मोथाम् जेर थानी मानी ला धेका जही मागु वान् चाइँ सिक्कारी देवी भूमे सीमे नाग राजा

११. रिन्जी लामा वस्तुतः कागते समुदायका लामा हुन्, तर यिनलाई धेरैजसो मानिसहरू 'रिन्जी शेर्पा' का रूपमा चिन्छन्। यिनी हुलाकी पनि हुन्।

१२. यस प्रसङ्गमा मैले कागते समुदायको भाषिक अध्ययन गरिनँ। अन्य समुदायका विशेषताहरू पनि शेर्पा, भोटे र तामाङसंग तुलना गर्ने प्रसङ्ग नभएकोले यस दिशातिर हात बढाइएन।

१३. रिन्जी लामाबाट प्राप्त जानकारीका आधारमा

अग्वो सुभो वालो, कुसलमा वसौ अव अफनो गर गाउँ जन्त वितर महाँ कोइदुःख नदे पीर नदे अव भानी मानी माहावसौं भनीकन आफनो गाउँ जिल्ला भितर महाँ मा पो मा ग्यो अव सुभो भलो कुसला गरी दिनु तिम्लाई सेवा सेर्कीम् गरी दियो एका आटा लम्वरको सङ्गे झाँझी ।[14]

यसरी कागतेहरू आफनै पारम्परिक रूपमा कुल देवता बोलाउने र पूजा गर्छन् ।

नेपालका हरेक ठाउँमा स्थानीय देवी देवताको ठूलो भूमिका रहेको हुन्छ । स्थानीय या लोक देवी देवतालाई प्रजा आराधनाद्वारा खुशी पार्न सकेन भने त्यहाँका मानिस र घरपालुवा वस्तुहरूले नानाथरी दुःख पाइरहेका हुन्छन् । यस किसिमका लोक देवी देवताहरूलाई लामा र झाँक्रीले बोलाएर पूजा गरेर खुशी पार्न सक्छन् । जस्तैः–

ठारे महाकाली देवी वितालि महादेउ, भूमे देवी, पाँच पाण्डु, भीमासुरी भीमसेन देउता, रम्बुले देवी, सिकारी गनेस देउता, कालिन्चोक कालीमाई देउता सिदी कैलास देउता, बउला पोखरी, वाले पोखरी, सिकारी, सेवा मेरो दुनियाँ दर्को लागि सुभो भलो कुसलभाई आओस् यत्ति आउने जन्त भितर माहा कोई दुख नहोस् पीर नहोस् भनी देउ-देउता पूर्व पश्चिम उत्तर दखिन देउताको नमस्कार सेवा गरी लियो पहरावनावासी वाला ढ्याङ्गेको हो सेवा गरी लियो कोइ आफनो जन्त वितर माहा दुख पीर देला भनी बेटी घाटी गरी सेवा मेरो ठूलो गरी लियो भगुवारको जही कृपया होस् ।[15]

यो झाँक्रीले लोक देवी देवतालाई पर पुकारा गरेको कुरा भयो । लामाले पनि आफनै पाराले बोला-उँछ तापनि त्यसमा मूलभूत कुरा भने माथि देखाइएकै हुन्छ ।

धामी एकै किसिमको हुने कुराको जानकारी पाइएको छ । लामा र झाँक्रीले कुल बोलाउने गर्छन् । सेंबुम्बासेलाई पुम्वासे, थामी पुम्वासे काङ्ग्रो ठुङ्वे चाइँ सिकारी लुङ्ला ठुङ्वे सीमेभूमे नाका राजा नाका रानी हो सीता धाइ हो गनेस हो सत्यवाजी हो, वीरा गुरु हो दारे गुरु हो माहा गुरु हो सिम्देन गुरु हो सत्यवाजीमा चली जाउन खेली जाउन अम्बुर खोला तम्बुर खोला सप्तसुभाइ चन्दरभाइ गुप्तेश्वरी महासुरी गंगाजाहाल थला जाला, गुरुजाला, आफना-नुनी चेलोभालो चरी आओ होई सिर खेली आउ पाउचाली आउ, गंगा जाला हो, महा कुण्ड छेटा कुण्ड, देवा कुण्ड, सिम्दिन गुरु, देवखनी तिमी राजा हो देवा रानी हो चारै दिशा हो देवा राजा देव रानी हो सिराचली आउ, पाउचाली आउ सेवा सेर्कीम खाजाभु-जामा यसै आजु गर गृहिया मन्दिर मानी निम्तो मायो, चाली जाउन, खेली जाउन जन्तभितरमा सुभो गरी लिउँ, भोलो गरिलिउँ भनीकन हो सत्य-बाजीमा बिसासचे, हो आइतर द्यू भनीकन हो चेलो भालोलेवर माग्यो पुकर माग्यो सरसती हो, वृहसपति हो गंगाजल हो, आकाशको चंद्र सूर्य देव-राजा हो पतालको सूर्जे नाक हो आकाशको भगवाती नारायेण लक्षमी हो तिम्रो चेलो भालो वलमाग्यो पुकर माग्यो चंद्र सूर्जे भगवाती कृष्ण हरि भगवान्को चेलो भालो ले जय भगवती कृष्ण भगवान्को गाजावाजा डोलो ढ्याङ्ग्रो वजाई लियो तिमीले नी आजुओको दीन पर्वा मिति दिखि उपै गर्दा के हो कसो सुभोभालो कुसल्मा कासो हुने हो के हुने हो चारै ढोका चारै दिशा देव राजा देवरानी जय कुलाइन्को मानीमाहा कुण्डमा देवा कुण्डमा क्षत्र गुम्वामा सुना गुम्वामा मो खेली जाने हित्त चित्तको द्यौता राजा मेरी गुरु मेरी रानी हों होपराजा हों होपरानी हो देवराजा हो देवरानी हो तिम्रोरी चेलोभालो कुसल भलो केहे कासो हुने हो की यसै मन्दिरमा सुभो भलो मा मानेकोदी वम्भोजीमम्म सुनढोका साँची देवा देवानी साँची नयाँ द्यौता साँची आइत्तचारे साँची वुधवारे साँची चारै-

१४. सङ्गे झाँक्रीबाट प्राप्त जानकारी

१५. सङ्गे झाँक्रीबाट प्राप्त जानकारी

ढोका खेली ढोका खेली जाने देवराजा मेरो कुलुहु द्यौता साची हो मेरो वसी देनुपर्छ आफनु चेलोभालो महा तिमीले सुभो गरीदेउ भलो गरिदेउ सत्य जीवनमा वसौदेओ तिमी भनीलेको मनचित्त वुझाइ दिनु भो भनी हीकन गुरुराजा मेरो सरसती हो बसैले ओ चारै ढोका खेली जाने देव हो राजा साची ही वसी खेली ही जाउन चली होइ जाउन सुभो भलोमा कुसल गरिदेउ भाउवसतु चौपायामा दुख नदे पीर नदे सुभो गरिदेउ वल गरिदेउ मेरो नी हो जन्तभित्रमा जरौपरौ खोकी धम्की नदिनु तिमीले सोला पाँजा नदिनु नी तिमीले नी आजु का नी दिन पर्वा मिति दिखी विदावारी हुनुपर्छ देवराजा देवरानी कुलुराजा को लोभानी मान्ने गुन्ने देवराजा हो कुलो राजा हो गुरु राजा हो सुभो भलोमा चेलोभालोको ज्ञान विद्यमा गुरु राजाले दिई लिएकोमा मधुवनका मधु दैत्यानिको हो वारो उतपति भइ लिएको वोकसी दैनी आखी अहा डिस्टाको भूत मारौं भेत मारौं चारै ढोका दिशा मारौं जही कृष्ण भगुवान्को वाचाले मारौं र आफनु हुग्मान विद्यवाट अगेनी राजा जल रानीको वाचाले फोरमन्तर कि वाचा सफुङ विफुङ किवाचाले धोल करौं होम जग्ये कृष्ण भगुवान् की कृष्णको शक्ति मेरोभक्ति जही भगुवान्को रक्षे (रछे)[16]

कागतेमा देवाली गर्ने परम्परा पनि छ। उनीहरू सबैभन्दा पहिले आवाहन गर्छन्।

मूलको सुङतामु नेमु छचोम्वो वंगी लायो वंगी टोलमा छचोम्यो गोवक्वी लामो गोवक्की क्यालमो ढल्की तोक्यता तातिदिङ सेवा सेर्कीम दाकुइतो पदादातिन् की तोप्ताको सुङ लामो छ्युम्वो तेम्ला सेवा सेकीम् सेवा ङाइ दी चेलो भालो नाङला नमस्कार सेवा।[17]

कागतेको देवालीमा कुल देवता बुझाउनको लागि ७ पाथी ७ माना ७ गेडा चामल पकाउनु पर्छ र चढाउनुपर्छ। बाख्रा, कुखुराको भालेको भोग दिइन्छ। त्यसमा गच्छेअनुसार भेटी चढाई पूजाआजा समेत गरिन्छ। पूजा गर्ने ठाउँमा पीठोको रेखी हालिन्छ।

सु भो	राजा	दोवा	सीवा खोलो	
भ लो	तोर्मा अक्सुभ	तोर्मा ३	गी	मावुङ
कुसल	तोर्मा ३	मावुङ तोर्मा	स्वोल्वो	धनु काँड
गरी दिनु	भाले पूजा	फुल पूजा	बाख्रा पूजा	सेर्कीम पूजा

१६. सङगे झाँक्रीबाट प्राप्त जानकारी

१७. पूर्ववत्

पूजाकै सन्दर्भमा तलको मन्त्र पढेर प्रार्थना गरिन्छ–

दतीन् कोतोपल्का दकुइ तोप्ता ख्यानी तोर्मा तिम्की तोप्ता मावुङ कुइ तोप्ता रक्षेछिमा पेदो कोलङ माजे ठोलोङ माजे सेवा सेर्कीम गइदीं सेवा सेर्कीम जय भगवान् रक्षे गर्दो जय भगवान् की सुखशान्ति नमस्कार ।[18]

कागते सेतो गहुँको न्वागी खान्छन् । सबैभन्दा पहिले गहुँ भुटिन्छ । त्यसपछि पीठो पीध्ने र पानीमा मुछ्ने, मूल ढोका र थाममा पूजा गर्ने, कुल देवतालाई सेर्कीम गर्ने, बस् न्वागी सकिन्छ । अन्य कुनै अन्नको पनि न्वागी खाइँदैन ।

कागतेहरू मुख्यतः आइतवारे, नर्याँ जेठावाजे, रावचे, भेडापुलेको पूजा गर्छन् र यी देवताहरूलाई हरबखतै मान्छन् ।

कागते पनि फागुपूर्णिमाको दिनदेखि नयाँ संवत् मान्छन् । उनीहरूका १२ महीना हुन्छन् जसलाई यसरी रेखाङ्कन गर्न सकिन्छ–

ये– फागुन (चिह्नः– बिरालो), डुक–चैत (चिह्नः– गरुड), ढुल – वैशाख (चिह्नः– नाक), तक – जेठ (चिह्नः– घोडा), वुह्लुवु – असार (चिह्नः – भेडा), टेः– साउन (चिह्नः– बाँदर), च्या – भदौ (चिह्नः– कुखुरा), रवी – असोज (चिह्नः– कुकुर), फक् – कार्तिक (चिह्नः– सुंगुर), च्यूवा – मंसीर (चिह्नः– मूसा), लङ – पुस (चिह्नः– गुरु), ता– माघ (चिह्नः– बाघ)।[19] यसलाई लोहसर पनि भनिन्छ ।

कागतेहरू मृत्यु संस्कार आफ्नै पाराले गर्छन् । यिनीहरू पनि घरमा नबाँच्ने अवस्थाको बिरामी भएपछि दशदान कर्म गर्छन् । कागतेहरू दशदानमा गाई दान गर्दैनन्, लामालाई पैसा दान गर्छन् । दशदान गर्दा चामल, मकैको मण्डल, जौ, तिल चाहिन्छ । लामा (थरी लामा)ले पूजा गर्छ । दानदक्षिणा गरेपछि दशदान कर्म सकिन्छ ।

मान्छेको मृत्यु भयो । त्यसपछि सबैभन्दा पहिले कुनै सामान छुटपुट होला र विधि बिग्रिएला भनेर पुरोहित ल्याइन्छ । कागतेहरूको पुरोहित माथि उल्लेख गरे झैं लामा नै हुन्छ । बजार (कपडा) बाट मूर्दा बेर्न सेतो कात्रो ल्याइन्छ । साइत हेरिन्छ । जोगिनी पऱ्यो या अन्य कुनै कारणले रोकटोक भयो भने मूर्दा गाड्न या जलाउन मशानघाटतिर लगिँदैन । मूर्दालाई विशेष किसिमले पूजा गरिन्छ । मूलतः बुद्धका समीपमा मृत आत्माको बास होस् भन्ने कामना सहित पूजा गरिन्छ । जीवित अवस्थामा त्यो समुदायले जे जे कुरा खान्छ मरेपछि मूर्दाका अगाडि ती सबै खाने कुराहरू राख्नुपर्छ । पुरोहित लामाले जाँड रक्सीले पितर्छन् । शंखघण्ट बजाइन्छ । दिन जुरेपछि र घरमा गर्नुपर्ने सबै काम सकिएपछि मूर्दालाई घाटमा लगिन्छ । कागतेहरू पनि भोटे, तामाङले जस्तै मूर्दालाई डाँडामा लान्छन् । चारपाटे चिता बनाएर त्यसमाथि मूर्दा राखिन्छ र छोराले दाग बत्ती दिएपछि शव जलाउन शुरू गरिन्छ । कसै कसैले मूर्दालाई गाड्छन् पनि । लाश जलिसकेपछि तिल, जौ र चामलको चितापिण्ड दिइन्छ ।

कागते समुदायमा कोरा बारेर बस्नु पर्दैन । योभन्दा पहिले लाश जल्दाजल्दैको बीच अवस्थामा लामाले तिल, जौ र दहीद्वारा यज्ञ गर्छन् । लाश जलिसकेपछि सबै मलामीहरू घरमा आउँछन् । ३,५ या १३ दिनमध्ये कुनै एक दिन अस्तु सेलाइन्छ । मृत्युको भोलिपल्ट ढिकुरो बनाउँछन् र लामाले त्यहाँ मरेको मान्छेलाई बोलाएर दैनिक खाइने कुराहरू दिन्छन् । मान्छेको मृत्यु भएपछि कालो ध्यावा गरिन्छ । दाजुभाइ, छोरी ज्वाइँहरू यसरी कालो ध्यावा गरेपछि चोखिन्छन् । उनीहरूलाई दशैं, तिहार, माघे संक्रान्ति जस्ता चाडपर्वहरू मान्न कुनै छेकवार हुँदैन– कालो ध्यावा गरेपछि ।

कागतेहरू कालो ध्यावाभन्दा अतिरिक्त अर्को ठूलो ध्यावा गर्छन् । यो ध्यावा वर्षदिनभित्र जहिले गरे

१८. रिन्जी लामाबाट प्राप्त जानकारी

१९. पूर्ववत्

पनि हुन्छ । यसमा पनि पुरोहित लामा नै हुन्छन् । यो ध्यावा गर्न निकै खर्च लाग्छ । चामल, तिहुन तरकारी, रक्सी, जाँड, कपडा र दानदक्षिणा त नभै नहुने सामान भैगए ।

घर नजीकै या अलिक पर मृत व्यक्तिका नाउँमा माने बनाइन्छ । घरमा आमा बा मध्ये दुवैजना वेग्ला वेग्लै समयमा परलोक भएका भए पहिले जसको देहान्त भएको हो उसैका नाममा माने बनाइन्छ र पछि आमा बा मध्ये दुवै जनाको अन्त्य भैसकेपछि दुइटैको नाममा एकै ठाउँमा माने बनाइन्छ । माने भनेको स्मारक जस्तो हो । माने बुद्धका मन्दिरकै आकारको बनाइन्छ । मानेमा बुद्धका आँखा कुँदिएका हुन्छन् । मानेको चार दिशामा तल लेखिएको मन्त्र लेखिएको हुन्छ ।

	मन्त्र
१. पूर्व दिशामा– स्याकतोर्जे सिम्वा–	ॐ
२. पश्चिम दिशामा– नवथाये–	ह्री
३. दक्षिण दिशामा– रिन्जीङ् ज्युङ् देन–	टम
४. उत्तर दिशामा– डोयेनं डुक–	अ

नयाँ बनाएको मानेलाई रातोमाटो र कमेरोले लिपपोत गरी सफा, सुग्घर बनाइन्छ । माने बनाएको ठाउँ अरू नै मानिसको जग्गा परेको रहेछ भने उसलाई लागेको मोल तिरी लालपूर्जा या रसीद समेत लिनु-पर्छ । माने बनाएको ठाउँको जग्गाका सम्बन्धमा पछि किचोला पऱ्यो भने मृत आत्माले शान्ति पाउँ-दैन भन्ने धारणा रहिआएको छ । मानेको चारैतिर उत्तीस या अरू कुनै पनि लामो काठमा लुङ्दरदज्यू (ध्वजा) राखेर गाडिन्छ । चारैतिर फूलको मालाको तोरण बनाएर घेरिन्छ । मानेमा नाङ्गो खुकुरी राखि-एको हुन्छ । भातको तोर्मा, जाँड, रक्सी, फलफलेदो चढाइन्छ । ७८ ओटा बत्ती बालेर पूजा आराधना गरिन्छ । मानेमा कार्ज सिद्धिएपछि मृत व्यक्तिकै छोराले पुरोहितलाई बोकी ध्यावा गर्ने घरसम्म पुऱ्याउँछन् । घरमा पुगेर भोज खाइन्छ । त्यसपछि बेलुका ध्यावा गरिन्छ । यो ध्यावा ३ दिनसम्म चल्छ । एउटा टेबुलमा तोर्मा बनाएर राखिएको हुन्छ । त्यहाँ रक्सीले पितर्दै पूजा आराधना गरिन्छ । यसरी ध्यावा गरेपछि मृत व्यक्ति मुक्त हुन्छ भन्ने धारणा रहिआएको छ । तेस्रो दिन पुरोहित लामाहरूलाई दान दक्षिणा दिएपछि साधारणत: ध्यावा सकिन्छ । कागतेहरू ध्यावालाई प्रमुख चाडका रूपमा मान्छन् ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

१७. लिखितम् ह्लासा कुति केरुं झोगा दिगर्चा वस्न्या तपसिल वमोजिमका १० पालाका थकालि वतिसको-टिका नेवार कस्मेरी महाजन गैह्र आगे गोर्षाको र भोटको लडाई हुन्या वेवस्ता भयो. तसर्थ हामी गोर्षाका महाजन र तिमि ह्लासा भोट गैह्रका महाजनहरू र गुम्वामा रहि धर्म गर्न्या लामाहरू स्मेतले वाचा वाधि धर्म गर्छौं. क्याहो भन्या गोर्षालि ञाहा भोटमा आई लडाञी गर्याको दिन तिमी यहां भोटका महाजनहरू र गुम्वामा बस्न्या लामाहरूको जियेधनमा वितोल पर्‍यो भन्या हामी गोर्षाका महाजनहरूले श्रीगोर्षा श्रीप्राइममिनि-ष्टर साहेवका हजुरमा विन्ति गरि तिमी भोटका महाजन र लामाहरूको धनजिय थामि वचाई दिउंला. भोटले हामी गोर्षाका महाजन गैह्रको धनजि-येमा वितौल पर्‍यो भन्या तिमी भोटका महाजन र गुम्वाका लामाहरूले भोट श्रीवडा अम्वा श्रीराजा लामाज्यू. श्रीचार काजिका हजुरमा विन्ति पारि वचाई देउ. इ कुरा हामी गोर्षाका महाजन गैह्रले गर्न सक्ये तौर. तिमी भोटका महाजन लामाका जीयधनमा. पर्‍यो भन्या. हामी गोर्षा महाजन गैह्रका जिम्मा भयो भनि श्री ह्लामचि भगवान् श्री छ्वास्कामनी श्री वौध श्री सिभु श्री षोदा. श्री धर्मसाछि राखि धर्मपत्रले लेषिदिञ्यौं— १

ह्लासाको —— —— —— ——

च्यानग्यापालाको थकाली काकिमा पालाको थकाली

बेखा रत्न— १ सिलबन्न— १

घगस्या पालाको थकाली छुसिग्या पालाको ऐं

कीर्त्ती— १ हर्ष— १

वीर— १ नागझोला पालाको ऐ

तेजवग सिं— १

घोडास्या पालाको ऐ लुहुस्यां पालाको ऐ

गजसुंदर— १ भिमनर्सिं— १

च्यांति पालाको ऐ— १ कुंपालाको ऐ वालकृस्न— १

ह्लाकं पालाका ऐ मानवीर— १ टौदुंस्या पालाको ऐ जान वीर— १

घिसिरत्नेन पालाको ऐ गोमाधंस्या पालाको ऐ

जैनर— १ सारंग— १

गधेस्या पालाको ऐ हरिनरसिं— १ पाटनको ऐ— १

असंपालाको ऐ भिमनारान— १ भादगाउंका थकाली— १

हवि दुल्लायान् कस्मेरि— १ छेंसेंको ऐ— १

महमद साह षनिवृकस्मेरि— १ असदुल्ला अंजन कस्मेरि— १

फक रुल्ला वेग कस्मेरि— १ अमिर मियां कस्मेरि— १

अकवरवट कस्मेरि— १ अहमतु कस्मेरि— १

अहमद हुसैन कस्मेरि— १ मिरअवदुल गनी कस्मेरि— १

समदुल्ला कस्मेरि— १ रजाक कस्मेरि— १

रहमदिन कस्मेरि— १ अवदुल्ला वावा कस्मेरि— १

समद बाबा कस्मेरि --	१		
डिगर्चाको -----	-----	-----	
फलेपालाको थकाली ---	१	जलालु दिन कस्मेरि--	१
अमिर साह कस्मेरि -	१	उमरजु कस्मेरि ---	१
कुतिको थकाली गोविन्द	----	----	१
केरुको थकालि लक्षीमन्	----	----	१
झोगाको थकालि मनिसुन्दर	----	----	१

यो लेखिया बमोजिमका मानिसले आपना-आपना नाउमा छाप सहि लायाको छ। ----- -----

माघवदि ८ रोज ५ मा

यस्तै बखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री कम्याण्डर कर्णेल षड्गबहादुर कुवर राणाजीबाट लेखि चह्राई पठायाको स्वास्नी मानिसहरूलाई महाभारत दक्षिण हेमालये उत्तर जान देउ बन्द भयाको बाटो नषोल्नु कोहि छलिढाचि भागि जान नपाउन भन्या ऐनको दस्षत पठाई बक्स्याको सो बमोजिम गौडा गौडा जिल्लाजिल्लामा उर्दि दिन्या काम गऱ्या तेस तरफ भोटमा चौरी भेदा गदाहा षचरहरू कति रहेछ. षसोषास तायेदान गरि रैतानको मुचुलका लेखि पठाई देउ भनि लेखि बक्स्याको दस्षत आइ पुगी मात्र मानिस पठाउन्या काम गऱ्या. तिनले जाचि तायदान गर्दा. भारि बोकन सकन्या जति ठहर्ला. मुचुल्का समेत हजुरमा चह्राई पठाउला लिस्तिमा रजुमलामा चाहिन्या रसद जाना. आड खलंगा. सबै तयार गरि सक्या ताहा तैले र सबै कुरा आहि साधि जवाफ गै कैह्लै तयार गर्लास. तसो म विस्तारि रहिछस. दुनीयाको आसे. वढिया रहेछ. अघि मधेसको रसद बोकाई.पछि गर्मिमा पाहाडको बोकाउन्या काम गर भनि लेखिबक्स्या का अर्थ. पाहाडको मात्र दरबन्दी लेखि आउदा र. मधेसको केहि लेषि नआउदा हजुरमा झिजो विन्ति चह्राई पठायाको. हो आहाको ताकितिलाई र. मधेस पाहाडमा तैयारि गऱ्याकै छ. मधेसको रसदलाई काजि हेमदलसीं थापा गयाका थिया. बिजैपुरमा जना गर्दैछन्. बिजैपुरबाट पनि आजसम्म रसद आउन्यै थियो सुबेदार अजप थापासंग धोकालाई टाप्देउभन्दा. आहाको टाट सबै हेटौडा पठाउनु भनि श्री ठाहिला जनरल साहेब बाट लेषि आयाको छ भनि टाट् चाडो नदिदा आजसम्म ढिल भयाको हो. अबर धोकालाई टाट् ३ हजार दियेछ तेस्को ९ हजार धोका हुन्छ. अरू पनि जो चाहिन्या. टाट् नीज सुबेदारसंग ली ढोका तयार गरि अबा ५।७ दिन देषि बिजैपुरबाट रसदका भारी चलन्याछ. बालुङचुमा. पनि षजाना गोदाम घर बनाई तयार भयो आड पनि बनाउन लागिरह्याछन् आहापनि असबाफ षजाना बनाउनु पर्दा बनाई तयार हुन लाग्यो ५।७ दिनमा यो पनि बालुङ-चुङ चलाउन्या काम गर्छु फागुनका आधिसम्ममा मधेसको रसद गैह्र र आहाका असबाफ षजानाहरू सबै बलाङचुङमा जमा होला ताहालाई मदत पुगेन भनि श्री सम्सेर दल पल्टन १ जमा इ चाहीन्या रैव-न्दी बमोजिम आहिबाट भर्ना गरि बाकिरह्याको ताहि लेषि पठाउला र ताहा भर्ना गर्लास् यो पल्टनलाई कपतान्. कुमेदान सुबेदार बाहेक. १२ साल बैशाष बदि १ रोज देषि रैबन्दी बमोजिम षानगीमा मैन्हाबारि जति दिनु पर्छ पल्लो किराट् कंपूका षेतको बालीले तलब बांदि दिनु भनि मर्जि आयो सिर चह्रायां अघिल्ला चिठीमा आधा-तहि भर्नागर्नु भनि लेषि बक्स्याको हो. भोलिपल्ट सबै आहि भर्ना गरि पठाउला भन्या मर्जि आया. तेस्मा गौडा कुटि मसित रहन्या २।४ धाक्रया पगरिहरू आहापनि छन्. इनहरूलाई केहि जगा राषि बक्स्या बुझाउन्या काम गर्दा हुँ जोमर्जि ताहा. रहन्या लस्करलाई वर्ष १ को चाहिन्या रसद पुऱ्याई आहाबाट कुटि केरुको बाटो जान्या लस्कर डिगर्चा पुग्दा आहाबाट चौडि भेदाहरूलाई बोकाई डिगर्चामा रसद कतिसम्म पुऱ्याउन सकलास् तजबीज गरि लेषन्या काम गर भनि लेषि बक्स्या अर्थलाई. चौडी भेदा लुनु सिज्याल. गदाहा. षचरहरू जांचन गयाका मानिस आईपुग्यापछि भारि बोकन्या. चौडि भेदा सिजाल. लुलु गडाहा षचरहरू जमा कति हुन्छन् तिनलाई बोकाई जतिसम्म पुऱ्याउनु सक्न्या तजबीज ठहरला चौडी भेदाहरूको हाजिर पठाउंदा येस कुराको पनि अनजाम् गरि हजुरमा विन्ति चह्राई पठाउंला. तेस गौडालाई छ तोप लैजानु भन्या ठहऱ्यो. ताहा कति छ

कति पठाई दिनु पर्छ. लेषि पठाउन्या काम गर भनि लेषि वक्स्याका अर्थ ४ पंनीमा. तोप. ४ ञाहा रहेछ येतिलाई चाहिन्या तोपपिछे जंगीगोला ३।३ सैर. गिराफ ३।३ सै. जगेरा धुरा तषना. पैञ्चा मैसराजाम स्मेत वनाई तयार भयाकोछ. अव ७ पंनिको १ ६ पंनिको १ ज्मा टोप २ र तेसलाई चाहिन्या गोल गिराफ मैसराजाम् गोलंदाज स्मेत पठाई वक्स्या वढिया होला केहि गरि हटिया च्यांटामा. भोट्याहरू आयो भन्या ति भोटलाई रसद नदिनु. गाउँमा आगो लगाई आफनु मालमत्ता ली वन पस्नु अन्यत्र सर्नु भनि दस्षत पठाई उर्दि दिनु भन्या र. हाम्रा इलाकाको वेपारी. महाजन. सिपाहिहरूलाई दोर्ज्येलिङ सुषिमका. अम्वलमा जान नदिनु भन्या दस्षत पठाई उर्दि दिन्या काम गऱ्या. मासिन्या भोटेनीहरू जना २ लाई मर्जि आया वमोजिम सिपाहिकासाथ लगाई माघ वदि ६ रोज४का दिन ञाहावाट रवाना गरि पठायाकोछ. हजुरमा दाषिल हुनन् वेरामी चाहि र वालुङचुङमा छ घाउ साह्रो छ भन्छन्. नीको भयापछि लीलाम गराइ दिउला. मुकाम धनकुटा शुभम्--

षामभित्र

उप्रांत चोर भोटेहरू जना २ भाग्याभा १ जना तमोरमा वगि मन्याछन् १ जना पार लागि गयेछ. भन्या-विस्तार अघि हजुरमा विन्ति चह्राई पठायाको हो. तेहि भाग्न्या चाहि चोर भोट्या हाम्रा इलाका मैवाषोलामा फेला पदी कपतान् भिमल आलेले पत्री ञाहा पठाई दिएछ. नीज चोर भोटे भागि जांदा तिष्रा मा चोयवोसल छेदयाको घाउ साह्रो भै हिंडन शक्तैन झेलखानामा कैद भै रहेछ. येस चोर भोटेलाई कसो गर्न्या हो. मर्जि आया वमोजिम गरौंला शुभम्--

माघवदि १० रोज ७ मा

ताहापछि श्रीप्राइममिनिष्टरवाट श्रीकम्याण्डर कर्णेल कृष्णध्वकुवर राणाजीलाई लेखि गयाको हुमला-जानेवाटो वन्द नहुज्याल रसद हुमला पठाउन्या काम गऱ्याका थियौं भन्या र वाटो वंद भयापछि दुल्लु दैलेख जाजरकोटको रसद छिनासिममा जुमला अछाम वाजुरा वझां थखहराको रसद गल्कामा डोटि तरफको रसद वझांमा जगेरा वांधि राख्याका छौं वर्षामा अनाज पनि नपाइन्या. टाढाको रस्ता. वर्षामा. षोलानालाले पनि रोकन्या. हुनजालाकि भन्या वेहोराले छिनासिम. गल्फा. वझांमा जगेरा वाध्याका छौ भन्या विस्तारसमेत जो भयाको विस्तार लेखि षठाउन्या काम वढीया गऱ्याछौं दाङदेउ-षुरिमा ११ हजारको रसद ज्मा गर्नु भन्या कप्तान जवर कार्की.वाहाका भलाआदमी रयेतका नाउमा दस्षत भै आयाको रहेछ ११ हजारको रसद सल्ल्यानामा वन्दोवस्त गऱ्याका छौं. तिरस्ताका गाउलाई. तिनका घरले वोकन्या गोदाममा कुपन गरिदिया. रसद पारि पुगिस-कैनकि भन्याझैं लाग्छ. मुलुकलाई १ मेरा नाउको १ दस्षतको मसौदा गरि चह्राई पठायाको छ. तजवीजले जो ठहर्छ भनि लेष्याका कुरालाई. तिमीले वढीया तजवीज गऱ्याका रह्याछौ. ताहावाट आयाका दस्षतमा छाप गरि. यसै चिठीमा षामि. दस्षत २ पठाई दियाका छन्. पुग्नन्. चैत्र महिनासम्म तिमीहरूलाई डेढ वर्षसम्मलाई खान पुग्न्या गरि वरावर रसद ज्मा गर्नु. पल्टनलाई पायिनम्वुका वषुदोचा तयार गर्नु भन्या उर्दि दिनु. ताराहांन सिकाउनु. वाटो खुल्यापछि वैशाष ज्येठमा सायेतको कागज र वढनु भन्या. हाम्रो चिठी नआउ-जीसंम. आफुलाई चाहिन्या रसद षजाना गैह्रको ताकि-तिगरि ज्मा गरि राषन्या काम गर्नु र पछि उस्का मुलु कमा पयेड दियापछि आफुलाई कोनै कुराको मुस्कील पर्न जान्दैन. सो वुझी चाहिन्या कुराको ताकिता गर्नु ञाहावाट लेषि गया वमोजिम नाकला षारका ढेवालाई चिठी लेखन्या र चावलले नुन साटन्या कुरा वन्द गर्न्या र राजारजौटालाई उर्दि दिन्या काम वढीया गऱ्या छौ. हामीले रसद पल्टनलाई दिंदामा जो भाउ लियो. सो भाउ दिन्या हो जो मर्जि भनि लेख्याका कुरालाई रसद षरिदलाई. अघि पचास हजार रुपिञ्चा गयाका हुन्. ति रुपैयाका षरिदले ताहाका फौजलाई डेढ वर्षसम्मलाई रसद पुगि सकदछ भन्या दुनियालाई रसदको टंटा नगर्नु. तेहि षरिद गऱ्याको रसद दुनीयालाई झारा गरि वोकाउन्या काम गर्नु ति रुपियाका षरिदले डेढ वर्षलाई रसद पुगी सकदैन भन्या. ञाहाका तजवीजका सर्वत्र मुलुकलाई भयाका रसदका वेहोराको. दस्षतका नकल पठायाकोछ. तिम्रा

तजवीजमा तेस तरफलाई तेहि तजवीज ठहर्छ. तापनि. अर्कै बेहोरा ठहर्छ तापनि तिम्रा तजवीजले गर्नु मंजुर छ. तिमीले अघि षरिद गर्दा क्या भाउले. षरिद गऱ्याका छौ. पछि क्या भाउमा षरिद गर्न्या छौं. अघिका षरिदिको र पछिका षरिदकी. दुवै पटकका षरिदीको मेजामीलाई क्या भाउ ठहर्दछ. सो भाउमा दिन्या काम गर्नु. झारा गरि. वोकि ल्याथाका रसदमा ज्याला मजुरी कट्टा हुन्दैन. ताहादेषि कसर वढी जांदा. रसद झारालीले नपुगि ज्याला मजुरी लैजानु पऱ्यो भन्या ज्याला मजुरिको हिसाप कट्टा-गरि भाउ ठेकि दिन्या काम गर्नु शुभम्--

(क्रमशः)

ABOUT THE AUTHORS

Dr. Dipak Raj Pant	—Lecturer, Central Department of Anthropology/ Sociology, T. U., Nepal
Mr. Tara Nanda Mishra	—Chief Archaeological Officer, Department of Archaeology, H. M. G., Nepal
Mr. Gyan Mani Nepal	—Research Scholar, Nepal
Mr. Raja Ram Suvedi	—Assistant Lecturer, Central Department of History, T. U., Nepal
Mr. Bhoop Hari Paudel	—Editor, Janak Education Material Center Ltd. Nepal

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनु पर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.